# बार्षिक प्रतिबेदन २०८०/८१

लुम्विनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय, भालुवाङ दाङ

# विषय सूची


१. लुम्विनी प्रदेशको परिचय.......................................................................- ३ -
पृष्ठभूमी .......................................................................- ३ -
भौगोलिक अवस्थिति.......................................................................- ३ -
राजनीतिक तथा प्रशासनिक विभाजन .......................................................................- ३ -
जनसांख्यिक विवरण.......................................................................- ३ -
जनसंख्या, क्षेत्रफल जनघनत्व र जनसंख्या बृद्धिदरः.......................................- ४ -
राष्ट्रिय जनगणना २०७८ अनुसार जनसांख्यिक पिरामिड .......................................- ५ -
२ लुम्विनी प्रदेश स्तरीय स्वास्थ्य संस्थाको संगठन संरचना.......................................- ६ -
प्रदेश तहका स्वास्थ्य संस्थाहरु.......................................................................- ६ -
जिल्ला अनुसारका स्वास्थ्य संस्थाहरु .......................................................................- ७ -
सरकारी स्वास्थ्य संस्था अन्तरगतका सेवा केन्द्रहरु.......................................- ७ -
बैकल्पिक तथा आयुर्वेद सेवा तर्फ .......................................................................- ८ -
३ परिवार स्वास्थ्य कार्यक्रम.......................................................................- ११ -
३.१ राष्ट्रिय खोप कार्यक्रम.......................................................................- ११ -
३.२ नवजात शिशु तथा वाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम (IMNCI).....- ३३ -
३.३ पोषण कार्यक्रम.......................................................................- ४३ -
३.४ सुरक्षित मातृत्व कार्यक्रम.......................................................................५८
३.५ परिवार योजना कार्यक्रम.......................................................................७३
३.६ सुरक्षित गर्भपतन सेवा.......................................................................७९
३.७. किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य.......................................................................८८
३.९ गाँउघर क्लिनिक र महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम.........................९८
४ : महामारी तथा रोग नियन्त्रण कार्यक्रम .......................................................................१०४
४.१ क्षयरोग नियन्त्रण कार्यक्रम .......................................................................१०४
४.२. एचआईभी./एड्स तथा यौनरोग.......................................................................११४
४.३ औलो निवारण कार्यक्रम .......................................................................१२४
४.४ कालाजार .......................................................................१२९
४.५ डेंगु नियन्त्रण.......................................................................१४०
४.६ स्क्रब टाइफस.......................................................................१४४
४.७ हात्तीपाईले निवारण कार्यक्रम.......................................................................१४७
४.८ कुष्ठ रोग निवारण तथा अपाङ्गता व्यवस्थापन कार्यक्रम.........................................१५१
**५.उपचारात्मक सेवा**.......................................................................१६१
५.१ अस्पताल सेवा .......................................................................१६१
५.२ स्वास्थ्य विमा .......................................................................१८८
५.३ सामाजिक सुरक्षा कार्यक्रम .......................................................................१९१

६. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापनः............................................................. १९९
७.प्रदेश जनस्वास्थ्य प्रयोगशाला...................................................................... २१२
८.स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश............................................................ २१८
........................................................................................................ २१९
९.आयुर्वेद तथा वैकल्पिक चिकित्सा................................................................ २३०
१०: Performance Evaluation ..................................................................... २५६
११.लुम्बिनी प्रदेशमा  स्वास्थ्य सम्बन्धी कार्य गरिरहेका विकास साझेदारहरू....... - २६८ -

# १. लुम्बिनी प्रदेशको परिचय

## पृष्ठभूमी

लुम्बिनी प्रदेश नेपालको संविधान २०७२ ले वि. स. २०७२ असोज ३ मा नेपाललाई ७ प्रदेशहरूमा विभाजन गरेपश्चात बनेका प्रदेशहरु मध्ये एक हो। यो प्रदेश नेपालको क्षेत्रफल र जनसङ्ख्या दुवै हिसाबले तेस्रो ठूलो प्रदेश हो। यस प्रदेशको उत्तरमा गण्डकी प्रदेश र कर्णाली प्रदेश, पश्चिममा सुदुरपश्चिम प्रदेश, दक्षिणमा भारतको उत्तर प्रदेश र बिहार रहेको छ ।प्रदेश सभाले मिति २०७७ साल असोज २० गते यस प्रदेशको नाम लुम्बिनी प्रदेश र स्थायी राजधानी देउखुरी घोषणा गरेको थियो ।

## भौगोलिक अवस्थिति

लुम्बिनी प्रदेश २७° २०' ०७" उत्तरी अक्षांश देखि २९° उत्तरी अक्षांशसम्म र ८१° २१' पूर्वी देशान्तर देखि ८४° ०२' पूर्वी देशान्तर सम्म फैलिएको छ।नेपालको कुल क्षेत्रफल मध्ये १५.१४ % भु- भाग ओगटेको यस प्रदेशको कुल क्षेत्रफल २२,२८८ वर्ग कि.मि. रहेको छ । राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्र बाहेक यस प्रदेशको क्षेत्रफल १७८१० बर्ग किलोमिटर रहेको छ । यस प्रदेशमा उच्च हिमाली भु-भागले ३.१% हिमालले ९.१% मध्ये पहाडले ३२.२% शिवालिक क्षेत्र २७.९% र तराई क्षेत्रले २७.६% क्षेत्रफल ओगटेको पाईन्छ। यो प्रदेशमा १ हिमाली, ५ पहाडी र ६ तराईका जिल्लाहरू रहेका छन्।

## राजनीतिक तथा प्रशासनिक विभाजन

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचानामा नेपाललाई ७५३ स्थानीय तह ७ प्रदेश र संघीय सरकारको रूपमा विभाजन गरिएको छ। ७ प्रदेश मध्येको १ प्रदेश यस लुम्विनी प्रदेशमा १२ जिल्ला रहेको छ र जसमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी जम्मा १०९ वटा स्थानीय तह र ९८३ वटा वडा रहेका छन्। त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि २६ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ५२ निर्वाचन क्षेत्र रहेका छन्। प्रदेश सभामा समानुपातिक ३५ सहित कूल ८७ सदस्य रहन सक्ने संवैधानिक प्रावधान छ।

## जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशमा ११ लाख ४१ हजार ९०२ घरपरिवारमा कूल ५१ लाख २२ हजार ७८ जनसंख्याको बसोबास रहेको छ । पछिल्ला दुई जनगणना २०६८ र २०७८ को वीचमा यस प्रदेशको औसत वार्षिक जनसंख्या वृद्धिदर १.२४ प्रतिशत रहेको छ । यो वृद्धिदर नेपालको कूल औसत वार्षिक जनसंख्या बृद्धिदर भन्दा ०.३२ प्रतिश विन्दुले वढी हो ।

**जनसंख्या क्षेत्रफल जनघनत्व तथा जनसंख्या वृद्धिदरः**

जनसंख्याको हिसावले यस प्रदेशका तराईका ६ जिल्लामा मात्र करिव ७८% जनसंख्या बसोबास गर्दछन् भने १ मात्र हिमाली जिल्ला रुकुमपूर्वमा १.११% जनसंख्या बसोबास गर्दछन् । जनघनत्वको हिसावले यो प्रदेशको सवैभन्दा बढी जनघनत्व भएको जिल्ला रुपन्देही रहेको छ भने सवैभन्दा कम जनघनत्व भएको जिल्ला रुकुम पूर्व रहेको छ ।

## जनसंख्या, क्षेत्रफल जनघनत्व र जनसंख्या बृद्धिदरः

| जिल्ला | कूल जनसंख्या | प्रदेशको कूल जनसंख्याको % | क्षेत्रफल (वर्ग कि मि) | जिल्लागत क्षेत्रफलको अंश | जनघनत्व | वार्षिक जनसंख्या वृद्धिदर (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| रुकुमपूर्व | ५६७८६ | १.११ | ६३४.८८ | ३.६ | ८९ | ०.६३ | |
| रोल्पा | २३४७९३ | ४.५८ | १२९७.४९ | ७.३ | १८१ | ०.४३ | |
| प्यूठान | २३२०१९ | ४.५३ | १६५१.१७ | ९.३ | १४१ | ०.१६ | |
| गुल्मी | २४६४९४ | ४.८१ | १४६१.९ | ८.२ | १६९ | -१.२३ | |
| अर्घाखाँची | १७७०८६ | ३.४६ | १२३९.०८ | ७.० | १४३ | -१.०५ | |
| पाल्पा | २४५०२७ | ४.७८ | १११०.७६ | ६.२ | २२१ | -०.६१ | |
| नवलपरासी पश्चिम | ३८६८६८ | ७.५५ | ११६१.१३ | ६.५ | ३३३ | १.४७ | |
| रुपन्देही | ११२१९५७ | २१.९० | १८८५.४१ | १०.६ | ५९५ | २.३३ | |
| कपिलबस्तु | ६८२९६१ | १३.३३ | १३२०.९३ | ७.४ | ५१७ | १.७० | |
| दाङ | ६७४९९३ | १३.१८ | ३०५९.८१ | १७.२ | २२१ | १.९२ | |
| बाँके | ६०३१९४ | ११.७८ | १८८२.२७ | १०.६ | ३२० | १.९७ | |
| बर्दिया | ४५९९०० | ८.९८ | ११०५.३६ | ६.२ | ४१६ | ०.७२ | |
| **लुम्बिनी प्रदेश** | **५१२२०७८** | **१००** | **१७८१०.१०** | **१००** | **२८८** | **१.२४** | |

# राष्ट्रिय जनगणना २०७८ अनुसार जनसांख्यिक पिरामिड

चित्र नं. १ लुम्बिनी प्रदेशको जनसाँख्यीक पिरामिड




स्रोतः राष्ट्रिय जनगणना २०७८

# २ लुम्बिनी प्रदेश स्तरीय स्वास्थ्य संस्थाको संगठन संरचना

## प्रदेश तहका स्वास्थ्य संस्थाहरु

लुम्बिनी प्रदेशको स्वास्थ्य सेवा प्रणालिको नेतृत्व स्वास्थ्य मन्त्रालयले गरेको छ । जस अन्तरगत प्रदेश स्तरका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र र प्रदेश जनस्वास्थ्य प्रयोगशाला रहेका छन् भने स्वास्थ्य निर्देशनालय मातहत जिल्ला स्तरमा १२ स्वास्थ्य कार्यालय, १४ प्रादेशिक अस्पताल, १२ आयुर्वेद स्वास्थ्य केन्द्र र १ प्रादेशिक आयुर्वेद चिकित्सालय रहेको छ ।



## जिल्ला अनुसारका स्वास्थ्य संस्थाहरु

तालिका नं. १ स्वास्थ्य संस्थाहरु विवरण

| जिल्ला | सरकारी अस्पताल | आधारभुत अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | सामुदायिक स्वास्थ्य ईकाइ | शहरी स्वास्थ्य केन्द्र | आधारभुत स्वास्थ्य सेवा केन्द्र | निजी अस्पताल |
|---|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | १ | ० | १ | १५ | ० | ० | १५ | |
| रोल्पा | २ | १ | २ | ४८ | ३८ | ५ | २२ | |
| प्यूठान | १ | ० | २ | ४६ | २६ | ८ | १६ | |
| गुल्मी | १ | ० | ४ | ७६ | ३८ | ४ | १५ | |
| अर्घाखाँची | १ | ० | २ | ३९ | ११ | २३ | १९ | |
| पाल्पा | २ | ० | २ | ६२ | ३३ | ९ | ९ | |
| नवलपरासी | १ | २ | १ | ३६ | ३ | ४ | २८ | |
| रुपन्देही | २ | २ | ५ | ६२ | २ | १२ | ५४ | |
| कपिलबस्तु | १ | २ | २ | ७२ | ३ | ६ | १६ | |
| दाङ | २ | १ | २ | ३९ | १३ | ३३ | २९ | |
| बाँके | २ | २ | ३ | ४३ | ४ | ७ | २७ | |
| बर्दिया | १ | ३ | २ | २९ | ० | ३ | ४२ | |
| **जम्मा** | ३१ | १३ | २८ | ५६७ | १७१ | ११४ | २९२ | |

*स्रोत : वार्षिक स्वास्थ्य समीक्षा कार्यक्रमको प्रस्तुतिकरण*

## सरकारी स्वास्थ्य संस्था अन्तरगतका सेवा केन्द्रहरु

| | | | |
|---|---|---|---|
| गाउँघर क्लिनिक | १९२८ | ART Site | १६ |
| खोप क्लिनिक | २८८३ | HIV Testing and Counselling Sites | २० |
| म.स्वा.स्व.से. | ८९१८ | OTC site | २७२ |
| बर्थिङ्ग सेन्टर | ४३५ | EWARS sentinel site | २२ |
| BEONC | ४४ | OTC site | २७२ |
| CEONC | २५ | EWARS sentinel site | २२ |
| ५ वटै परिवार नियोजन साधनको सेवा उपलब्ध भएका स्वास्थ्य संस्थ | २९२ | सुरक्षित गर्भपतन सेवा केन्द्र | ३०५ |

## बैकल्पिक तथा आयुर्वेद सेवा तर्फ

तालिका नं. २ बैकल्पिक तथा आयुर्वेद सेवा तर्फ

| जिल्ला | प्रादेशिक चिकित्सालय | आयुर्वेद स्वास्थ्य केन्द्र | स्थानीय तहका आयुर्वेद औषधालय | जम्मा संस्था |
|---|---|---|---|---|
| रुकुम पूर्व | ० | १ | ० | १ |
| रोल्पा | ० | १ | २ | ३ |
| प्यूठान | ० | १ | ३ | ४ |
| गुल्मी | ० | १ | ५ | ६ |
| अर्घाखाँची | ० | १ | २ | ३ |
| पाल्पा | ० | १ | ७ | ८ |
| नवलपरासी पश्चिम | ० | १ | ४ | ५ |
| रुपन्देही | ० | १ | ६ | ७ |
| कपिलबस्तु | ० | १ | ४ | ५ |
| दाङ | १ | १ | ४ | ६ |
| बाके | ० | १ | ५ | ६ |
| बर्दिया | ० | १ | ४ | ५ |
| **लुम्विनी प्रदेश** | **१** | **१२** | **४६** | **५९** |

लुम्विनी प्रदेशको आ ब २०८०।८१ को वार्षिक समिक्षामा गरिएको लमही घोषणाः

## लमही घोषणापत्र -२०८१

**(प्रदेश स्तरीय वार्षिक समिक्षा २०८०/०८१)**

लुम्बिनी प्रदेशको आ.व.२०८०/०८१ को स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समिक्षा, विभिन्न अध्ययन तथा अनुसन्धानहरुको निष्कर्षको आधारमा, यस प्रदेशमा मातृ तथा नवजातशिशु मृत्युदर उच्च रहेको, महिला तथा वालवालिकाहरूको पोषणको अवस्था कमजोर रहेको, डेंगु, मलेरिया, कुष्ठरोग जस्ता सर्ने रोगहरु र नसर्ने रोगहरुको दरमा समेत बृद्धि भईरहेको र समय समयमा देखिने महामारीको अवस्थालाई मध्यनजर गर्दै चालु तथा आगामी आर्थिक वर्षमा उक्त समस्याहरुलाई उच्च प्राथमिकतामा राखी सम्बोधन गर्न हामी सरकारी, गैह्र सरकारी र निजी क्षेत्र लगायत स्वास्थ्य क्षेत्रमा कार्य गर्ने सम्पूर्ण सरोकारवालाहरू बीच तपसिल बमोजिमका बुँदाहरु कार्यान्वयन गर्न प्रतिबद्ध रहेको घोषणा गर्दछौं।

१. चिकित्सक र स्वास्थ्यकर्मीको स्थायित्वको लागि प्रोत्साहान भत्ता, वित्तिय तथा शैक्षिक संस्थाहरुसंगको सहकार्यमा सहजिकरण तथा संघ, स्थानीय तह र विकास साझेदार संस्थाहरुसँग क्षमता अभिवृद्धि तथा वृत्ति विकासमा सहकार्य गरिनेछ।

२. बढ्दो मानसिक स्वास्थ्य समस्या, नसर्ने रोग, लागू औषध दुर्व्यसनी, सुर्ति तथा मदिरा जन्य पदार्थको नियमन नियन्त्रण, यौन तथा प्रजनन स्वास्थ्य जस्ता समस्याहरूको सम्बोधनका लागि नविनतम क्रियाकलाप र अभियानको संचालन गरिनेछ साथै स्थानीय तह तथा विकास साझेदारसँगको समन्वयमा समुदाय तथा विद्यालयमा रोमिङ नर्स कार्यक्रम संचालन गरिनेछ ।

३. विभिन्न स्वदेश तथा विदेशका विश्व विद्यालयमा अध्ययनरत विद्यार्थीहरु तथा विश्वविद्यालयको समन्वयमा लुम्विनी प्रदेशमा विद्यमान जनस्वास्थ्यका समस्याहरुको शोध अध्ययन कार्यलाई प्रेरित गर्न शोध तथा अनुसन्धान कार्यका लागि वजेट व्यबस्था गरिनेछ ।

४. प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ लाई संशोधन गरी प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम जिल्ला स्थित स्वास्थ्य कार्यालयमार्फत सिफारिस हुने व्यवस्था मिलाईनेछ ।

५. अस्पताल र स्वास्थ्य संस्थालाई शान्ती क्षेत्र घोषणा कार्यक्रमको प्रकृया अगाडी बढाईनेछ ।

६. अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीको आवास व्यवस्थापन सम्बन्धी कार्यविधी निर्माण गरी लागू गरिनेछ ।

७. अस्पताल र स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाको आधारमा शुल्क एकरूपता कायम गर्न मूल्य निर्धारण गर्न प्रकृया अगाडी बढाईनेछ साथै प्रदेश अन्तरगतका अस्पतालहरुबाट गर्भवती महिलाहरुको परीक्षण, निदान तथा उपचार पूर्ण रुपमा निःशुल्क गरिने व्यबस्था मिलाईनेछ ।

८. स्वास्थ्य संस्थालाई आवश्यक पर्ने गुणस्तरीय औषधीको निरन्तर उपलब्धताका लागि वितरण प्रणाली सुद्धिढिकरण गरिनेछ । प्रदेशका सवै आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सशुल्क फार्मेशी संचालनका लागि वीउँ पूँजीको व्यबस्था गरिनेछ ।

९. प्रदेश स्वास्थ्य बीमा संयोजन समिति गठन तथा लुम्बिनी प्रदेश मातहतका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई अनिवार्य स्वास्थ्य बीमा गर्ने र राष्ट्रिय नीति अनुरुप औपचारीक क्षेत्रलाई समेट्ने गरी स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ ।

१०. अस्पताल, स्वास्थ्य कार्यालय तथा आयुर्वेद संस्था प्रमुखहरूलाई अस्पताल र संस्था व्यवस्थापन, नेतृत्व विकास, जनसम्पर्क, प्रविधिको प्रयोग, स्वास्थ्यकर्मीहरुलाई गुणस्तरीय सेवा प्रवाह सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

११. निजी अस्पताल, क्लिनिक र स्वास्थ्य संस्थाहरुको गुणस्तरीय र प्रभावकारी सेवामा सहजिकरण तथा विपन्न नागरिक निःशुल्क सेवाको सुनिश्चितताका लागि नियमन र व्यवस्थापन गरिनेछ ।

१२.स्वास्थ्य मन्त्रालय,अस्पताल र स्वास्थ्य संस्थाहरूको अभिलेखीकरण (संस्थागत स्मृती)लाई चुस्त दुरुस्त अद्यावधिक गरी कार्यालय प्रमुख र निर्दिष्ट शाखाले व्यवस्थित गरी राख्ने र अभिलेख अनिवार्य हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ ।

१३.सडक दुर्घटना न्यूनिकरणका लागि स्थानीय तह, ट्राफिक प्रहरी र सरोकारवाला निकायहरुसंग समन्वयात्मक रुपमा जनचेतना मुलक कार्यक्रम तथा लामो तथा मध्यम दूरीका सवारी चालकलाई राजमार्ग छेउ छाउमा साझेदार संस्था संगको सहकार्य (PPP Model) मा रिफ्रेशर केन्द्रको व्यबस्थापनका लागि समन्वय गरिनेछ ।

१४.सरकारी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मिले प्रदेश निजामती सेवा ऐन २०८० र नियमावली २०८१, स्वास्थ्य सेवा ऐन २०५३, स्वास्थ्य सेवा नियमावली २०५५, जनस्वास्थ्य सेवा ऐन २०७५ बमोजिम पूर्व स्वीकृती बिना सेवा नगर्ने र कार्यालय समय बाहेकको समयमा निजी स्वास्थ्य संस्थामा स्वीकृती लिई सेवा गर्दा कार्यरत सरकारी अस्पतालको नाम र पदको प्रयोग नगर्न व्यबस्था मिलाइनेछ।

१५.अस्पताल र स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरु तथा सेवा प्रवाहको साथै कार्यालयमा रहेको सरकारी सवारी साधनको विद्युतीय निगरानी (Digital Surveillance) गर्ने व्यबस्था मिलाईनेछ । अत्यधिक बिरामीको चाप हुने अस्पतालहरुमा अवस्था अनुसार ई–टिकेटिङ, टोकन प्रणाली र बीमा काउन्टर सेवा थप गरिनेछ ।

**हस्ताक्षर:**

**मिति २०८१ आश्विन १६ गते ।**

# ३ परिवार स्वास्थ्य कार्यक्रम

## ३.१ राष्ट्रिय खोप कार्यक्रम

राष्ट्रिय खोप कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकता प्राप्त कार्यक्रम मध्ये जनस्वास्थ्यको सफल र लागत प्रभावकारी (Cost Effectiveness) कार्यक्रम हो। यस कार्यक्रमले बालमृत्यु दर घटाउनमा प्रमुख भूमिका निर्वाह गर्दछ ।

नेपालका सम्पूर्ण बालबालिकाहरुलाई विभिन्न सरुवा रोगहरु विरुद्ध सुरक्षा प्रदान गर्दै खोपबाट बचाउन सकिने रोगहरुबाट हुने बिरामीदरमा कमि ल्याउन शिशु तथा बालमृत्युदर घटाउन नियमित रुपमा संचालन गरीदै आएको छ। खोप सेवा सबै स्वास्थ्य संस्था,बाह्रय खोप केन्द्र र घुम्ती टोली परिचालन गरी प्रदान गरीन्छ। वि.सं. २०३४ सालमा बिफर उन्मूलन भए पश्चात् नेपालमा विस्तारित खोप आयोजनाको रुपमा खोप कार्यक्रम ३ वटा जिल्लाहरुमा क्रमशः धनुषा, रुपन्देही र सिन्धुपाल्चोकबाट संचालन गरीएको थियो। यस कार्यक्रमले शुरुमा बि.सि.जी. र डि.पि.टी. खोप शुरु गरी २०३६/०३७ सालमा पोलियो, टि.टि. खोप थप गरी क्रमशः २०४५ सालमा नेपालका सबै जिल्लाहरुमा विस्तार गरीएको थियो। विस्तारित खोप कार्यक्रम अन्तर्गत ६ वटा रोगहरु (क्षयरोग, भ्यागुते रोग, धनुष्टंकार, लहरे खोकी, पोलियो रोग र दादुरा रोग) विरुद्ध खोप समावेश गरीएकोमा क्रमश वि.सं. २०६० सालमा हेपाटाईटिस बि, २०६४ सालमा जापानिज ईन्सेफलाईटिस र २०६६ सालमा हेमोफिलस ईन्फुलुन्जा बी विरुद्धका खोप थप गरीएको थियो। वि.सं.२०७१ सालमा सुईबाट दिईने पोलियो खोप (एफ.आई.पि.भि.) तथा निमोनिया बिरुद्ध न्युमोकोकल (PCV), २०७७ सालबाट रोटा भाइरस झाडापखाला बिरुद्ध रोटा खोप लगायत खोपका साथै २०७८ सालमा टाइफाइड रोग बिरुद्धको (TCV) खोप समेत थप गरी हाल १३ वटा रोग बिरुद्ध खोप प्रदान गरीन्छ ।

नेपालको राष्ट्रिय खोप सल्लाहकार समितिले मार्च २०१२ मा विश्वव्यापी सिफारिसको आधारमा झाडापखाला, टाइफाइड, रोटा भाइरस र हैजा जस्ता रोगहरु विरुद्ध दिइने खोपलाई नियमित खोप सेवामा समावेश गर्दा खोपको साथै सुरक्षित पिउने पानी, वातावरणीय तथा व्यक्तिगत सरसफाई जस्ता विषयलाई समेत समावेश गरी एकीकृत रुपमा संचालन गर्न सुझाव दिएको थियो । यसै सुझावको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीतिगत निर्णय बमोजिम रोटा भाइरसबाट हुने झाडापखाला रोग बिरुद्धको खोप शुरुवात सँगै नियमित खोप कार्यक्रममा सरसफाई प्रबर्धन कार्यक्रमलाई पनि निरन्तरता गरीएको छ र हाल खोप केन्द्रमा बालबालिकालाई खोप लगाउनु पूर्व बालबालिकाका आमा तथा अभिभावकहरुलाई सरसफाई प्रर्बद्धन सम्बन्धी सेसन संचालन गरी सरसफाईको बारेमा जानकारी प्रदान गरीन्छ ।

दिगो विकास लक्ष्य ३ मा सु:स्वास्थ्य तथा समृद्ध जीवनको परिकल्पना गरी सबै उमेर समुहका व्यक्तिका लागि स्वास्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने गराउने कार्य अन्तरगत खोप कार्यक्रमलाई अति महत्व दिएको छ। नेपालको संविधानले जनतालाई आधारभूत स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गरेको छ। खोप ऐन-२०७२ले हरेक बालबालिकारुलाई गुणस्तरीय खोपसेवामा पहुँचको अधिकार सुनिश्चित गरेको छ।

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत हाल नेपालमा १५ महिना मुनिका बालबालिकाहरु र गर्भवती महिलाहरुका लागि नि:शुल्क खोप सेवा प्रदान गरिदै आएको छ।

- १५ महिना मुनिका बालबालिकाहरुलाई १३ वटा सरुवा रोगहरु (क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस बि, हेमोफिलस इन्फ्ल्यूएञ्जा बी, पोलियो, दादुरा, रुबेला, निमोनिया, रोटा भाइरसबाट हुने झाडापखाला, जापानिज इन्सेफलाइटिस र टाइफाइड) को खोप तथा गर्भवती महिलाहरुका लागि धनुष्टंकार र भ्यागुतेरोग विरुद्ध टी.डी. खोप उपलब्ध गराउँदै आएको छ।

- यस लुम्बिनी प्रदेशमा २९९१ वटा खोप केन्द्रहरु ( संस्थागत र बाह्य) संचालनमा रहेका छन।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार, १२-२३ महिनाका ८० % बालबालिकाहरुले सबै आधारभूत एण्टिजेन (one dose each of BCG and measles-rubella and three doses each of polio vaccine and DPT) विरुद्ध खोप लगाएका र ४ % बालबालिकाहरुले कुनै खोप पनि खोप प्राप्त नगरेको देखाएको छ।

## लक्ष्य:

- खोपबाट बचाउन सकिने रोगहरु बिरुद्ध विभिन्न खोपहरु प्रदान गरी ती रोगहरु लाग्ने दर, रोगहरुको कारणबाट हुने अपाङ्गता दर र रोगहरुको कारणबाट हुने बाल मृत्यु दरमा उल्लेखनीय रुपमा कमी ल्याउने हो ।

## खोप कार्यक्रमको रणनैतिक उद्धेश्यहरु:

- प्रत्येक बालबालिकाहरुलाई पूर्णखोपको पहुँचमा ल्याउने र पूर्ण खोप लगाएको सुनिश्चित गर्ने ।
- खोपबाट बचाउन सकिने रोगहरुको नियन्त्रण, निवारण र उन्मुलनलाई तिव्रता दिई सो को दिगोपन कायम राख्ने ।
- खोप कोल्डचेन आपूर्ति ब्यवस्थापन सुदृढ गरी गुणस्तरीय खोप सेवाको सुनिश्चितता गर्ने ।
- खोप कार्यक्रमका लागि वित्तिय दिगोपना सुनिश्चितता गर्ने ।
- खोप कार्यक्रमकामा भए गरेका उत्तम तथा राम्रा अभ्यासहरुलाई बृद्धि गर्न नविनतम प्रयासहरु, अनुसन्धान र सामाजिक परिचालन जस्ता गतिविधिहरुलाई प्रोत्साहन गर्ने।

## राष्ट्रिय खोप तालिका:

| क्र.स. | लगाउनु पर्ने खोप | खोप लगाउने समय | खोप लगाउने जम्मा डोज |
|---|---|---|---|
| १ | वि.सि.जी. | जन्मने बित्तिकै | १ मात्रा |
| २ | रोटा | ६ र १० हप्तामा | २ मात्रा |
| ३ | पोलियो | ६, १० र १४ हप्तामा | ३ मात्रा |
| ४ | डि.पि.टी. हेप-बी हिब | ६, १० र १४ हप्तामा | ३ मात्रा |
| ५ | पि.सि.भी | ६, १० हप्ता र ९ महिनामा | ३ मात्रा |
| ६ | एफ.आई.पि.भी. | १४ हप्ता र ९ महिनामा | २ मात्रा |
| ७ | दादुरा-रुबेला | ९ र १५ महिनामा | २ मात्रा |
| ८ | जापानिज इन्सेफलाइटिस् | १२ महिनामा | १ मात्रा |
| ९ | टाइफाईड | १५ महिनामा | १ मात्रा |

## लुम्बिनी प्रदेशमा हाल संचालनमा रहेका खोप केन्द्र तथा खोप सेसनः

| क्र.स. | जिल्ला | खोप केन्द्र | खोप सेसन | सँस्थागत केन्द्र | बाह्य केन्द्र |
|---|---|---|---|---|---|
| १ | रुकुम पुर्व | ५८ | ५८ | ३९ | १९ |
| २ | रोल्पा | २२० | २२३ | ७१ | १४९ |
| ३ | प्यूठान | २६९ | २७२ | ६५ | २०४ |
| ४ | गुल्मी | ३३० | ३२९ | १२१ | २०९ |
| ५ | अर्घाखाँची | १८१ | १८४ | ८७ | ९४ |
| ६ | पाल्पा | २३५ | २८४ | ९६ | १३९ |
| ७ | नवलपरासी पश्चिम | १७६ | १८७ | ७१ | १०५ |
| ८ | रुपन्देही | ३२५ | ३८९ | १२९ | १९६ |
| ९ | कपिलबस्तु | ४३४ | ४४६ | १०५ | ३२९ |
| १० | दाङ्ग | २३२ | २७६ | १०० | १३२ |
| ११ | बाँके | २९३ | ३२१ | ११६ | १७७ |
| १२ | बर्दिया | २३८ | २४१ | ७० | १६८ |
| **लुम्बिनी प्रदेश** | | **२९९१** | **३२१०** | **१०७०** | **१९२१** |

**लुम्बिनी प्रदेशको खोप कार्यक्रमको अवस्थाः खोप अनुसार प्रगति**

| क्र.स. | खोप | लक्षित बालबालिकाहरुको जनसंख्या | लक्ष्य | प्रगति | % |
|---|---|---|---|---|---|
| १ | वि.सि.जी. | १ वर्ष मुनिका | ८५८७७ | ८६७७७ | १०१ |
| २ | रोटा पहिलो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५५०८ | १०० |
| ३ | रोटा दोश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५०७२ | ९९ |
| ४ | पोलियो पहिलो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५३७५ | ९९ |
| ५ | पोलियो दोश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८४९२६ | ९९ |
| ६ | पोलियो तेश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५३६१ | ९९ |
| ७ | डि.पि.टी.-हेपबी-हिब पहिलो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५४३९ | ९९ |
| ८ | डि.पि.टी.-हेपबी-हिब दोश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५००५ | ९९ |
| ९ | डि.पि.टी.-हेपबी-हिब तेश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५३७२ | ९९ |
| १० | पि.सि.भी पहिलो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५५२० | १०० |
| ११ | पि.सि.भी दोश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५१०९ | ९९ |
| १२ | पि.सि.भी तेश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८८७८४ | १०३ |
| १३ | एफ.आई.पि.भी.पहिलो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८५३३७ | ९९ |
| १४ | एफ.आई.पि.भी.दोश्रो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८८३८८ | १०३ |
| १५ | दादुरा-रुबेला पहिलो मात्रा | १ वर्ष मुनिका | ८५८७७ | ८८७८२ | १०३ |
| १६ | दादुरा-रुबेला दोश्रो मात्रा | १२ देखि २३ महिना मुनिका | ८४६७४ | ८९२६७ | १०५ |
| १७ | जापानिज इन्सेफलाइटिस् | १२ देखि २३ महिना मुनिका | ८४६७४ | ८७८२५ | १०४ |
| १८ | टाइफाईड | १२ देखि २३ महिना मुनिका | ८४६७४ | ८९१२४ | १०५ |
| १९ | पुर्णखोप-जे.सी. | १२ देखि २३ महिना मुनिका | ८४६७४ | ८९२४४ | १०५ |
| २२ | टि.डी.२ र २+ | अनुमानित गर्भवती संख्या | १०३९१४ | ७८५७० | ७६ |

**प्रदेश स्तरिय राष्ट्रिय खोप कार्यक्रमको कभरेज**

चित्र नं.१ खोप कार्यक्रमको कभरेज




माथिको चित्रमा लुम्बिनी प्रदेशको खोप कार्यक्रम अन्तरगत केही एन्टिजिन अनुसार खोप कभरेज देखाईएको छ। यस प्रदेशमा विगत तिन आर्थिक बर्ष २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को बि.सी.जी., डि.पि.टी.हेप-बी-हिब पहिलो, डि.पि.टी.हेप-बी-हिब तेश्रो, पि.सि.भी तेश्रो, एफ.आई.पि.भी.दोश्रो, दादुरा-रुबेला पहिलो र दोश्रो मात्रा, जापानिज इन्सेफलाइटिस् र पुर्णखोप खोप लगाउने बालबालिकाहरुको दर (%मा) प्रस्तुत गरीएको छ।यस आ.व.मा बि.सी.जी.खोप बाहेक सबै खोपको प्रगति % मा बृद्धि भएको देखिन्छ।

## २.१.२ वि.सि.जी.खोप कभरेज

चित्र नं.२ वि.सि.जी.खोप कभरेज



बिगतका तीन आर्थिक वर्षहरुको तुलनामा यस आ.व.मा प्रदेशमा बि.सी.जी.खोपको प्रगति गत आ.व. २०७९/०८० को तुलनामा २% ले कम भए तापनि सन्तोषजनक देखिएको छ। गत आ.व. २०७९/०८० मा लुम्बिनी प्रदेशमा बि.सी.जी. खोपको कभरेज १०३% थियो भने यस आ.व. २०८०/०८१ मा २% ले घटेर १०१% रहेको देखिन्छ। यस आ.व.२०८०/०८१ मा जिल्ला तह अनुसार तोकिएको जनसंख्यामा सबै भन्दा बढी खोप कभरेज रुपन्देही जिल्लाको १३३ % र सबैभन्दा कम कभरेज गुल्मी जिल्लाको ६६ % रहेको छ।रुपन्देही जिल्लामा अन्य जिल्लाहरुबाट सुत्केरी हुन आउने तथा रोजगारी र अध्ययनका लागि बसाई सराई गरी आउने जनसंख्याको कारणले वि.सी.जी. खोपको कभरेज % उच्च रहेको छ भने गुल्मी जिल्लामा स्वास्थ्य उपचार, रोजगारी र अध्ययनका लागि बसाई सराई गरी अन्यत्र बसोबास गर्ने कारणले गर्दा वि.सी.जी. खोपको कभरेज कम रहेको देखिन्छ।

## ३.१.३ डि.पि.टी.-हेप बी-हिब पहिलो मात्रा खोप कभरेज

चित्र नं.३ डि.पि.टी.-हेप बी-हिब पहिलो मात्रा खोपको कभरेज % मा




बिगत तीन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१मा लुम्बिनी प्रदेशमा डि.पि.टि.-हेप वी-हिव.खोपको पहिलो मात्रा खोपको प्रगति गत आ.व.को तुलनामा १% ले बृद्धि भएको देखिन्छ।गत आर्थिक वर्ष २०७९/०८० मा प्रदेशमा डि.पि.टि.-हेप वी- हेव पहिलो मात्रा खोपको कभरेज ९९% रहेको थियो भने यस आ.व.२०८०/०८१ मा बृद्धि भई १००% पुगेको छ।यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व.२०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति बाँके जिल्लामा ११३% र सबै भन्दा कम पाल्पा जिल्लाको ९१% रहेको छ।

## ३.१.४ डि.पि.टी.-हेप बी-हिब तेश्रो मात्रा खोप कभरेज

चित्र नं.४ डि.पि.टी.-हेप बी-हिब तेश्रो मात्रा खोप कभरेज % मा




बिगत तीन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा लुम्बिनी प्रदेशमा डि.पि.टि.-हेप वी-हिव.खोपको तेश्रो मात्राको प्रगति गत आ.व.को तुलनामा १% ले बृद्धि भएको देखिन्छ। यसरी आ.व.२०८०/०८१ मा प्रदेशमा डि.पि.टि.-हेप वी- हेव ३ मात्रा खोपको कभरेज ९८% बाट वृद्धि भई ९९% पुगेको छ। यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व.२०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति बाँके जिल्लाको १०८% र सबै भन्दा कम प्यूठान जिल्लाको ९१% रहेको छ, भने अघिल्लो आ.व.को तुलनामा यस आ.व.मा रुपन्देही, नवलपरासी पश्चिम र गुल्मी जिल्ला बाहेक अन्य सबै जिल्लाहरुमा यो खोपको कभरेज बढेको छ।

## ३.१.५ दादुरा-रुबेला पहिलो मात्रा खोप कभरेज %मा

चित्र नं.५ दादुरा-रुबेला पहिलो मात्रा कभरेज % मा



बिगत तीन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा प्रदेशमा दादुरा रुबेला खोपको पहिलो मात्राको प्रगति गत आ.व.को तुलनामा ७% ले बृद्धि भएको देखिन्छ। यसरी आ.व.२०८०/०८१ मा प्रदेशमा दादुरा रुबेला खोपको पहिलो मात्राको कभरेज ९६% बाट वृद्धि भई १०३% पुगेको छ। यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व.२०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति दाङ्ग जिल्लाको ११८% र सबै भन्दा कम रोल्पा जिल्लाको ९४% रहेको छ। आ.व. २०७९/०८० को जेष्ठ महिनाको तेश्रो र चौथो हप्तामा बर्दिया र दाङ्गमा दादुरा रुबेलाको ORI (Outbreak Response Immunization) संचालन भएको र दादुरा रुबेला लगाएको १ महिना नपुगेका कारण असाढ महिनामा नियमित खोपमा दादुरा रुबेला नलगाएकोले श्रावण महिनामा असाढको छुट बालबालिकाहरुलाई समेत दादुरा रुबेला लगाएको हुँदा बर्दिया र दाङ्गमा दादुरा रुबेलाको पहिलो र दोश्रो मात्राको कभरेज बढेको देखिएको छ।

## ३.१.६ दादुरा-रुबेला दोश्रो मात्रा खोप कभरेज %मा

चित्र नं.६ दादुरा-रुबेला दोश्रो मात्राको कभरेज % मा




बिगत तिन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा प्रदेशमा दादुरा रुबेला खोपको दोश्रो मात्राको कभरेज गत आ.व.को तुलनामा ११% ले बृद्धि भएको देखिन्छ। यसरी आ.व.२०८०/०८१ मा प्रदेशमा दादुरा रुबेला खोपको दोश्रो मात्राको कभरेज ९४% बाट वृद्धि भई १०५% पुगेको छ। यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व.२०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति दाङ्ग जिल्लाको ११७% र सबै भन्दा कम रोल्पा जिल्लाको ९५% रहेको छ, भने अघिल्लो आ.व.को तुलनामा यस आ.व. मा सबै जिल्लामा यो खोपको कभरेज बढेको छ ।

## ३.१.७ जापानिज इन्सेफलाइटिस् खोप कभरेज %मा




बिगत तिन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा प्रदेशमा जापानिज इन्सेफलाइटिस् खोपको कभरेज गत आ.व. को तुलनामा ९% ले बृद्धि भएको देखिन्छ।यसरी आ.व. २०८०/०८१ मा प्रदेशमा जापानिज इन्सेफलाइटिस् खोप कभरेज ९५% बाट वृद्धि भई १०४% पुगेको छ। यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व. २०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति दाङ्ग जिल्लाको ११४% र सबै भन्दा कम रोल्पा जिल्लाको ९७% रहेको छ, भने अघिल्लो आ.व. को तुलनामा यस आ.व. मा रुपन्देही जिल्ला बाहेक सबै जिल्लामा यो खोपको कभरेज बढेको छ।

## ३.१.८ टाइफाईड खोप कभरेज %मा



टाइफाईड रोग विरुद्धको खोप नेपालमा २०७८ साल देखि नियमित खोप कार्यक्रममा समावेश गरी १२ महिना देखि २३ महिना सम्मका वालबालिकाहरुलाई लक्षित समुहका रुपमा राखी यो खोप दिईदै आईरहेको छ। बिगत तिन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा लुम्बिनी प्रदेशमा टाइफाइड रोग विरुद्धको खोप कभरेज गत आ.व.को तुलनामा १३% ले बृद्धि भएको देखिन्छ।यसरी आ.व. २०८०/०८१ मा लुम्बिनी प्रदेशमा टाइफाइड रोग विरुद्धको खोपको कभरेज ९२% बाट वृद्धि भई १०५% पुगेको छ। यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व. २०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति दाङ्ग जिल्लाको ११७% र सबै भन्दा कम रोल्पा जिल्लाको ९५% रहेको छ, भने अघिल्लो आ.व. को तुलनामा यस आ.व. मा सबै जिल्लामा यो खोपको कभरेज बढेको छ।

## ३.१.९ टि.डी. खोप कभरेज %मा

चित्र नं.९ टि.डी.खोपको कभरेज %मा




बिगत तीन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा यस प्रदेशमा टि.डी. खोपको कभरेज गत आ.व. को तुलनामा २% ले बृद्धि भएको देखिन्छ।यसरी आ.व. २०८०/०८१ मा प्रदेशमा टि.डी. खोपको कभरेज ७४% बाट वृद्धि भई ७६% पुगेको छ। यस प्रदेशका १२ वटा जिल्लाहरु मध्ये आ.व. २०८०/०८१ मा तोकिएको जनसंख्यामा सबैभन्दा बढी प्रगति बाँके ९१% र सबैभन्दा कम अर्घाखाँची ६३% रहेको छ। यस आ.व.२०८०/०८१ मा टि.डि. (Td२ र Td२+) खोप लगाउने गर्भवती महिलाहरुको प्रगति रुपन्देही र रुकुम पुर्व जिल्ला बाहेक सबै जिल्लाहरुमा यस खोपको प्रगति बढेको देखिएको छ।निजी क्षेत्रबाट दिएको सेवालाई रिपोटिङ्ग प्रणालीमा समावेश गर्न नसकिए कारण अन्यखोपको तुलनामा टि.डि. खोपको कभरेज कम रहेको छ।

## ३.१.१० पूर्णखोपको कभरेज %मा

चित्र नं.१० पूर्णखोपको कभरेज % मा




बिगत तीन आर्थिक वर्षहरुको तुलनामा यस आ.व. २०८०/०८१ मा प्रदेशमा पूर्णखोपको कभरेज गत आ.व. को तुलनामा ११% ले बृद्धि भएको देखिन्छ। यसरी आ.व. २०८०/०८१ मा प्रदेशमा पूर्णखोपको कभरेज ९४% बाट वृद्धि भई १०५% पुगेको छ।

## ३.१.११ ड्रप आउट दर

चित्र नं.११ खोप कार्यक्रमको ड्रप आउट दर



प्रदेशको बिगत तीन आर्थिक वर्षहरुको खोपको ड्रप आउट दर हेर्दा घट्दो क्रममा रहेको देखिन्छ। आ.व.२०८०/८१ मा डि.पि.टि.-हेप बी-हिब पहिलो मात्रा खोप लगाउने र सोही खोपको तेश्रो मात्रा लगाउने बिचको ड्रप आउट दर ०.१% रहेको छ भने अघिल्लो आ.व. मा यसको मान १% रहेको थियो। डि.पि.टि.-हेप वी-हेव.१ को तुलनामा दादुरा रुबेला दोस्रो (DPT-HepB-Hib1 Vs Measle Rubella2) लगाउने बिचको ड्रप आउट दर -५% रहेको छ जुन गत आ.व. मा ५% रहेको थियो। पि.सि.भि. खोपको पहिलो मात्रा र तेश्रो मात्रा (PCV1 Vs PCV3) बीचको ड्रप आउट दर -४% रहेको छ जुन गत आ.व. मा ३% रहेको थियो।

## ३.१.४ विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार खोप खेर जाने दर

| क्र.स. | खोप | खेर जाने दर अधिकतम् सिमा | कैफियत |
|---|---|---|---|
| १ | वि.सि.जी. | ५०% | कम्तिमा एक सेसन १ भायल |
| २ | जापानिज इन्सेफलाइटिस् | ४०% | कम्तिमा एक सेसन १ भायल |
| ३ | दादुरा-रुबेला | ३५% | कम्तिमा एक सेसन १ भायल |
| ४ | डि.पि.टी. हेप-बी हिब, पोलियो र टि.डी. | १५% | बहुमात्रा भ्याक्सिन भायल नीति लागु हुने |
| ५ | पि.सि.भी, टाइफाइड | १०% | बहुमात्रा भ्याक्सिन भायल नीति लागु हुने |
| ६ | एफ.आई.पि.भी. | १०% | बहुमात्रा भ्याक्सिन भायल नीति लागु हुने |
| ७ | रोटा | ५% | एक जनालाई १मात्राको टुयुब भएको |

## ३.१.१२ लुम्बिनी प्रदेशमा खोपको खेर जाने दर

चित्र नं.१२ खोप खेर जाने दर % मा



खोपको बनावट र प्रकृति अनुसार एउटा भायलमा १ मात्रा देखी २० मात्राको (डोज) खोप हुने गर्दछ। खोप भण्डारण गर्दा, ढुवानी गर्दा तथा लगाउँदा खोप खेर जाने हुन्छ। आ.व. २०८०/०८१ मा वि.सि.जि. खोपको खेरजाने दर ८१ %, डि.पि.टि.-हेप वी-हेव खोपको २० % र पोलियो खोपको २१ % रहेको छ । त्यस्तै गरी, पि.सि.भि. खोपको ९ %, एफ.आई.पि.भि.को २७ %, दादुरा-रुवेला ४७ %, जे.ई. खोपको ४० %, टि.सि.भि.खोपको २७ % र टि.डी. खोपको ३५ % खेर जाने दर रहेको छ। हालका केही वर्षहरु देखि खोप नेपाल सरकारले नै खरिद गर्दै आएको र नेपाल सरकारको ठुलो लगानी यसमा रहेको हुनाले खोप खेर जान नदिन धेरै सजग हुनु पर्ने आवश्यकता छ। तल देखाईएको भ्याक्सिन खेर जाने दरको ग्राफ हेर्दा सबै भ्याक्सिनमा WHO को मापदण्ड भन्दा बढी नै खेर गएको देखिन्छ। यसलाई कम गर्न अत्यन्त जरुरी छ, जसको लागि Multi-dose Vial Policy (MDVP) लाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने हुन्छ। लुम्बिनी प्रदेशमा भ्याक्सिन खेर जाने दर बिगत आ.व. भन्दा यस आ.व.मा प्राय भ्याक्सिनको खेर जाने दर कम वा स्थीर नै रहेको देखिन्छ।

## नियमित खोप मार्फत सरसफाई प्रबर्द्धन कार्यक्रम

नेपाल सरकारको निर्णयानुसार नियमित रुपमा सन् २०२० देखि झाडापखाला रोग बिरुद्ध रोटा खोपसँगै सरसफाई प्रबर्धन सेसन संचालन गरिएको थियो। लुम्बिनी प्रदेशमा २९९१ खोप केन्द्र तथा ३२१० वटा खोप सेसन मार्फत खोप सरसफाई प्रबर्धन सेसन संचालन भैरहेको छ । सरसफाई सम्बन्धि स्वस्थकर र अस्वस्थकर ब्यबहारहरुको बारेमा बिभिन्न खेल , नाटक, हाजिरीजवाफ , अविभावकहरुलाई सरसफाई सम्बन्धि स्वस्थकर ब्यबहारको प्रतिबद्धता गराउने , धुनको प्रयोग गरी स्वस्थकर ब्यबहार गर्नु पर्छ भन्ने उदेश्यका साथ् अबिभाबकहरुको सक्रिय सहभागिता गराउदै हरेक महिना फरक फरक क्रियाकलाप स्वास्थ्यकर्मी द्वारा संचालन गरीन्छ। पहिलो खोप लगाउने अभिभाबकलाई ऐना र पूर्ण खोप लगाउने अभिभावकलई नमुना परिवारको प्रशंसा पत्र आगन्तुक व्यक्ति वा स्वयं खोप दिने स्वास्थ्यकर्मी मार्फत वितरण गरीन्छ। लुम्बिनी प्रदेशको १२ वटै जिल्लाको १०९ पालिकामा नियमित खोप सेवा मार्फत सरसफाई प्रबर्द्धन कार्यक्रम लक्षित समुहमा नियमित खोप आउने आमा, अभिभाबकहरु, अन्य सहभागीहरु कार्यक्रममा सहभागी हुन्छन ।

**सरसफाई प्रबर्धन सेसन संचालन**

| क्र.स. | जिल्ला | २०७९/०८० | | २०८०/०८१ | |
|---|---|---|---|---|---|
| | | सेसन योजना | सेसन संचालन | सेसन योजना | सेसन संचालन |
| १ | रुकुम पुर्ब | ६५४ | ६०५ | ६९६ | ६८८ |
| २ | रोल्पा | २६८७ | २६३८ | २७२४ | २६८५ |
| ३ | प्युठान | ३२२८ | २८९२ | ३२१६ | २८९२ |
| ४ | गुल्मी | ३८७८ | ३७२५ | ४१०९ | ४१०७ |
| ५ | अर्घाखाँची | २२६० | २०५३ | २२१९ | २२१५ |
| ६ | पाल्पा | ३३४४ | ३२९४ | ३३५० | ३३५० |
| ७ | नवलपरासी पश्चिम | २२१९ | २२३१ | २२५४ | २२५४ |
| ८ | रुपन्देही | ३९५४ | ३९४३ | ४६३५ | ४६३५ |
| ९ | कपिलबस्तु | ५२७९ | ५०६५ | ५३५२ | ५३१८ |
| १० | दाङ्ग | २३०६ | २०९९ | ३१०३ | २९३७ |
| ११ | बाँके | ३०३५ | २९२९ | ३७३७ | ३५६८ |
| १२ | बर्दिया | २८३२ | २५४७ | २८९२ | २८८२ |
| **लुम्बिनी प्रदेश** | | **३५६७६** | **३४०२१** | **३८२८७** | **३७५३१** |

## खोपको पहुँच र उपभोग अनुसार स्थानीय तहको वर्गीकरण

राष्ट्रिय खोप कार्यक्रममा सेवाको पहुँच र उपभोगका आधारमा स्वास्थ्य संस्था/कार्यालयहरुलाई तपशिल बमोजिमका ४ वटा वर्गीकरण विभाजन गरिए अनुसार प्रदेशका १२ वटै जिल्लाहरु पहिलो समुहमा CATI परेका छन्। खोप कार्यक्रमको पहुँचको लागि डि.पि.टि.-हेप वी-हिव पहिलो मात्राको कभरेज र उपभोगको रुपमा डि.पि.टी.-हेप बी-हिव पहिलो मात्रा र दादुरा- रुबेला को दोश्रो मात्रा लगाउने बिचको ड्रप आउट दरलाई लिईएको छ। प्रदेशमा आ.व. २०८०/०८१ मा डि.पि.टि.-हेप वी-हिव पहिलो मात्राको कभरेज १००% रहेको छ, डि.पि.टी.-हेप बी-हिव पहिलो मात्रा र दादुरा- रुबेला को दोश्रो मात्रा लगाउने बिचको ड्रपआउट दर -५% रहेको छ।यसै गरी प्रदेशका १०९ स्थानीय तह मध्ये ७७ स्थानीय तह वर्गीकरण पहिलो (CAT-I), ३ स्थानीय तह वर्गीकरण दोश्रो (CAT-II), २९ स्थानीय तह वर्गीकरण तेश्रो( CAT-III) मा र कुनै पनि स्थानीय तह वर्गीकरण चौथो(CAT-IV) नरहेको यस आ.व. को तथ्याङ्कले देखाएको छ। बिस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ।

**चित्र नं.१ खोप कार्यक्रमको पहुँच र उपभोगको आधारमा स्थानीय तहहरुको वर्गीकरणः**




| जम्मा स्थानीय तहहरु | वर्गीकरण-१ | वर्गीकरण-२ | वर्गीकरण-३ | वर्गीकरण-४ |
|---|---|---|---|---|
| | पहुँच (≥९०%) उपभोग (<१०%) | पहुँच (≥९०%) उपभोग (≥१०%) | पहुँच (<९०%) उपभोग (<१०%) | पहुँच (<९०%) उपभोग (≥१०%) |
| १०९ | ७७ | ३ | २९ | ० |

## खोप कार्यक्रमको सर्भिलेन्स

खोपबाट वचाउन सकिने रोगहरुको अवस्था थाहा पाउन तथा खोपबाट बचाउन सकिने रोगको नियन्त्रण, निवारण र उन्मूलनको अनुगमन गर्नका लागि खोजपड्ताल (Surveillance) अति महत्वपूर्ण कार्य हो । यसको लागि वि.सं. २०५६ साल देखि पोलियो रोगको उन्मुलनको लागि सर्भिलेन्स सुरु गरिएको थियो । त्यसैगरी वि.सं. २०६० देखि दादुरा, नवशिशु धनुष्टंकार र जापानीज इन्सेफलाइटिस् रोगहरुको समेत नियमित खोजपड्ताल (Surveillance) कार्य सुरु गरियो।

सर्भिलेन्सबाट पोलियो, दादुरा, नवशिशु धनुष्टंकार र जापानीज इन्सेफलाइटिस् रोगहरुको समयमै पहिचान गरी रोकथाम र नियन्त्रण गर्न सहयोग पुग्दै आईरहेको छ ।सर्भिलेन्स कार्यलाई सुदृढ र प्रभावकारी बनाउन विश्व स्वास्थ्य संगठनले सर्भिलेन्स कार्यमा सहयोग गर्दै आएको छ।

**आर्थिक वर्ष २०८०/०८१ मा खोजपड्ताल (Surveillance) गरिएका रोगहरुको विवरण:**

| क्र.स. | जिल्ला | ए.एफ.पि. | शंकास्पद दादुरा | दादुरा पोजेटिभ | रुबेला पोजेटिभ | ए.ई.एस. | जे.ई. | नव शिसु धनुष्टंकार |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुकुम पुर्व | ० | ११ | ० | ० | ० | ० | ० |
| २ | रोल्पा | २ | ९ | ० | ० | २ | ० | ० |
| ३ | प्यूठान | १ | १४ | ० | ० | १ | ० | ० |
| ४ | गुल्मी | १ | ४ | ० | ० | २ | ० | ० |
| ५ | अर्घाखाँची | २ | २ | ० | ० | २ | ० | ० |
| ६ | पाल्पा | ३ | ८ | १ | १ | ५ | २ | ० |
| ७ | नवलपरासी पश्चिम | १ | ८ | ० | ० | ५ | ० | ० |
| ८ | रुपन्देही | ९ | १३ | ० | ० | १० | २ | ० |
| ९ | कपिलबस्तु | ६ | १४ | ० | ० | १ | १ | ० |
| १० | दाङ्ग | ० | १६ | ० | ० | ० | ० | ० |
| ११ | बाँके | ५ | १० | ० | ० | ४ | १ | ० |
| १२ | बर्दिया | ७ | ४८ | ० | १ | ७ | ० | ० |
| | **लुम्बिनी प्रदेश** | ३७ | १५७ | १ | २ | ३९ | ६ | ० |

श्रोत **WHO IPD**

## पूर्णखोप घोषणा तथा सुनिश्चितताः

पूर्ण खोप भन्नाले १५ महिनाको उमेर भित्र राष्ट्रिय खोप तालिका बमोजिम पाउनु पर्ने सबै मात्रा खोप लिएको अवस्थालाई सम्झनु पर्दछ ।पूर्ण खोप घोषणाको लागि प्रत्येक वर्ष माघ महिनाबाट स्वस्थ्यकर्मिको प्रत्येक्ष संलग्नतामा आफ्नो कार्यक्षेत्र भित्र रहेका वार्डको हरेक घर घरमा गई घरधुरी सर्वेक्षण गरी खोप छुट भएका बालबालिकालाई पूर्ण खोप लगाईसकेपछी भेरीफिकेशन पश्चात वडालाई सम्बन्धित पालिकाको पूर्णखोप समन्वय समितिले, स्थानीयतहलाई जिल्ला पूर्णखोप समन्वय समितिले, जिल्लालाई प्रदेश पूर्णखोप समन्वय समितिले र प्रदेशलाई राष्ट्रिय पूर्णखोप समन्वय समितिले प्रमाणिकरण गर्नुको साथै घोषणा अनुमति दिने ब्यबस्था रहेको छ।

नेपालमा २०६९ पौष १४ गते अछाम जिल्लाको भागेश्वर गाउँ विकास समिति बाट सुरु भएको पूर्णखोप अभियानलाई लुम्बिनी प्रदेशमा नवलपरासी जिल्लाको साबिकको पन्चनगर गाउँ विकास समितिलाई पूर्णखोप घोषणा गरी सुरुवात गरीएको थियो ।ततपश्चात मिति २०७० फाल्गुण १५ गते पाल्पा जिल्ला नेपालकै पहिलो पूर्णखोप जिल्ला घोषणा हुन सफल रहयो।यसै गरी लुम्बिनी प्रदेशका क्रमशः सबै जिल्लाहरु पूर्णखोप जिल्ला घोषणा पश्चात मिति **२०७९** भाद्र ३१ गते लुम्बिनी

नेपालकै दोश्रो पूर्णखोप प्रदेश घोषणा हुन सफल भएको थियो। पहिलो पटक पूर्ण खोप भएका जिल्लाहरुको विवरण यस प्रकार रहेको छ।

**पूर्ण खोप घोषणा**

| क्र.स. | जिल्ला | पूर्ण खोप घोषणा भएको मिति |
|---|---|---|
| १ | पाल्पा | २०७०/११/१५ |
| २ | नवलपरासी पश्चिम | २०७०/११/१८ |
| ३ | अर्घाखाँची | २०७१/०८/१३ |
| ४ | गुल्मी | २०७१/१२/३० |
| ५ | प्युठान | २०७३/०९/१५ |
| ६ | रुपन्देही | २०७३/१०/२१ |
| ७ | दाङ्ग | २०७४/०९/२३ |
| ८ | रोल्पा | २०७५/०३/२५ |
| ९ | बाँके | २०७७/१२/०६ |
| १० | कपिलबस्तु | २०७८/०३/२३ |
| ११ | बर्दिया | २०७८/०३/३१ |
| १२ | रुकुम पुर्ब भाग | २०७८/०६/१३ |

आ.ब. २०८०/०८१ मा यस लुम्बिनी प्रदेशमा स्वास्थ्यकर्मीको प्रत्यक्ष संलग्नतामा घरधुरी सर्वेक्षण माफर्त खोज र खोप रणनीति अनुसार १६-५९ महिनाका १३० शून्य डोजका र २३४३ खोप लगाउन छुट(ड्रप आउट) बालबालिकाहरुलाई खोजि गरी पूर्णखोप लगाई २६२८५६ बालबालिकाले पूर्णखोप पाएको सुनिश्चित गरीएको थियो। जिल्ला अनुसार पूर्णखोप पाएका बालबालिकाहरुको विवरण यस प्रकार रहेको छ।

**घरधुरी सर्वेक्षणबाट पत्तालागेका शून्य डोज र ड्रप आउट बालबालिका सँख्या**

| क्र.स. | जिल्ला | १६-५९ महिनाका बालबालिकाहरुको संख्या | १६-५९ महिनाका पूर्णखोप प्राप्त गरेको बालबालिकाहरुको संख्या | खोप कार्ड भएका बच्चा | खोप कार्ड नभएका बच्चा | शुन्य डोज | ड्रप आउट |
|---|---|---|---|---|---|---|---|
| १ | रुकुम पुर्बी भाग | २६८७ | २६८७ | ० | ० | ० | ० |
| २ | रोल्पा | १४०५२ | १४०३३ | १५ | ४ | ४ | १५ |
| ३ | प्युठान | १४३५८ | १४२८० | ६७ | ११ | ११ | ६७ |
| ४ | गुल्मी | १२३५९ | १२३४६ | १३ | ० | ० | १३ |
| ५ | अर्घाखाँची | ९९३५ | ९९३० | ४ | १ | १ | ४ |
| ६ | पाल्पा | १०५६० | १०५५४ | ६ | ० | ० | ६ |
| ७ | नवलपरासी पश्चिम | २०२२६ | २०००९ | २१६ | १ | १ | २१६ |
| ८ | रुपन्देही | ५९१४९ | ५८८२४ | ३२४ | १ | १ | ३२४ |
| ९ | कपिलबस्तु | ३२२०६ | ३१५६९ | ६२६ | ११ | ११ | ६२६ |

| क्र.स. | जिल्ला | १६-५९ महिनाका बालबालिकाहरुको संख्या | १६-५९ महिनाका पूर्णखोप प्राप्त गरेको बालबालिकाहरुको संख्या | खोप कार्ड भएका बच्चा | खोप कार्ड नभएका बच्चा | शुन्य डोज | ड्रप आउट |
|---|---|---|---|---|---|---|---|
| १० | दाङ्ग | ३१६५२ | ३१५६८ | ७२ | १२ | १२ | ७२ |
| ११ | बाँके | ३१०४३ | ३०१०७ | ८५१ | ८५ | ८५ | ८५१ |
| १२ | बर्दिया | २४६२९ | २४४७६ | १४९ | ४ | ४ | १४९ |
| **जम्मा** | | **२६२८५६** | **२६०३८३** | **२३४३** | **१३०** | **१३०** | **२३४३** |

आ ब २०८०।८१ मा १६ महिना देखि ५९ महिनाका सबै बालबालिकाको घरधुरी सर्वेक्षण पश्चात खोप छुट भएका बालबालिकालाई पूर्ण खोप प्रदान गरी लुम्विनी प्रदेशका १२ वटै जिल्ला तपसिलको मितिमा पूर्णखोप सुनिश्चितत जिल्ला घोषणा भएका थिए।

**पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा**

| क्र.स. | जिल्ला | पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा भएको मिति |
|---|---|---|
| १ | रोल्पा | २०८१/०३/०६ |
| २ | प्युठान | २०८१/०३/१३ |
| ३ | पाल्पा | २०८१/०३/२५ |
| ४ | नवलपरासी पश्चिम | २०८१/०३/२५ |
| ५ | रुकुम पुर्ब भाग | २०८१/०३/२६ |
| ६ | गुल्मी | २०८१/०३/२६ |
| ७ | दाङ्ग | २०८१/०३/२८ |
| ८ | अर्घाखाँची | २०८१/०३/२९ |
| ९ | बाँके | २०८१/०३/२९ |
| १० | बर्दिया | २०८१/०३/२९ |
| ११ | रुपन्देही | २०८१/०३/३० |
| १२ | कपिलबस्तु | २०८१/०३/३० |

यसरी लुम्बिनी प्रदेशका १२ वटै जिल्लाहरु पुर्णखोप घोषणा भए पश्चात लुम्बिनी प्रदेशलाई २०८१ आश्विन १४ गते पुर्णखोप सुनिश्चित प्रदेश घोषणा गरीयो ।हरेक वर्ष पुर्णखोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण गर्दा शुन्य डोजका बालबालिकाहरु भेटिएको हुँदा घरधुरी सर्वेक्षण प्रभावकारी बनाउनको साथै बढी बसाई-सराई गर्ने समुदायमा खोपको जनचेतना बढाउनु पर्ने देखिन्छ।

## दादुरा-रुबेला खोप अभियानः

चित्र नं.१४ दादुरा-रुबेला खोप अभियान कभरेज




चालु आर्थिक वर्षमा २०८०/८१ को फाल्गुन महिनाको १३ गते देखि चैत महिनाको ७ गते सम्म संचालन भई सम्पन्न भएको दादुरा रुबेला खोप अभियानमा लुम्बिनी प्रदेशको कभरेज उच्च (११०%) रहेको छ। जिल्ला अनुसार कभरेज विश्लेषण गर्दा सबभन्दा बढी कभरेज रुपन्देही जिल्लाको १२२% रहेको छ भने सबैभन्दा कम कभरेज गुल्मी जिल्लाको ९७% रहेको छ। कुल लक्षित जनसंख्या ९ महिना देखि १५ वर्ष सम्मका जम्मा ११७,३०५१ जना बालबालिकाहरु मध्ये १२८,६९२० जना (११०%) ले अभियान मार्फत दादुरा-रुबेला रोग बिरुद्धको खोप अभियान बाट खोप सेवा प्राप्त गरेका थिए। यस अभियान संचालन गर्ने क्रममा युनिसेफ, विश्व स्वास्थ्य संगठन र वाटर एड नेपालले प्राविधिक तथा लजिस्टिक सहयोग प्रदान गरेका थिए।

## आई.पि.भि.खोप अभियान

चित्र नं.१५ आई.पि.भि.खोप अभियानको कभरेज




चालु आर्थिक वर्षमा २०८०/८१ को जेष्ठ महिनाको १३ गते देखि २६ गते सम्म संचालन भई सम्पन्न भएको आई.पि. भी. खोप अभियानमा (Catch up Campaign) लुम्बिनी प्रदेशको कभरेज

सन्तोषजनक (९१%) रहेको छ। जिल्ला अनुसार कभरेज विश्लेषण गर्दा सबभन्दा बढी कभरेज कपिलबस्तु जिल्लाको १०५% रहेको छ भने सबैभन्दा कम कभरेज बाँके जिल्लाको ७४% रहेको छ। कुल लक्षित जनसंख्याको जम्मा २६८,९१३ जना बालबालिकाहरु मध्ये २४५,४५१ जना (९१%) बालबालिकाहरुले अभियान मार्फत आई.पि. भी. खोप सेवा प्राप्त गरेका थिए।

## कोरोना भाइरस बिरुद्ध खोप अभियान

### कोरोना भाइरस

आनुवंशिक संरचनामा आर.एन.ए. (RNA) भएका भाइरसहरूको एक समूहलाई वैज्ञानिकहरूले कोरोनाभाइरस (Corona virus) नाम दिएका छन्। सन् २०१९ को डिसेम्बरमा चीनको वुहान नजिकैको पशुपंक्षी व्यापार बजारमा पहिलो पटक यस भाइरसको सङ्क्रमण देखिएको थियो, र केही महिनामा यो विश्वभर फैलिएको थियो। यस भाइरसको वैज्ञानिक नाम सार्स-कोभ-२ (Sars-CoV-2) हो, र यसले उत्पन्न गर्ने रोगलाई कोभिड-१९ (Covid-19) भनिन्छ। कोरोनाभाइरस (कोभिड-१९) को संक्रमण नेपालमा पहिलो पटक माघ १० (जनवरी २४) मा पुष्टि भएको थियो। चीनको वुहान विश्वविद्यालयमा पीएचडी अध्ययन गर्दै गरेका ३२ वर्षे पुरुषमा नेपालमा पहिलो पटक कोरोना पोजिटिभ देखिएको थियो।

अहिलेसम्म कोरोना भाइरसका कारण लाग्ने रोग कोभिड-१९ को उपचारका लागि कुनै विशेष औषधि बनेको छैन। हाल यस भाइरसको नियन्त्रण र रोकथामका लागि विश्व स्वास्थ्य संगठनको पहलमा विभिन्न खोपहरू प्रदान गरीएको छ। हाल सम्म नेपाल सरकारले नीतिगत रूपमा कोरोनाभाइस बिरुद्ध विभिन्न खोपहरु उपलब्ध गराउँदै आएको छ।

**चित्र नं.१६ हालसम्मको कोरोना भाइरस बिरुद्ध खोपको कभरेज**



लुम्बिनी प्रदेशको सबै जिल्लाहरुमा २०७७ साल माघ महिनाको १४ गते तदनुसार २७ जनवरी २०२१ बुधबारका दिन देखि कोरोना भाइरस बिरुद्ध खोप अभियानमा संचालन भएको थियो। ।यसै गरी बिभिन्न चरणहरुमा आ.व.२०७७/०७८ देखि आ.व. २०८०/०८१ असार मसान्त सम्म कोभिशिल्ड ,भेरोसिल, अस्ट्राजेनिका, ज्यानसेन एंड ज्यानसेन, मोडर्ना, फाइजर विभिन्न उमेर समुहको लागि उपलब्ध गराउदै आएको छ। लुम्बिनी प्रदेशमा सबै खोपहरुको पहिलो मात्रा पाउने जम्मा ४२७,१९२३ जना र दोस्रो मात्रा ४३१,९०९५ जना, पहिलो अतिरिक्त मात्रा १९८,४५७८ र दोश्रो अतिरिक्त मात्रा २२७,६३५ जनाले कोरोना बिरुद्धको खोप प्राप्त गरेकाछन् । जस अनुसार कोरोना बिरुद्ध खोपको पहिलो मात्रा ८३ %, दोश्रो मात्रा ८४ %, पहिलो अतिरिक्त मात्रा ३९ % र दोश्रो अतिरिक्त मात्रा ४ %ले मात्र प्राप्त गरेको देखिन्छ।

लुम्बिनी प्रदेशको सबै जिल्लाहरुमा चालु आर्थिक वर्षमा २०८०/८१ को भाद्र महिना देखि आश्विन महिना सम्म संचालन भई सम्पन्न भएको कोरोना भाइरस बिरुद्ध खोप अभियानमा कुल जम्मा ३४०,३४३ जनाले (भेरो सेल र फाइजर) खोप सेवा पाएका थिए।जिल्ला अनुसार खोपको तथ्यांक विश्लेषण गर्दा सबभन्दा बढी बर्दिया जिल्लामा ६२,५४५ जनाले भने सबैभन्दा कम कभरेज रुकुम पुर्वमा ६,४१२ जनाले कोरोना भाइरस बिरुद्ध खोप लगाएका थिए।

## खोप कार्यक्रमका मुख्य उपलब्धिहरुः

- लुम्बिनी प्रदेशमा १३० शून्य डोजका बालबालिकाहरु र २३४३ खोप लगाउन छुट(ड्रप आउट) बालबालिकाहरुलाई खोजि गरी पूर्णखोप लगाई मिति २०८१ आश्विवन १४ गते लुम्बिनी प्रदेश लाई पूर्णखोप पूर्णखोप सुनिश्चितता घोषणा गरीएको।
- २०८० फाल्गुन १३ गते देखि चैत्र महिनाको ७ गते सम्म ९महिना देखि १५ वर्ष मुनिका बालबालिकाहरुलाई संचालन भएको दादुरा-रुबेला खोप अभियानमा लुम्बिनी प्रदेशमा ११०% दादुरा-रुबेला खोप पाएको ।
- २०८० जेष्ठ १३ गते देखि २६ गते सम्म संचालन भएको आई.पि.भी.खोप अभियान अन्तरगत लुम्बिनी प्रदेशमा ९१% बालबालिकाहरुले आई.पि.भी.खोप खोप पाएको ।
- २०८० भाद्र र आश्विन महिनामा संचालन भएको कोभिड-१९ विरुद्धको खोप अभियानमा कुल जम्मा ३४०,३४३ जनाले कोभिड-१९ विरुद्ध खोप पाएका छन् ।
- संमग्र खोप कार्यक्रमको पहुँच र उपभोगमा वृद्धि भई खोप सेवामा ड्रप आउट र भ्याक्सिन खेर जाने दरमा कमि आएको छ।
- खोप कार्यक्रमलाई समुदाय अपनत्व लिएको ।

## खोप कार्यक्रमका चुनौती र समाधानका उपायहरु

| क्रस | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | सवै स्थानीय तहमा कभरेज र ड्रप आउट समान नहुनु। | कभरेज कम भएका र ड्रप आउट बढी भएका स्थानीय तहमा स्थलगत अनुशिक्षण तथा डाटा भेरिफिकेशन गर्नु पर्ने। | स्थानीय तहको स्वास्थ्य शाखा<br>स्वास्थ्य कार्यालय<br>निर्देशनालय |
| २ | खोप क्लिनिक संचालनका लागि भौतिक पुर्वाधारको अभाव | सार्वजनिक भवन नभएका स्थानमा खोप क्लिनिक भवन निर्माण गर्नु पर्ने। | स्थानीय तह<br>स्वास्थ्य मन्त्रलाय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ३ | पूर्ण खोपको सर्वेक्षणमा शुन्य डोजको बालबालिका भेटिनु। | बालबालिकालाई खोपको पहुँचमा ल्याउनको लागि खोपको सुक्ष्म योजना तयार पार्दा पहुँच नपुगेको क्षेत्र समुदायलाई प्राथमिकतामा राखि बार्षिक कार्यक्रम तयार पार्ने । | स्थानीय तह |
| ४ | भ्याक्सिनको खेरदर धेरै हुनु। | खोपको सुक्ष्म योजना बमोजिम भ्याक्सिन बितरण गर्नु पर्ने।<br>भ्याक्सिन स्टोर तथा सप्लाई केन्द्रमा काम गर्नेसहयोगी र स्वास्थ्यकर्मिलाई तालिम दिने। | स्थानीय तह<br>स्वास्थ्य निर्देशनालय |
| ५ | फिल्डमा खटिई खोप संचालन गर्ने स्वास्थ्यकर्मीमा उत्प्रेरणाको कमी। | फिल्डमा खटिई खोप संचालन गर्ने स्वास्थ्यकर्मीलाई फिल्ड भत्ता वा यातायात खर्चको व्यवस्था गर्नु पर्ने। | स्थानीय तह |

## ३.२ नवजात शिशु तथा वाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम (IMNCI)

**पृष्ठभूमिः**

समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) कार्यक्रम तोकिएको लक्षित सेवा सन २०३० सम्म ९० प्रतिशत अनुमानित जनसंख्यालाई पुराउने दूर दृष्टि (Vision 90 by 30) राखि संचालन भै रहेको छ, जुन तलको चित्र २.१मा देखाईएको छ। नेपालमा सन १९९७ देखि सुरु भएको CB-IMCI कार्यक्रम र सन २००९ मा शुरु भएको CB-NCP कार्यकमलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७१/६/२८ को निर्णयानुसार एकिकृत गरी समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) कार्यक्रम शुरुवात गरिएको हो। यस कार्यक्रमले पाँच वर्षमुनिका बालबालिकामा हुने बिरामीको मुख्य कारणहरुलाई सम्बोधन गर्दछ र बिरामी भएको अवस्थामा  रोगको समयमै उपचार व्यवस्थापन गर्ने कार्य गर्दछ।

समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) कार्यक्रमले नवशिशु  तथा बालबलिकाहरुमा हुने मृत्युलाई न्यूनिकरण गर्न उल्लेखिय योगदान गरेको छ। यस कार्यक्रम अन्तरगत समुदाय स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुबाट झाडापखाला उपचार गर्ने तथा झाडापखाला तथा अन्य रोगलागेका प्रेषण गर्नु पर्ने बालबालिकालाई नजिकको स्वास्थ्य संस्थामा  प्रेषण गर्ने गरिन्छ भने स्वास्थ्य संस्थामा उपचारमा आएका ५ वर्ष मुनिका बालबलिकाको एकीकृत रुपमा जाँच, वर्गिकरण र उपचार व्यवस्थापन गर्ने गरिन्छ। यस कार्यक्रमलाई समुदाय स्तर(CB-IMNCI) र स्वास्थ्य संस्था स्तर(FB-IMNCI)  गरी मुख्य रुपमा दुई भागमा विभाजन गरिएको छ। नेपाल सरकारले नवशिशु मृत्यु न्युनिकरणको लागि सरकारी तथा सूचिकृत अस्पतालबाट जन्मेको २८ दिन सम्मका नवशिशुको उपचार निशुल्क गर्ने व्यवस्था मिलाएको छ। नवशिशु निशुल्क उपचारको लागि प्याकेज "0" "A" "B" "C" गरी ४ बटा प्याकेज तय गरिएको छ र नव शिशुलाई निशुल्क उपचार गरेवापत "0" "A" "B" "C" प्याकेजको क्रमश ० रुपैया रु१०००,रु२००० र रु ५००० सेवा प्रदायक अस्पताललाई शोधभर्ना दिने व्यवस्था गरिएको छ।

चित्र ३.१




समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) कार्यक्रम अन्तर्गतका सेवाहरु

- स्वास्थ्य संस्थामै प्रसूती गराउन प्रबर्धन।
- अत्यावश्यक नव शिशु स्याहार तथा प्रसुती पश्चात स्वास्थ्यकर्मीद्वारा नवशिशु र सुत्केरी आमाको नियमित जाँच।
- जन्मदा सास नफेरेको वा नरोएको शिशुको पहिचान तथा व्यवस्थापन।
- जन्मदै कम तौल भएको शिशुको मूल्याङ्कन तथा व्यवस्थापन।
- शिताङ्गको रोकथाम, मूल्याङ्कन तथा व्यवस्थापन।
- ०-५९ दिनको बच्चामा ब्याक्टेरियाको सम्भावित गम्भीर संक्रमण तथा स्थानीय संक्रमणको व्यवस्थापन।
- २-५९ महिनाको बच्चामा निमोनिया, झाडापखाला, कुपोषण, दादुरा र औलो रोगको जाँच,मूल्याङ्कन,बर्गिकरण र उपचार व्यवस्थापन ।

## आ.व. २०८०/०८१ मा संञ्चालित क्रियाकलापहरु

- वरिष्ठ बाल रोग विशेषज्ञ सहितको टोलिद्वारा स्थानीय स्वास्थ्य संस्थाहरुमा स्थलगत अनुशिक्षण गरिएको।
- स्वास्थ्यकर्मीहरुलाई वालरोगको एकीकृत व्यवस्थापनको (IMNCI) तालिम प्रदान गरिएको।
- स्वास्थ्य संस्थामा आधारित वालरोग एकीकृत व्यवस्थापनको (FB-IMNCI) तालिम प्रदान गरिएको।

- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई बालरोगको एकिकृत व्यवस्थापनको परिमार्जित उपचार तालिका सम्बन्धि तालिम प्रदान गरिएको।
- कार्यक्रमको सुधारको लागि समीक्षा कार्यक्रम सञ्चालन गरिएको।
- यस प्रदेशका अस्पतालबाट ३४०५ जना नवशिशुलाई निशुल्क उपचार सेवा प्रदान गरिएको।

## प्रमुख उपलब्धीहरु

- प्रदेश मातहतका सबै अस्पतालमा SNCU को स्थापना तथा संचालन।
- नवशिशु मृत्युदरमा कमी आएको ।
- स्वास्थ्य संस्थाका कर्मचारीहरुको नवशिशु तथा बालस्वास्थ्य सेवामा क्षमता अभिबृद्धि भई सेवा गुणस्तर भएको ।

## दुई महिना मुनिका बालबालिकाको उपचार

**तालिका नं.१ दुई महिना मुनिका बालबालिकाको उपचार**

| आ.व. | सँख्या | | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दुई महिना मुनिको जम्मा केस | ब्याक्टेरियाको सम्भावित गम्भिर | ब्याक्टेरियाको स्थानीय गम्भिर संक्रमण | जण्डिस (कमलपित्त) | कमतौल /स्तनपान सम्बन्धि समस्या | ब्याक्टेरियाको सम्भावित गम्भिर | ब्याक्टेरियाको स्थानीय गम्भिर संक्रमण | जण्डिस (कमलपित्त) | कमतौल /स्तनपान सम्बन्धि समस्या |
| २०७८/०७९ | ६९७६ | १२३३ | २६३० | २४४ | ७५७ | १८ | ३८ | ३ | ११ |
| २०७९/०८० | ९४४१ | ८६८ | २१५१ | २२१ | ३०४ | ९ | २३ | २ | ३ |
| २०८०/०८१ | १२०६८ | ८८९ | ३२९९ | ६०३ | ५२३ | ७ | २७ | ५ | ४ |

माथिको तालिकाले विगतका तीन आ.व. मा दुई महिना मुनिका बालबलिकाहरु बिरामी भई स्वास्थ्य संस्थाबाट सेवा लिनेको संख्या क्रमशः बढदै गैरहेको तथ्याङ्कले देखाउँछ। आ.व.२०७८/०७९ मा ६९७६ जना, आ.व. २०७९/०८० मा ९४४१ जना र आ.व. २०८०/८१ मा १२०६८ जनाको उपचार सेवा लिएको देखिन्छ। जसमध्ये आ.व. २०८०/८१ मा ब्याक्टेरियाको सम्भावित गम्भिर संक्रमण ७%, ब्याक्टेरियाको स्थानीय गम्भिर संक्रमण २७%, जण्डिस (कमलपित्त) ५% र कमतौल /स्तनपान सम्बन्धि समस्या ४% भएकोले उपचार सेवा पाएको देखिन्छ।

**तालिका नं.२ दुई महिना मुनिका बालबालिकामा ब्याक्टेरियाको सम्भावित गम्भिर संक्रमण र उपचार**

| क्र.स. | जिल्ला | दुई महिना मुनिको जम्मा बिरामी बालबालिका सँख्या | ब्याक्टेरियाको सम्भावित गम्भिर संक्रमण भएका बालबालिकाको सँख्या | जेन्टामाइसिनको पहिलो मात्रा पाएका बालबालिकाको सँख्या | जेन्टामाइसिन पुर्ण मात्रा पाएका बालबालिकाको सँख्या | ब्याक्टेरियाको सम्भावित गम्भिर संक्रमण प्रतिशत | जेन्टामाइसिन पहिलो मात्रा प्रतिशत | जेन्टामाइसिन पुर्ण मात्रा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाँके | २७४६ | १३३ | १३३ | १२० | ५ | १०० | ९० |
| २ | रुपन्देही | ३४७७ | १२५ | १२५ | १०५ | ४ | १०० | ८४ |
| ३ | बर्दिया | १४५१ | २७१ | २७१ | २२१ | १९ | १०० | ८२ |
| ४ | दाङ्ग | १४५२ | १९३ | १९३ | ११६ | १३ | १०० | ६० |
| ५ | रोल्पा | ७३६ | ५७ | ५६ | ३३ | ८ | ९८ | ५८ |
| ६ | रुकुम पुर्व | ६६ | २ | २ | १ | ३ | १०० | ५० |
| ७ | प्यूठान | ६१८ | ४२ | ४२ | १० | ७ | १०० | २४ |
| ८ | गुल्मी | ३१३ | १७ | १७ | ४ | ५ | १०० | २४ |
| ९ | पाल्पा | ५५९ | १८ | १७ | २ | ३ | ९४ | ११ |
| १० | कपिलबस्तु | १४९ | ९ | ९ | १ | ६ | १०० | ११ |
| ११ | अर्घाखाँची | ९० | ५ | ५ | ० | ६ | १०० | ० |
| १२ | नवलपरासी पश्चिम | ४११ | १७ | १७ | ० | ४ | १०० | ० |
| **लुम्बिनी प्रदेश** | | **१२०६८** | **८८९** | **८८७** | **६१३** | **७** | **१००** | **६९** |

माथिको तालिकामा आ.व. २०८०/८१ मा जन्मे देखी दुई महिना सम्मका बालबालिकाहरु बिरामी भई स्वास्थ्य सँस्थाबाट उपचार सेवा पाएको बालबालिकाको सँख्या तथा प्रतिशत देखाइएको छ। कुल जम्मा १२०६८ जना बिरामी बालबालिका मध्ये ८८९ (७%) जना ब्याक्टेरियाको सम्भावित गम्भिर संक्रमण भएको, ८८७ (१००%) जनाले जेन्टामाइसिनको पहिलो मात्रा र ६१३ (६९%) जनाले जेन्टामाइसिनको दोश्रो मात्रा पाएका छन ।

**चित्र नं.१ जन्मेपछि नाभी मलम लगाएका शिशुको प्रतिशत**




माथिको चित्र नं.१ मा जिल्ला अनुसार जन्मिन बित्तिकै नाभी मलम प्रयोग गर्ने शिशुहरुको प्रतिशत देखाईएको छ। लुम्विनी प्रदेशमा आ. व. २०७८/७९ मा नाभी मलम प्रयोग गर्नेको प्रतिशत ९६ प्रतिशत रहेकोमा २०७९/८० मा २ प्रतिशत बृद्धि भै ९८ प्रतिशत र २०८०/८१ पुन २ प्रतिशत बृद्धि भै १०० प्रतिशत रहेको छ। नाभी मलम प्रयोग गर्ने कपिलबस्तुमा ९८ प्रतिशत तथा बर्दिया जिल्लामा ९९ प्रतिशत रहेको छ, भने अरु सबै जिल्लामा शत प्रतिशत रहेको छ।

## ५ वर्ष मुनिका बालबालिकाको उपचार

**तालिका नं.३ पाँचबर्ष मुनिका बालबालिकाहरुमा श्वास-प्रश्वासका रोगको प्रकोप तथा उपचार**

| क्र.स. | जिल्ला | शीघ्र स्वासप्रवस सम्बन्धी संक्रमण ARI (प्रति १०००) दर | | | बालबालिकामा निमोनियाको दर (प्रति १०००) | | | निमोनियाको Amoxicillin बाट उपचार दर प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| १ | रुकुम पुर्व | ५०३ | ५०२ | ५६७ | १५९ | १२७ | १६२ | १०२ | १०० | १०० |
| २ | रोल्पा | ४२८ | ३६१ | ३९७ | ११५ | ८९ | ९४ | ८६ | १०० | १०० |
| ३ | प्यूठान | ४११ | ३६० | ४४५ | ७० | ५९ | ६९ | १०१ | १०१ | १०० |
| ४ | गुल्मी | ५०५ | ४९९ | ४९९ | २९ | ३३ | २६ | ९६ | १०५ | १०० |
| ५ | अर्घाखाँची | ३२४ | ३१६ | ३३० | ३४ | ३८ | ४६ | ९७ | १०० | १०० |
| ६ | पाल्पा | ३५५ | ३१५ | ३५० | ४८ | ४३ | ४३ | ९३ | १०० | १०० |
| ७ | नवलपरासी पश्चिम | १७४ | १८७ | १७० | ११ | १३ | ११ | ९० | १०१ | १०० |
| ८ | रुपन्देही | १२१ | १४५ | १३४ | १० | १४ | १२ | ९९ | ९७ | १०० |
| ९ | कपिलबस्तु | १२८ | १२२ | १३३ | ६ | ५ | ५ | ९९ | १०० | १०४ |
| १० | दाङ्ग | २३९ | २५० | २६३ | २८ | २८ | २६ | ९९ | १०० | १०० |
| ११ | बाँके | २०८ | २२३ | ३०८ | २६ | २५ | ३० | १०० | १०० | १०० |
| १२ | बर्दिया | ४०१ | ३९१ | ३७५ | २५ | २४ | २४ | १०१ | १०१ | १०० |
| | लुम्बिनी प्रदेश | २४८ | २४५ | २६० | २९ | २७ | २८ | ९६ | १०० | १०० |

माथिको तालिका अनुसार आ.व. २०७९/८० को तुलनामा आ.व. २०८०/८१ मा लुम्बिनी प्रदेशमा श्वास-प्रश्वासका बिरामीको दर २४५ जना प्रति हजारबाट बढेर २६० जना प्रति हजार पुगेको छ। त्यसैगरी ५ वर्षमुनिका वालवालिकाहरुमा नयाँ श्वास-प्रश्वासका मध्ये निमोनियाको प्रतिशत दर गत आ.व.मा २७ बाट चालु आ.व. मा २८ जना प्रति हजारमा पुगेको देखिन्छ। साथै निमोनिया भएका सबै बालबालिकाहरुले एन्टिवायोटिकबाट उपचार पाएका छन।

**तालिका नं. ४ पाँचबर्ष मुनिका बालबालिकाहरु प्रदान गरेको सेवा**

| आ.व. | जम्मा सँख्या | | | | | | प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा बिरामी बालबालिकाहरु | श्वासप्रश्वास | झाडापखाला | आउँ/रगत | कानको समस्या | ज्वरो | श्वासप्रश्वास | झाडापखाला | आउँ/रगत | कानको समस्या | ज्वरो |
| २०७९/०८० | ३२३८९६ | ११५१०९ | ५१९८४ | २४१४ | १४२२५ | ६५७४३ | ३६ | १६ | १ | ४ | २० |
| २०८०/०८१ | ३४५९५२ | १०८७२६ | ५६६२७ | २३६३ | १३३८५ | ७२१९८ | ३१ | १६ | १ | ४ | २१ |

माथि तालिकामा विगतका दुई आ.व. मा २ महिना देखी ५९ महिनाका बिरामी बालबलिकाहरुले स्वास्थ्य संस्थाबाट सेवा लिएको संख्या र प्रतिशत देखाईएको छ। आर्थिक २०८०/०८१ मा २ महिना देखि ५ वर्ष सम्मका जम्मा ३ लाख ४५ हजार ९५२ जना (३४५,९५२) बालबलिकाहरु उपचार सेवा पाएका छन्। जस अनुसार कुल जम्मा विरामी मध्ये, श्वास प्रश्वासका बिरामी ३१%, ज्वरो २१%, झाडा पखाला १६%, कानको समस्या भएका ४% र आउँ रगत १% रहेको देखिन्छ।

चित्र.२ **पाँचबर्ष मुनिका बालबालिकाहरुमा झाडापखलाको प्रकोप दर**




यस आ.व.मा लुम्बिनी प्रदेशका प्रति १००० बालबालिकाहरु मध्ये १३५ जनालाई झाडापखाला लागेको देखिन्छ। गत आ.व. २०७९/०८० को तुलनामा आ.व. २०८०/०८१ झाडापखालाका बिरामी बढेको देखिन्छ। जिल्लागत रुपमा हेर्दा सबैभन्दा बढी रुकुमपुर्वमा ३६८ जना र सबै भन्दा कम रुपन्देहीमा ८६ जना प्रतिहजार रहेको देखिन्छ।

चित्र.३ **पाँचबर्ष मुनिका बालबालिकाहरुमा झाडापखल लागेका विरामीको जिङ्क चक्कि र पुर्नजलिय झोलबाट उपचार**



माथिको चित्रमा आ.व.२०८०/८१ मा लुम्बिनी प्रदेशका पाँच वर्ष मुनिका झाडापखला लागेका १००% लाई बालबालिकाहरुलाई जिंक र पुनर्जलिय झोलबाट उपचार गरिएको तथ्याङ्कले देखाएको छ। आ.व. २०८०/८१ मा लुम्विनी प्रदेशका सबै जिल्लाहरुमा झाडापखाला लागेका सबै बालबालिकाले जिंक र पुनर्जलिय झोलबाट उपचार पाएका छन ।

## कार्यक्रमका चुनौती र समाधानका उपायहरु

| क्र.स. | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | IMNCI उपचार निर्देशिका कम उपयोग भएको। | • तालिम प्राप्त सबै स्वास्थ्य सँस्थाहरुमा IMNCI उपचार निर्देशिका उपयोग गर्नु पर्ने।<br>• अनुगमन तथा स्थलगत अनुशिक्षणलाई प्रभावकारी बनाइ प्रत्येक स्वास्थ्य संस्थामा परिमार्जित प्रोटोकल अनुसारको उपचार प्रणाली प्रभाबकारी रुपमा लागु गराउने । | स्थानीय तह र अस्पतालहरु |
| २ | **क्षमता अभिवृद्धि** | नयाँ नियुक्त भएका स्वास्थ्यकर्मीहरुका लागि IMNCI तालिम उपलब्ध गराउनु पर्ने। | स्वास्थ्य निर्देशनालय र साझेदार संघ-संस्थाहरु |
| ३ | **आपूर्ति व्यवस्थापन** | ARI Timer, Weight Machine, Vitamin "K", Baby Warmer, Chlorhexidine ointment, Digital thermometer, and treatment booklets.<br>ORS & Zinc and Amoxicillin<br>नाभि मलम, digital thermometer, IMNICI रजिष्टर, Picture booklet आदिको नियमित आपुर्तिको व्यवस्था मिलाउने। | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्थानीय तह र साझेदार संस्थाहरु |

| | | | |
|---|---|---|---|
| ४ | **सेवाको अभिलेखन** | सबै स्वास्थ्यकर्मीलाई HMIS तालिमको व्यवस्था हुनु पर्नेर नियमित Recording/Reporting मा सुधारको लागि नियमित अनुगमन र RDQA गर्नु पर्ने । | स्थानीय तह, स्वास्थ्य कार्यलय र स्वास्थ्य निर्देशनालय |

## ३.३ पोषण कार्यक्रम

**पृष्ठभूमी**

जनस्वास्थ्यको दृष्टिकोणले पोषण कार्यक्रम प्राथमिकता प्राप्त कार्यक्रम हो। बालबालिका, महिला तथा किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न विगत लामो समय देखि विभिन्न प्रयासहरु हुँदै आएको देखिन्छ। यसै सन्दर्भमा नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने व्यवस्था गरेको छ। पोषण कार्यक्रमको प्रमुख लक्ष्य "पोषण कार्यक्रमलाई सम्बन्धि क्षेत्रहरुसँग मिलेर प्रभावकारीरुपमा लागु गरी सबै नेपाली जनताको पोषण स्थिति राम्रो बनाई तिनीहरुले स्वास्थ्य जीवन कायम गर्न सकुन र तिनीहरुले देशको समग्र सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउन सकुन" भन्ने रहेको छ। न्युनपोषणको समस्याले बालबालिकाको शारिरिक, मानसिक, तथा संवेगात्मक विकासमा बाधा पुऱ्याई देशको समग्र सामाजिक, आर्थिक तथा मानविय विकासमा प्रतिकुल प्रभाव पर्दछ। शिशु अवस्था वाल्यकालमै मृत्यु हुने जोखिममा बृद्धि हुन्छ भने जीवित रहेकाहरुको समेत क्षमताको क्षय हुन्छ। नेपालमा खासगरी प्रोटीन शक्तिको कमी, भिटामिन "ए" को कमी, आयोडिन तथा आईरन तत्वको कमीको कारणले कुपोषित भएको पाइएको छ।

सन् १९७० को दशक देखि विभिन्न पोषण सर्वेक्षण, आवधिक योजनामा पोषणलाई प्राथमिकता, राष्ट्रिय पोषण नीति तथा रणनीति (२००४) को विकास, राष्ट्रिय पोषण रणनीति (२०७६) सर्वेक्षणको आधारमा बालबालिकालाई भिटामिन "ए" क्याप्सुल र बहुसुक्ष्म तत्व (बाल भिटा) तथा गर्भवती र सुत्केरी महिलालाई आइरन फोलिक एसिड चक्की वितरण लगायत कुपोषणको समस्यालाई सम्वोधन गर्न बहुक्षेत्रीय निकायको संयुक्त प्रयासको लागि बहुक्षेत्रीय पोषण योजना पहिलो (२०६९-२०७३) ,दोस्रो (२०७५/७६-२०७९/८०) र तेस्रो (२०८०/८१-२०८७/८८ को कार्यान्वयन भएको छ। पोषणको विद्यमान अवस्था सुधार्नको लागि पोषण सम्बन्धि सेवाहरुको विस्तार (Scaling up Nutrition) अभियानको माध्यमबाट पोषण सम्बन्धी बानी व्यवहारलाई सकरात्मक दिशा तर्फ रुपान्तरण गर्न आवश्यक छ।

विश्वमा पाँच वर्ष मुनिका करिव ४५ प्रतिशत बालबालिकाको मृत्यु कुपोषणको कारणले हुने गरेको अध्ययनहरुले देखाएका छन् (Lancet Child Health and Nutrition Series,२०१३)। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार नेपालका पाँच वर्ष मुनिका बालबालकिाहरुमा २५ प्रतिशत पुड्कोपन, १९ प्रतिशत कम तौल तथा ८ प्रतिशत ख्याउटेपन रहेको छ।त्यसैगरी ६ देखि ५९ महिनाको बालबालिकामा ४३ प्रतिशत, १५ देखि १९ बर्ष भित्रका किशोरीहरुमा ३९ प्रतिशत रक्तअल्पताको समस्या रहेको छ । साथै प्रजनन् (१५-४९ वर्ष) उमेर समुहका महिलाहरुमा ३४ प्रतिशत रक्तअल्पताको समस्या तथा १७ प्रतिशत दीर्घ शक्तिको कमि रहेको अवस्था छ (NDHS-२०२२)। न्यून पोषण लुम्बिनी प्रदेशको एक प्रमुख समस्याको रुपमा रहेको छ । विगतको तुलनामा नेपालले पोषणको क्षेत्रमा केहि प्रगति गरेको देखिन्छ। महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण गर्न अनुकरणीय काम गरेकोमा नेपाललाई 'संयुक्त राष्ट्र संघ

ग्लोबल च्याम्पियन अवार्ड २०१७' बाट सम्मानित गरिएको छ। यस्ता घटनाहरुले अहिले सम्म गरेको प्रगति देखाउँछ र स्वास्थ्यक्षेत्रलाई अझ राम्रो गर्नको लागी प्रोत्साहित गर्दछ।

**तालिका नं. १ नेपालको पोषण सम्बन्धि लक्ष्य र वर्तमान स्थिति**

| सूचक | नेपाल २०२१ | लुम्बिनी प्रदेश २०२१ (NDHS) | बहुक्षेत्रीय पोषण योजना २०३० (तेस्रो) | दीगो विकास लक्ष्य २०३० |
|---|---|---|---|---|
| पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने पुड्कोपनको दर | २५ | २५ | १६ | <१५ |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने ख्याउटेपनको दर | ८ | १६ | ४ | ४ |
| कम तौलको बच्चा जन्मिने दर | १२* | १३* | २ | <१.४ |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने कमतौलको दर | १९ | २३ | ११ | ९ |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने मोटोपनको दर | १ | १ | <१ | <१ |
| शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपान गराउने दर | ५६ | ३६ | ९० | ९० |
| प्रजनन् उमेर (१५–४९ वर्ष) का महिलाहरुमा हुने रक्त अल्पत्ताको दर | ३४ | ४४ | ११ | १० |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने रक्तअल्पत्ताको दर | ४३ | ४९ | १२ | १० |
| जन्मेको १ घण्टा भित्र स्तनपान सुरु गर्ने दर | ५६ | ६३ | १०० | १०० |

स्रोत: NDHS २०२२ *श्रोत: HMIS/ DIHS-2

**आ.व. २०८०/८१ मा सञ्चालित कार्यक्रम/क्रियाकलापहरु**

- लुम्बिनी प्रदेशमा पोषणको अवस्था वारे प्रश्थावना तयार गरी राष्टिय योजना आयोगमा पेश भए अनुसार त्रिवर्षिय पोषण विशेष अनुदान प्राप्त भएको ।
- बिद्यालय जाने किशोरीहरुमा रक्तअल्पता परिक्षण गरी किशोरी आईरन कार्यक्रम प्रभावकारी गराईएको ।
- Smart Survey ( कपिलवस्तु र रुकुमपूर्व )
- विद्यालय नर्स कार्यक्रमको निरन्तरता ।
- समुदाय स्तरमा कुपोषित बालबालिकाको खोजपडताल तथा व्यबस्थापन ।
- सिकलसेल तथा थालेसिमिया स्किनिङ , प्रेषण र व्यवस्थापन ।
- प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा सञ्चालन ।
- प्रदेश पोषण प्राविधिक समिति (NUTEC) गठन तथन सञ्चालन ।

- बालबलिकाको वृद्धि अनुगमन तथा परामर्श कार्यक्रमहरु ।
- गर्भवती महिलालाई आईरन फोलिक एसिड र जुकाको औषधी वितरण कार्यक्रम ।
- सुत्केरी महिलालाई भिटामिन "ए" र आईरन बितरण कार्यक्रम।
- पाँच वर्ष मुनीका बालबलिकालाई भिटामिन "ए" र जुकाको औषधी बितरण कार्यक्रम ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (विद्यालयका छात्रछात्राहरुलाई जुकाको औषधी वितरण एवम् किशोरीहरुका लागि आईरन फोलिक एसिड वितरण कार्यक्रम)।
- पोषण सप्ताह, आयोडिन महिना तथा स्तनपान सप्ताह एवं पोषण सम्बन्धी विभिन्न दिवस मनाईने कार्यक्रमहरु ।
- मातृ, शिशु तथा बाल्यकालिन पोषण (MIYCN) कार्यक्रम।
- बाल भिटा वितरण कार्यक्रम (Micronutrient powder (MNP) -१२ वटै जिल्लाहरु)
- शिघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम (IMAM Program-१२ वटै जिल्लाहरु)
- पोषण पुनर्स्थापना गृह (लुम्बिनी प्रादेशिक अस्पताल, भेरी अस्पताल, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान)
- आपतकालिन अवस्थामा पोषण (Nutrition in emergency)।
- मातृशिशु मैत्री अस्पताल अभियान कार्यक्रम ।( भेरी अस्पताल, राप्ति प्रादेशिक अस्पताल, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान, कपिलवस्तु अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, भिम अस्पताल, पृथ्वीचन्द्र अस्पताल, शिवराज आधारभूत अस्पताल कपिलवस्तु, हरनामपुर प्राथमिक स्वास्थ्य केन्द्र कपिलवस्तु, महाराजगन्ज प्राथमिक स्वास्थ्य केन्द्र कपिलवस्तु, यशोधरा आधारभूत अस्पताल कपिलवस्तु, रायपुर प्राथमिक स्वास्थ्य केन्द्र रुपन्देही, धकधई प्राथमिक स्वास्थ्य केन्द्र रुपन्देही, जगजाथपुर आधारभूत अस्पताल नवलपरासी पश्चिम र पाली आभारभूत अस्पताल नवलपरासी पश्चिम ।
- अस्पतालहरुमा स्तनपान परामर्शकर्ताको व्यवस्थापन (लुम्बिनी प्रादेशिक अस्पताल, भेरी अस्पताल, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान)
- पोषण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठी।
- आमाको दुध प्रतिस्थापन गर्ने बस्तुहरुको (बिक्रि वितरण नियन्त्रण) ऐन २०४९ सम्बन्धि अभिमुखिकरण ५२ स्थानिय तहका तोकिएका निरिक्षक।

## वृद्धि अनुगमन तथा प्रवर्द्धन

वृद्धि अनुगमन राष्ट्रिय पोषण कार्यक्रमको एउटा प्रमुख कार्यक्रम हो जस अन्तर्गत जन्मदेखि २ बर्ष उमेर सम्मका बालिबालिकाको नियमित तौल लिई उमेर अनुसारको तौल भए/नभएको बारेमा लेखाजोखा गरिन्छ। यसको लागि बालबालिकाको तौल मापन गरी बाल स्वास्थ्य कार्डको वृद्धि अनुगमन चार्ट भर्ने गरिन्छ र आमा तथा स्याहारकर्तालाई बालबालिकाको वृद्धि अनुगमनको अवस्थाको बारेमा जानकारी गराई सो अनुरुप आवश्यक पोषण परामर्श तथा उचित प्रेषण गरिन्छ। २ वर्ष भन्दा मुनिका बच्चाहरुको वृद्धि अनुगमन गर्नाले प्रोटिन-इनर्जी कुपोषण नियन्त्रण गर्छ र बाल मृत्युदर कम गराउदँछ। स्वास्थ्य संस्थाहरुमा बिश्व स्वास्थ्य संगठनको "Child growth standards" अनुसार मासिक रुपमा स्वास्थ्यकर्मिहरुद्वारा वृद्धि अनुगमन गरिन्छ।

लुम्बिनी प्रदेशमा ०-११ महिनाका वालवालिकाहरुमा वृद्धि अनुगमनको लागि ११०% प्रतिशत दर्ता गरिएको छ, जुन गत आ.व.मा पनि ११०% नै रहेको थियो। आ.व. २०८०/८१ मा वृद्धि अनुगमनको सबै भन्दा उच्चतम कभरेज रुपन्देही जिल्लामा १३५% प्रतिशत र अर्घाखाची सवै भन्दा कम ७५% प्रतिशत रहेको छ । यस आ.व. वृद्धि अनुगमन गरिएको मध्ये प्रादेशिक स्तरमा २.६०% प्रतिशत वालवालिकाहरुमा कम तौल रहेको देखिन्छ।चित्र २ अनुसार उच्चतम दर बर्दिया ६.३% प्रतिशत रहेको छ भने गुल्मी जिल्लामा ०.६% सबैभन्दा कम रहेको छ।




चित्र न २-कम तौल %

## औसत वृद्धि अनुगमन पटक

आ.व. २०८०/८१ मा प्रदेश स्तरमा प्रति बच्चा वृद्धि अनुगमन औसतमा १२ पटक रहेको छ।औसत वृद्धि अनुगमन दर पहिलेको आ. व. को भन्दा सबै जिल्लाहरुमा बढेको पाईन्छ ।औसत

वृद्धि अनुगमन दर सबै न्दा उच्चतम पाल्पामा प्रति बच्चा २० पटक रहेको छ भने रुकुम पूर्वीभाग जिल्लामा ८ पटक रहेको छ।



चित्र नं. २ औसत वृद्धि अनुगमन पटक

श्रोतः HMIS/DIHS

## शिशु तथा बाल्यकालिन पोषण

शिशु तथा बालबालिकाहरुको लागि उचित खुवाउने र हेरचाहको अभ्यास उनीहरुको जीवन रक्षा, वृद्धी र विकासका लागि महत्वपुर्ण छ ।बच्चा जन्मेको एक घण्टा भित्रमा स्तनपान, छ महिना सम्म पुर्ण स्तनपान र छ महिनाबाट सुरु हुने प्रर्याप्त र उपयुक्त पुरक आहारा प्रदान गर्ने र दुई बर्ष उमेर सम्म निरन्तर स्तनपान सम्बन्धिको बानी व्यहोरामा सुधारका लागि स्तनपान लगायत विविध खाद्यपदार्थको सेवन प्रवर्द्धनका लागि आवश्यक ज्ञान तथा सिप अभिवृद्धि गरिन्छ ।



चित्र नं. ३ महिनासम्म पुर्ण स्तनपान

श्रोतः HMIS/DIHS-2

यस आ.व.२०८०/८१ मा वृद्धि अनुगमनमा आएका मध्ये प्रदेश स्तरमा ७२ प्रतिशत बालबालिकाले पुर्ण स्तनपान गरेको पाईन्छ, जुन अघिल्लो आ.व.को तुलानामा ११ प्रतिशतले बढेको देखिन्छ । जिल्ला स्तरमा हेर्दा अर्घाखाचीमा सबै भन्दा धेरै ११४ प्रतिशत रहेको छ भने कम पाल्पा जिल्लामा ६१ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ ।

**चित्र नं. ४ वृद्धि अनुगमनमा आएका मध्ये जन्मेको छ महिना पछि आमाको दुध सँगसँगै ठोस तथा नरम खान ख़ुवाउनेको दर**




श्रोतः HMIS/DIHS-2

यस आ.व.२०८०/८१ मा वृद्धि अनुगमनमा आएका मध्ये प्रदेश स्तरमा ८० प्रतिशत बालबालिकाले छ महिना पछि आमाको दुध सँगसँगै ठोस, अर्ध-ठोस तथा नरम पुरक खाना खाएका छन् । जुन अघिल्लो आ.व.को तुलानामा १२ प्रतिशतले वृद्धि भएको देखिन्छ । जिल्ला स्तरमा हेर्दा रुपन्देहीमा सबै भन्दा धेरै १०१ प्रतिशत रहेको छ भने कम कपिलवस्तु जिल्लामा ६८ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ ।

## शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम

शिघ्र कुपोषणको कारणले हुने मृत्युदर घटाउने उद्देश्यले समुदाय स्तरमै शीघ्र कुपोषणको उपचार तथा व्यवस्थापन गर्ने अवधारणा अनुरुप शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको हो । शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रममा स्वास्थ्यकर्मीहरुले ५ बर्ष मुनिका बाल-बालिकामा हुने शीघ्र कुपोषणलाई समुदायमा आधारित बहिरंग सेवा (OTC) र अन्तरंग (ITC) मार्फत उपचार गर्ने गर्दछन । यस अन्तर्गत कुनै पनि चिकित्सकीय जटिलता बिना कडा कुपोषण मात्र भएका बालबालिकाको उपचार तोकिएको स्वास्थ्य संस्थाहरुबाट बहिरंग सेवा मार्फत हुन्छ भने चिकित्सकीय जटिलता सहित कडा शीघ्र कुपोषण भएका बालबालिकाको उपचार तोकिएको अस्पतालहरुबाट अन्तरँग सेवा मार्फत हुन्छ। हाल यो कार्यक्रम लुम्बिनी प्रदेशका १२ वटै

जिल्लाहरुमा सञ्चालन भईरहेको छ। यस कार्यक्रममार्फत कडा शीघ्र कुपोषण भएका बालबालिकाहरुलाई उपचारमा सहज पहुँच गराई समुदाय वा घरमै उपचार गर्न सकिन्छ ।हाल आ.व. २०८०/८१ मा जिल्ला अनुसार बहिरङ्ग उपचार केन्द्र (OTC) निम्न अनुसार रहेका छन् ।

**तालिका नं.२ जिल्ला अनुसार बहिरङ्ग उपचार केन्द्र (OTC)को विवरण**

| क्र.स. | जिल्ला | OTC संख्या | क्र.स. | जिल्ला | OTC संख्या |
|---|---|---|---|---|---|
| १ | रुकुम | ५ | ८ | गुल्मी | १२ |
| २ | बाँके | २७ | ९ | अर्घाखाची | ९ |
| ३ | रोल्पा | १० | १० | बर्दिया | ३५ |
| ४ | प्यूठान | २५ | ११ | कपिलवस्तु | ४१ |
| ५ | नवलपरासी | ३१ | १२ | दाङ | २२ |
| ६ | पाल्पा | १२ | कुल जम्मा | | २७२ |
| ७ | रुपन्देही | ४३ | | | |

श्रोतः स्वास्थ्य कार्यालय

यस आ.व.२०८०/८१ मा लुम्बिनी प्रदेशमा कुल २७२ वटा स्वास्थ्य संस्थाबाट बहिरङ्ग उपचार सञ्चालनमा रहेका छन् । कम्तिमा प्रति स्थानिय तहमा १ स्वास्थ्य संस्थाबाट बहिरङ्ग उपचार केन्द्र रहेको छ ।जिल्ला स्तरमा हेर्दा रुपन्देहीमा सबै भन्दा धेरै ४३ वटा छन् भने कम रुकुम पुर्वीभाग जिल्लामा ५ वटा रहेको देखिन्छ ।

**तालिका नं. ३ जिल्ला अनुसार कडा कुपोषणको विवरण**

| प्रदेश/ जिल्ला | कडा कुपोषणको संख्या | | कडा कुपोषण मध्ये निको भएको संख्या | | उपचारमा अनिमितता (Defaulter) संख्या | | कडा कुपोषणका कारण मृत्यु | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ |
| लुम्बिनी प्रदेश | १९९२ | २५५५ | १५९५ | १९७६ | २६५ | २५० | ७ | ६ |
| रुकुम पूर्वीभाग | ५ | ९ | १ | ७ | | १ | ० | ० |
| रोल्पा | ४३ | ५४ | २४ | ३३ | १५ | १० | १ | ० |
| प्यूठान | ३५ | ४२ | २६ | ३९ | १३ | ३ | १ | १ |
| गुल्मी | ३४ | १७ | ३४ | १४ | ५ | २ | ० | ० |

| प्रदेश/ जिल्ला | कडा कुपोषणको संख्या | | कडा कुपोषण मध्ये निको भएको संख्या | | उपचारमा अनिमितता (Defaulter) संख्या | | कडा कुपोषणका कारण मृत्यु | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ |
| अर्घाखाची | ५ | १० | १ | ४ | १ | ४ | ० | ० |
| पाल्पा | २० | २२ | ४ | १९ | २ | ० | ० | ० |
| नवलपरासी पश्चिम | १९९ | २२४ | १८८ | १४५ | ४८ | १४ | १ | ० |
| रुपन्देही | ३९५ | ५७७ | २९५ | ५३५ | ३९ | ३८ | ० | १ |
| कपिलवस्तु | ३१३ | ६८९ | १९५ | ४११ | ४८ | १२२ | १ | ० |
| दाङ | २३२ | १९६ | १६७ | १३८ | ३४ | १५ | ० | १ |
| बाँके | ४२५ | ४३७ | ३९२ | ३९० | २६ | १७ | २ | ३ |
| बर्दिया | २८६ | २७८ | २६८ | २४१ | ३४ | २४ | १ | ० |

श्रोतः HMIS/DIHS-2

यस आ.व.२०८०/८१ मा लुम्बिनी प्रदेशमा २५५५ जना ६ महिना देखि ५९ महिना सम्मका बालबालिकामा कडा कुपोषण भएका भएको पाईएको छ । जुन अघिल्लो आ.व.को तुलानामा ५६३ जना थप कुपोषित भएको देखिन्छ ।

## आईरनको कमीले हुने रक्तअल्पताको रोकथाम तथा नियन्त्रण कार्यक्रम

राष्ट्रिय पोषण कार्यक्रम अन्तर्गत पोषणको कमीबाट हुने रक्तअल्पताको नियन्त्रण र रोकथामका कार्यक्रम कार्यान्वयन गरिन्छ।

## आइरन फोलिक एसिड वितरण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरुलाई गर्भ रहेको दोश्रो चौमासिक देखि शिशु जन्मेको ४५ दिनसम्म दिनहुँ एक चक्कि आइरन फोलिक एसिड खुवाईन्छ। लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा अनुमानित गर्भवति मध्ये ८१ प्रतिशत गभर्वति महिलाहरुले १८० चक्की आईरन तथा फोलिक एसिड प्राप्त गरेको देखिन्छ। जिल्ला गत तवरले हेर्दा सबै भन्दा बढी कभरेज रुपन्देही जिल्लामा ११५ प्रतिशत छ भने सबै भन्दा कम अर्घाखाची जिल्लामा ६० प्रतिशत रहेको छ।



चित्र नं. ५ गर्भावस्थामा १८० चक्की आईरन र फोलिक एसिड प्राप्त गर्ने महिला % मा

लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा सुत्केरी अवस्थामा अनुमानित जीवित जन्म मध्ये ९९ प्रतिशत सुत्केरी महिलाहरुले ४५ चक्की आईरन तथा फोलिक एसिड(IFA) प्राप्त गरेको देखिन्छ। जिल्लागत तवरले हेर्दा सबै भन्दा बढी कभरेज नवलपरासी पश्चिम जिल्लामा ११७ प्रतिशत छ । भने सबै भन्दा कम बाँके जिल्लामा ७८ प्रतिशत रहेको पाईन्छ ।

चित्र नं. ६ सुत्केरी अस्थामा ४५ चक्की आईरन र फोलिक एसिड प्राप्त गर्ने महिला % मा




श्रोत: HMIS/DIHS-2

## बाल भिटा (बहु सूक्ष्म पोषक तत्व) प्रवर्द्धन कार्यक्रम

शिशु तथा बालबालिकामा व्याप्त आइरनको कमीले हुने रक्तअल्पताको रोकथामको लागि नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले ६ महिनादेखि २ बर्षसम्मका बालबालिकालाई Home Fortification मार्फत उनीहरुको खानामा मिसाएर खुवाउने बाल भिटा वितरण कार्यक्रम सुरु गरेको हो। हाल यो कार्यक्रम लुम्बिनी प्रदेशको १२ वटै जिल्लाहरुमा सञ्चालन भईरहेको छ। जिल्लाहरुमा बाल भिटा कार्यक्रमलाई मातृ शिशु तथा बाल्यकालिन पोषण कार्यक्रमसँग एकिकृत गरी बालबालिकालाई किन र कसरी बाल भिटा खुवाउने भनी पोषण शिक्षा तथा परामर्शका साथ सञ्चालन गरिन्छ ।

**तालिका नं.४ बाल भिटा वितरणको अवस्था**

| प्रदेश/जिल्ला | प्रथम सत्र (६० स्याचेट) बाल भिटा प्राप्त गर्ने ६-२३ महिनाका वालवालिका % मा | | | तीन सत्र (१८० स्याचेट) बाल भिटा प्राप्त गर्ने ६-२३ महिनाका वालवालिका % मा | | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| लुम्बिनी प्रदेश | २२ | ४९ | ५५ | ४ | ७ | १६ |
| रुकुम पूर्वीभाग | ५१ | ३६ | ५७ | ७ | ४ | १० |
| रोल्पा | २२ | २० | ४७ | २ | २ | ११ |
| प्युठान | १ | ४३ | ७७ | ० | १ | ७ |
| गुल्मी | ६ | १०२ | ६१ | ० | २ | ३७ |

| प्रदेश/जिल्ला | प्रथम सत्र (६० स्याचेट) बाल भिटा प्राप्त गर्ने ६-२३ महिनाका वालवालिका % मा | | | तीन सत्र (१८० स्याचेट) बाल भिटा प्राप्त गर्ने ६-२३ महिनाका वालवालिका % मा | | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| अर्घाखाची | ० | ७२ | ७३ | ० | १ | २० |
| पाल्पा | २३ | ५३ | ५९ | ६ | ७ | २२ |
| नवलपरासी पश्चिम | १९ | ७७ | ६८ | ६ | १३ | ३४ |
| रुपन्देही | २६ | ५२ | ५७ | ६ | १६ | १९ |
| कपिलवस्तु | २२ | ३४ | ३४ | ४ | ४ | ९ |
| दाङ | १८ | २४ | ४९ | २ | १ | ६ |
| बाँके | २१ | ६३ | ५९ | ० | २ | १२ |
| बर्दिया | ५२ | ४९ | ५९ | ११ | १२ | २३ |

श्रोतः HMIS/DIHS-2

लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा ५५ प्रतिशत ६-२३ महिनाका बालबालिकाहरुले प्रथम चक्र (६० स्याचेट) बाल भिटा प्राप्त गरेका छन् भने १६ प्रतिशतले मात्र तीन चक्र (१८० स्याचेट) बाल भिटा प्राप्त गरेका छन् । जिल्लागत रुपमा हेर्दा मात्र तीन चक्र (१८० स्याचेट) बाल भिटा पुरा गर्नेमा गुल्मी जिल्लाको कभरेज उच्चतम देखिन्छ ।

## आयोडिनको कमीले हुने विकृतिको रोकथाम र नियन्त्रण

आयोडिनको कमिले देखापर्ने विभिन्न विकृतिहरुको रोकथाम तथा नियन्त्रण गर्ने एक मात्र कार्यक्रमको रुपमा नेपाल सरकारले खाने नुनमा आयोडिन सम्मिश्रण गरी वितरण गर्ने गरेको छ र प्रयाप्त मात्रामा आयोडिन सम्मिश्रण भएको नूनलाई "दुई बालबालिकाको चिन्ह" अँकित लोगो मार्फत प्रबर्द्धन गरिएको छ । राष्ट्रिय पोषण कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट सिफारिश गरिएको "दुई बालबालिकाको चिन्ह" अँकित पर्याप्त मात्रामा आयोडिन सम्मिश्रण भएको नून उपभोग गर्न पोषण शिक्षा तथा परामर्श दिईन्छ ।

## भिटामिन "ए" को कमीको नियन्त्रण तथा रोकथाम कार्यक्रम

यस कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयम सेविकाहरुद्वारा वर्षको २ पटक (वैशाख र कार्तिक) मा ६-५९ महिनाका बालबालिकालाई भिटामिन "ए" क्याप्सुल खुवाईन्छ (६ देखि ११ महिनाः १,००,०० आई.यु, १२ देखि ५९ महिनाः २,००,००० आई.यु) साथै, दादुरा, कडा कुपोषण, दीर्घ झाडापखाला र भिटामिन "ए"को कमीबाट हुने आँखा सम्बन्धि रोगहरुको स्वास्थ्य संस्थाहरुबाट भिटामिन "ए" क्याप्सुल द्वारा उपचार गरिन्छ। त्यसैगरी शिशुलाई स्तनपान मार्फत भिटामिन "ए"

को आपूर्ति गर्ने उद्देश्यले सुत्केरी महिलाहरुलाई शिशु जन्मेको ६ हप्ताभित्र स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयम् सेविकाहरुबाट एक क्याप्सुल (२००,००० आई.यु.) खुवाईन्छ।

चित्र नं. ७ राष्ट्रिय भिटामिन ए को कभरेज




श्रोतः HMIS/DIHS-2

लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा राष्ट्रिय भिटामिन "ए" कभरेज १०९ प्रतिशत र गत आ व मा ९९ प्रतिशत रहेको छ । जिल्लागत तवरले हेर्दा सबै भन्दा बढी कभरेज अर्घाखाची जिल्लामा १२५ प्रतिशत रहेको छ।

**जुकाको औषधि वितरण कार्यक्रम (परजिवी नियन्त्रण कार्यक्रम)**

यस कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयमसेविकाहरुद्वारा वर्षको २ पटक राष्ट्रिय भिटामिन "ए" कार्यक्रम सँगै (१२ देखि २३ महिनाः २०० मि.ग्रा., २ देखि ५९ महिनाः ४०० मि.ग्रा.) जुकाको औषधि अलबेन्डाजेल एक मात्रा खुवाईन्छ ।

लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा जुकाको औषधिको कभरेज १०६ प्रतिशत तथा गत आ व मा ९४ प्रतिशत रहेको छ। जिल्लागत तवरले हेर्दा सबै भन्दा बढी कभरेज अर्घाखाची जिल्लाको १२८ प्रतिशत र कम कपिलवस्तु जिल्लाको ७१ प्रतिशत रहेको छ ।




चित्र नं. ८ जुकाको औषधि वितरण कार्यक्रम प्रगति % मा

श्रोतः HMIS/DIHS-2

## किशोरीहरुलाई आइरन फोलिक एसिड चक्की खुवाउने

आर्थिक वर्ष २०७२ र २०७३ देखि बाल स्वास्थ्य महाशाखाले किशोरीहरूमा आइरनको कमीले हुने रक्तअल्पताको व्यापकता न्यून गर्नका लागि विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयहरुमा साप्ताहिक रुपमा किशोरीहरुलाई आइरन तथा फोलिक एसिड खुवाउने कार्यको सुरुवात गरिएको छ। यस कार्यक्रम अन्तरगत बर्षको दुई पटक श्रावण -असोज (१३ पहिलो चरणमा १३ हप्ता) र माघ—चैत्र (दोश्रो चरणमा १३ हप्ता) मा विद्यालयहरु मार्फत १० देखि १९ वर्षका किशोरीहरुलाई हप्ताको एकचोटी एक मात्रा आइरन फोलिक एसिड (६० मि.ग्रा. आईरन र ४०० मा.ग्रा फोलिक एसिड) खुवाउने गरिन्छ। साथै, विद्यालय नजाने किशोरीहरुलाई स्वास्थ्य संस्थाले महिला स्वास्थ्य स्वयंसेविका मार्फत् समुदाय तथा वडामा आइरन फोलिक एसिड् चक्की वितरण गर्ने गरिन्छ। उक्त चक्की वितरणको समयमा विद्यालयमा शिक्षकले र समूदायमा महिला स्वास्थ्य स्वयंसेविकाले विद्यालय जाने तथा नजाने किशोर किशोरीलाई विभिन्न खाद्य समूहको बारे जानकारी दिई ती खाद्य समूहको दैनिक खानामा प्रयोगले उनीहरुको पोषण स्वास्थ्यमा पार्ने असर बारे सूसूचित गर्दछन्। यसका अलावा शारिरिक तन्दुरुस्ति र पोषण सुस्वास्थ्यका लागि दैनिक रुपले कम्तिमा ६० मिनेट अतिरिक्त शारिरिक परिश्रम र विरामी हुनबाट बच्नका लागि सूरक्षित खानेपानी तथा सरसफाईको महत्वको बारे पनि जानकारी गराइन्छ। हाल लुम्बिनी प्रदेशका सबै जिल्लाहरुमा यो कार्यक्रम संचालन मा रहेको र किशोरीहरुलाई आइरन फोलिक एसिड चक्की खुवाइरहेको छ।

चित्र नः ९ किशोरी आइरन फोलिक एसिड कार्यक्रम २०८०।८१




## सामुदायिक विद्यालयका किशोर किशोरीहरुको रक्तअल्पता परीक्षण तथा व्यवस्थापन

यस आ.व. २०८०।८१ मा लुम्बिनी प्रदेश सरकारको पहलमा १२ वटा स्वास्थ्य कार्यालय मार्फत सामुदायिक बिद्यालयमा अध्ययन गर्ने १० देखि १९ वर्ष सम्मका किशोरीहरुमा रक्तअल्पता परिक्षण गरिएको थियो। लुम्बिनी प्रदेशका २७२ वटा सामुदायिक बिद्यालयका ४२२७२ किशोरीको रक्तनमुना परिक्षण गर्दा १२१७९ जनामा रक्तअल्पता देखिएको छ, जस अनुसार २७ प्रतिशत हो ।

तालिका नं. ५ किशोरी रक्तअल्पता परिक्षण र नतिजा

| जिल्ला | बिद्यालय संख्या | कुल किशोरी संख्या | रक्त अल्पता संख्या | रक्तअल्पता प्रतिशत |
|---|---|---|---|---|
| रुकुम पूर्व | ४९ | १९०७ | २१३ | ११ |
| रोल्पा | २० | ४३१७ | १४६३ | ३४ |
| प्यूठान | ११ | २०२५ | ५८६ | २९ |
| नवलपरासी | १३ | ३१२७ | १२६३ | ४० |
| पाल्पा | ४१ | ४३२९ | १०२३ | २४ |
| रुपन्देही | ३१ | ६१५६ | १२३४ | २० |
| गुल्मी | २४ | ४९१६ | ६३९ | १३ |
| अर्घाखाची | १६ | १७०० | १०५ | ६ |
| कपिलवस्तु | २४ | ४७३४ | ३१८६ | ६७ |
| दाङ | ९ | २०१५ | ४३२ | २१ |
| बाँके | १८ | २८४४ | ४३३ | १५ |
| बर्दिया | १६ | ४२०५ | १६०२ | ३८ |
| लुम्बिनी प्रदेश | २७२ | ४२२७५ | १२१७९ | २७ |

श्रोतः स्वास्थ्य कार्यालयको प्रतिवेदन

## आपतकालिन अवस्थामा पोषण कार्यक्रम

विभिन्न घटना तथा दैवी प्रकोपहरुको कारणहरुले सिर्जना हुने आपतकालिन अवस्थामा नियमित रुपमा सञ्चालन भईरहेका पोषण कार्यक्रमहरुलाई एकिकृत गरी अति शीघ्र र तीव्र रुपमा बिशेष प्राथमिकताका साथ आपतकालिन पोषण कार्यक्रम सञ्चालन गरिन्छ। यसका लागि केन्द्रस्तरमा राष्ट्रिय पोषण विषयगत क्षेत्र (National Nutrition Cluster) ले आपतकालीन अवस्थामा के के कार्य गर्ने भन्ने वारे निणर्य गर्न अहम भूमिका खेल्ने गरेको छ। साथै यसको कार्यान्वयनमा जिल्लामा रहेका स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको पनि त्यतिकै अहम भूमिका हुन्छ। यस्तो आपतकालीन अवस्थामा गर्भवती, सुत्केरी र पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषणको अवस्थामा नकारात्मक असर पर्न सक्ने सम्भावना बढी हुन्छ, किनकि ती अवस्थाहरुमा पोषणको आवश्यकता अन्य साधारण अवस्थामा भन्दा बढी र धेरै महत्वपूर्ण हुन्छ। तसर्थ, आपतकालिन अवस्थामा पोषण कार्यक्रम अन्तर्गत निम्नलिखित क्रियाकलापहरु सञ्चालन हुदैं आएका छन्।

- ० – २३ महिनाका बालबालिकाको पोषण प्रबर्द्धनको लागि स्तनपानको प्रबर्द्धन, संरक्षण र सहयोग क्रियाकलापमा तीव्रता
- ६ – २३ महिनाका बालबालिकाको पोषण प्रबर्द्धनको लागि पूरक वा थप खानाको प्रबर्द्धन, संरक्षण र सहयोगमा तीव्रता
- कडा शीघ्र कुपोषणको उपचार तथा व्यवस्थापन
- मध्यम शीघ्र कुपोषणको उपचार तथा व्यवस्थापन
- बालबबालिका, किशोरी र गर्भवती तथा सुत्केरी महिलाहरुका लागी सूक्ष्म पोषण तत्व वितरण क्रियाकलाप, जस्तैः बाल भिटा, भिटामिन "ए" तथा आइरन तथा फोलिक एसिड वितरणलाई थप तीव्रता तथा प्रभावकारीताका साथ सञ्चालन ।

## उपलब्धीहरु

- शिघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम संचलान तथा कुपोषित बालबालिकाको २७२ वटा बहिरंग उपचार केन्द्रहरु (OTC) र ३ वटा पोषण पुनर्स्थापना केन्द्रबाट शीघ्र कुपोषित बालबालिका २५५५ जनाको पोषण स्थापना, उपचार तथा व्यवस्थापन गरिएको।
- पूर्ण स्तनपान र पूरक खाना, बिगौती दूधको महत्व, स्तनपान गराउने उपयुक्त आसन र सम्पर्कका संकेतहरु, असल खानपानबारे पोषण परामर्श तथा ब्यबहार परिवर्नतका लागि संचार।
- पोषण सम्बन्धि प्रदेश क्लस्टर बैठक नियमित संचालन हुने गरेको।

## प्रमुख चुनौती, समस्याहरु र तिनको समाधानको उपाय

तालिका नं. ६ पोषण कार्यक्रमको प्रमुख चुनौती, समस्याहरु र तिनको समाधानको उपाय

| क्र.स | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | औसत वृद्धि अनुगमन जाँच पटकमा कमी | गाउँघर क्लिनिक र शिशु स्याहार केन्द्रहरुमा गई तौल लिने व्यवस्था गर्नु पर्ने | स्थानिय तह |
| २ | स्वास्थ्य संस्थाहरुमा तौल नाप्ने उचाई नाप्ने, MUAC Tape को कमि तथा पोषणको लेखाजोखा नियमित नभएको। | आवश्यक सामान खरिद गरि आपुर्ति गर्नुपर्ने तथा नियमित लेखाजोखालाई निरन्तरता दिनुपर्ने। | प्रदेश सरकार र स्थानिय तह |
| ३ | OTC को स्थापनामा तथा सुदृढिकरणमा कठिनाई | आवश्यकता अनुरुप OTC को स्थापनाका लागि मापदण्ड एवं सामाग्रीहरुको सुनिश्चता गर्ने। | प्रदेश सरकार र स्थानिय तह |
| ४ | बालभिटाको अपर्याप्ता तथा उपभोगमा कमी | अटुट आपूर्तिका लागि संघिय आपूर्ति व्यवस्थापन महाशाखा संग समन्वय गर्ने। | संघिय सरकार र प्रदेश सरकार |
| ५ | किशोरीहरुलाई आईरन तथा फोलिक एसिड खुवाउने कार्यक्रमको पूर्ण कार्यान्वयन तथा प्रतिवेदन नभएको | आवश्यक पर्ने अभिलेख तथा प्रतिवेदन तयार गरि सोहि अनुसार कार्यक्रम संचालन गर्नु पर्ने | प्रदेश सरकार र स्थानिय तह |
| ६ | समय समयमा हुने विपद तथा महामारीमा महिला तथा वालवालिकाहरुलाई लक्षित पोषणसँग सम्बन्धित कार्यक्रम तय हुनु पर्ने । | समय समयमा हुने विपद तथा महामारीमा महिला तथा वालवालिकाहरुलाई लक्षित पोषण कार्यक्रमको लागि बजेट विनियोजन हुनु पर्ने | प्रदेश सरकार र स्थानिय तह |

## ३.४ सुरक्षित मातृत्व कार्यक्रम

### पृष्ठभूमी

नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम मध्ये सुरक्षित मातृत्व कार्यक्रम पनि एक हो। यस कार्यक्रमले प्रभावकारी र गुणस्तरिय प्रजनन् स्वास्थ्य सेवा उपलब्धताको सुनिश्चित गर्दै मातृ मृत्यु र नव शिशु मृत्युलाई क्रमशः घटाउदै लैजाने लक्ष्य राखेको छ।

नेपालमा मातृ मृत्यु अनुपात सन् १९९६ मा प्रति एक लाख जीवित जन्ममा ५३९ रहेकोमा सन् २००६ मा घटेर २८१ आइपुगेको थियो र सहस्राब्दी विकास लक्ष्य ५ हासिल गर्ने तर्फ दुर्त प्रगति देखिएको थियो । तर सन् २००६ देखि २०१६ मा प्रगति दर सुस्त भयो र मातृ मृत्यु अनुपात २३९ र राष्ट्रिय जनगणना २०७८ अनुसार प्रति लाख जिवित जन्ममा मातृ मृत्यु अनुपात नेपालमा १५१ र लुम्विनी प्रदेशको २०७ रहेको छ ।जुन तथ्यांक नेपालको ७ प्रदेश मध्ये उच्च हो । जिल्लागत रुपमा मातृ मृत्यु अनुपात सबै भन्दा उच्च बाँके जिल्लामा र कम रुकुम पुर्वीभागमा रहको छ ।

यही अनुपातमा जाने हो भने सन् २०३० सम्ममा प्रति एकलाख जिवित जन्ममा मातृ मृत्यु अनुपात घटाएर ७० पुऱ्याउन र नव शिशुको मृत्यु अनुपात १२ प्रति हजारमा घटाई दिगो विकास लक्ष्य हासिल गर्न विशेष जोड दिनु पर्नेछ ।

चित्र १: मातृ मृत्यु अनुपात




श्रोतः राष्ट्रिय जनगणना २०७८

**तालिका नं.१ नेपालको सुरक्षित मातृत्व सम्बन्धी लक्ष्य र वर्तमान स्थिति**

| सुचक | दिगो विकाश लक्ष्य २०३० | नेपाल | लुम्बिनी प्रदेश |
|---|---|---|---|
| मातृ मुत्यु दर | ७० | १५१** | २०७** |
| संस्थागत प्रसूती दर | ९० | ७९* | ८४.४* |
| दक्ष प्रसूतीकर्मी द्धारा प्रसूती गराउने दर | ९० | ६३.२* | ६७.२* |
| आधुनिक परिवार नियोजन दर | ६० | ४३* | ४३* |
| परिवार योजनाको अपरिपुर्त माग दर | १२ | २१* | २४.७* |
| कुल प्रजनन् दर | २.१ | २.१* | १.९३* |
| ५ वर्ष मुनिका बालबालिबाको मृत्यु दर | २०/१००० | ३३* | ४१* |
| बाल मृत्यु दर | N/A | २८* | ३४* |
| शिशु मृत्यु दर | १२/१००० | २१* | २४* |

**श्रोतः राष्ट्रिय जनगणना २०७८ *श्रोत नेपाल जनसंख्यिक स्वास्थ्य सर्वेक्षण २०२२

सुरक्षित मातृत्व कार्यक्रम गर्भ, प्रसव र सुत्केरी अवस्थाको साथै नवशिशुहरुमा हुने जटिलताको समयमै पहिचान तथा व्यवस्थापन गरी मातृ तथा नव शिशुको मृत्युदरमा कमी ल्याउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रम हो। सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई, गाँउघर क्लिनिक र केही निजी स्वास्थ्य संस्थाहरु मार्फत गर्भवती महिलाहरुको जाँच, तथा संस्थागत प्रसूती र सुत्केरी जाचँ सेवा प्रदान गरिदै आएको छ।

लुम्बिनी प्रदेशमा आ.व २०८०/०८१ संस्थागत सुरक्षित प्रसुती सेवाको लागि ४३५ वटा बर्थिङ्ग सेन्टर, ४५ वटा BEONC सेन्टर र २५ CEONC सेन्टर रहेका छन्, जहाँ बाट २४ सै घण्टा प्रसूती सेवा उपलव्ध रहेको छ ।

**तालिका नं. २ सुरक्षित प्रसूती सेवा केन्द्रको विवरण**

| क्र.स. | जिल्ला | Birthing Centre को संख्या | BEONC संख्या | CEONC संख्या |
|---|---|---|---|---|
| १ | रुकूम पूर्व | २२ | १ | १ |
| २ | रोल्पा | ५० | ३ | १ |

| क्र.स. | जिल्ला | Birthing Centre को संख्या | BEONC संख्या | CEONC संख्या |
|---|---|---|---|---|
| ३ | प्यूठान | ५२ | २ | १ |
| ४ | गुल्मी | ६३ | ५ | १ |
| ५ | पाल्पा | ५० | २ | ४ |
| ६ | अर्घाखाची | २२ | २ | १ |
| ७ | नवलपरासी पश्चिम | १९ | ३ | १ |
| ८ | रुपन्देही | २८ | ७ | ५ |
| ९ | कपिलवस्तु | २७ | ५ | १ |
| १० | दाङ | ४३ | ३ | ३ |
| ११ | बाँके | ३२ | ५ | ४ |
| १२ | बर्दिया | २७ | ६ | २ |
| **कुल जम्मा संख्या** | | **४३५** | **४४** | **२५** |

श्रोत:HMIS/DIHS-2 2080/81

## पूर्ण संस्थागत प्रसूती घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड, २०८०

लुम्बिनी प्रदेश सरकारले "पूर्ण संस्थागत प्रसूती सेवायुक्त स्थानीय तह र जिल्ला घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड, २०८०" जारी गरी, प्रदेशमा पूर्ण संस्थागत सुत्केरी वडा, स्थानीय तहहरु घोषणा कार्यक्रमको सुभारम्भ गरिएको छ, उक्त मापदण्डको मुख्य उद्देश्य दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गुणस्तरीय सुत्केरी सेवा प्रदान गरी मात्तृ तथा नव शिशुको मृत्युदरलाई घटाई सन २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नु रहेको छ । यस मापदण्ड अनुसार वडा, स्थानीय तह, र जिल्लालाई पूर्ण संस्थागत प्रसूती सेवायुक्त भनी घोषणा गर्न प्रोटोकल अनुसार कम्तीमा चार पटक गर्भ जाँच गरेका गर्भवती महिलाहरु कम्तिमा ९०%, दक्ष प्रसूतीकर्मीबाट प्रसूती सेवा ९५%, घरमा हुने प्रसूती शुन्य र सुत्केरी पश्चातको जाचँ प्रोटोकल अनुसार तेस्रो जाँच कम्तीमा ९०% हुनु पर्दछ ।हालसम्म लुम्बिनी प्रदेशमा १९ वटा स्थानीय तह पूर्ण संस्थागत प्रसूती सेवायुक्त घोषणा भएका छन्।

**"पूर्ण संस्थागत प्रसूती सेवायुक्त स्थानीय तह र जिल्ला घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड, २०८०" अनुसार पूर्ण संस्थागत प्रसूती सेवायुक्त स्थानीय तहको विवरण ।**

तालिका न ३

| जिल्ला | स्थानिय तह | घोषणा मिति |
|---|---|---|
| प्यूठान | मान्डबी गाँउपालिका | २०८१ जेठ २६ गते |
| गुल्मी | रुरुक्षेत्र गाउँपालिका | २०८१ असार १४ गते |
| | छत्रकोट गाउँपालिका | सुनिश्वतता गरिएको |
| | धुर्कोट गाउँपालिका | सुनिश्वतता गरिएको |
| | मालिका गाउँपालिका | सुनिश्वतता गरिएको |
| पाल्पा | माथागडी गाउँपालिका | २०८१ बैशाक ३१ गते |
| | बग्नासकाली गाउँपालिका | सुनिश्वतता गरिएको |
| | पूर्वखोला गाउँपालिका | सुनिश्वतता गरिएको |
| | रम्भा गाउँपालिका | सुनिश्वतता गरिएको |
| नवलपरासी पश्चिम | बर्दघाट नगरपालिका | २०८० असार २८ गते |
| | सुनवल नगरपालिका | २०८० असार २८ गते |
| | रामग्राम नगरपालिका | २०८१ जेठ १९ गते |
| रुपन्देही | ओमसतिया गाउँपालिका | २०८१ असार १९ गते |
| | सियारी गाउँपालिका | २०८१ असार १९ गते |
| | सिद्धार्थनगर नगरपालिका | २०८१ असार २६ गते |

| | | |
|---|---|---|
| | मर्चवारी गाउँपालिका | २०८१ असार २१ गते |
| | समरीमाई गाउँपालिका | २०८१ असार २९ गते |
| | देवदह नगरपालिका | २०८१ असार १७ गते |
| कपिलवस्तु | बाणगंगा नगरपालिका | २०८० चैत्र ८ गते |

श्रोतः स्वास्थ्य कार्यालय

**प्रजनन् स्वास्थ्य सेवा प्रवाहमा भएका उपलब्धीहरु**

- "पूर्ण संस्थागत प्रसूती सेवायुक्त स्थानीय तह र जिल्ला घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड, २०८०" जारी गरी, प्रदेशमा पूर्ण संस्थागत सुत्केरी वडा, स्थानीय तहहरु घोषणा कार्यक्रमको सुभारम्भ गरी हालसम्म १९ वटा स्थानीय तह घोषणा तथा सुनिश्चितता गरिएको ।
- नेपालको दोस्रो उच्च संस्थागत प्रसूती सेवा प्रदान गर्ने लुम्बिनी प्रादेशिक अस्पतालमा प्रसूती सेवा व्यवस्थापनका लागि Dedicated Birthing Centre स्थापना गरी सञ्चालन गरिएको ।
- गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ४ पटक (१६ ,२०-२४, ३२ र ३६ हप्तामा) गर्भजाँच सेवा लिनेहरुको दर यस आ.व.मा ८६% पुगेको।
- गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ८ पटक गर्भजाँच सेवा लिनेहरुको गत आ.व.को भन्दा २८%ले बृद्धि भई ५८% पुगेको।
- स्वास्थ्यकर्मीहरुबाट सँस्थागत सुत्केरी सेवा लिने आमाहरुको दर ९३% पुगेको।
- उत्तर प्रसूती सेवा लिने आमाहरुको दरमा गत आ.व.को भन्दा ३%ले वृद्धि भई ७१% पुगेको।

**आ.व. २०८०/०८१ मा गरिएको प्रमुख क्रियाकलापहरु**

- लुम्बिनी प्रदेशमा उच्च मातृ मृत्यु दरको कारण पहिचान, अध्ययन, अनुसन्धान र समिक्षा ।
- मातृ मृत्यु उच्च भएका १० स्थानीय तहमा बिशेष आमा सुरक्षा कार्यक्रम ।
- प्रादेशिक अस्पताल मार्फत आपत्कालिन अवस्थाका गर्भवती महिलाहरुलाई र २८ दिन सम्मको नव शिशुलाई CEONC Site/NICU तथा प्रेषण केन्द्रसम्म निःशुल्क एम्बुलेन्स सेवा ।

- लुम्बिनी प्रदेशका १२ जिल्लामा समुदाय स्तरमा तथा अस्पतालमा आधारित MPDSR कार्यक्रमको बिस्तार तथा निरन्तरता।
- लुम्बिनी प्रदेशका १३ प्रादेशिक अस्पतालहरुमा MCH CLINIC सञ्चालन तथा निरन्तरता गरी अस्पतालबाट नियमित गर्भवती जाँच, परिवार योजना सेवा, पोषण लेखाजोखा र खोप सेवा सञ्चालन गरिएको।
- सुत्केरी तथा गर्भपतन सेवा बढी भएका तर परिवार योजना सेवा कम भएका अस्पतालहरुमा परिवार योजना सेवाको बिस्तार तथा सुदृढिकरण कार्यक्रम गरिएको।
- शल्यक्रियाद्वारा प्रसूती (C/S) दर उच्च भएका अस्पतालहरुमा Robson Classification सम्बन्धी अभिमुखिकरण गरी लागू गरिएको।
- प्रदेशमा ५०८ वटा स्वास्थ्य संस्थाबाट २४ सै घण्टा प्रसुती सेवालाई निरन्तरता दिइएको ।
- सबै स्वास्थ्य संस्था तथा गाँउघर क्लिनिकबाट गर्भ जाँच सेवा (ANC) पुऱ्याइएको।
- घरघरमा स्वास्थ्यकर्मी कार्यक्रमवाट उत्तर-प्रसूती सेवा (PNC) दिईएको ।
- लुम्बिनी प्रदेशको १२ वटा जिल्लाहरुबाट प्रजनन् रुग्णताको समयमै पहिचान गर्न पाठेघरको मुखको क्यान्सर परीक्षण, पाठेघर खस्ने समस्याको स्क्रीनिङ्ग, स्तन क्यान्सरको स्क्रीनिङ्ग र फिस्टुलाको स्क्रीनिङ्ग कार्यक्रम सञ्चालन गरिएको ।
- सुत्केरी भएका महिलाहरु तथा नव शिशुलाई न्यानो लुगा सेट वितरण गरिएको।
- नव शिशु मृत्युदर कम गर्नका लागि लुम्बिनी प्रदेशका लुम्बिनी प्रादेशिक अस्पताल, भिम अस्पताल, पृथ्वीचन्द्र अस्पताल, कपिलवस्तु अस्पताल, प्युठान अस्पताल, बर्दिया अस्पतालहरुमा SNCU स्थापना गरी सेवा सञ्चालन तथा निरन्तरता गरिएको।
- Birthing Center मा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई क्लिनिकल अपडेट MNH Clinical onsite Coaching को लागि Mentor हरुलाई तालिम संचालन गरिएको।
- सबै जिल्लाका अस्पतालहरुबाट एकद्वार संकट व्यवस्थापन कार्यक्रम (0CMC) सञ्चालन गरिएको ।
- रोल्पा र रुकुम पूर्वीभाग जिल्लाका स्थानीय तहमा Maternity waiting home (आमा घर) कार्यक्रमको सुरुवात भएको।
- हालसम्म लुम्बिनी प्रदेशका दुर्गम स्वास्थ्य संस्थामा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम बिस्तार भएको।
- स्थानीय तहबाट सस्थागत सुत्केरी प्रबर्धनको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान भएको ।

- स्थानीय तहबाट महिला स्वास्थ्य स्वयं सेविका, गर्भवती महिला तथा दलित समुदायको  निः शुल्क बिमा कार्यक्रम सुरुवात गरिएको ।

## सुरक्षित मातृत्व कार्यक्रम

लुम्बिनी प्रदेशको विगत तीन आर्थिक वर्षको सुरक्षित मातृत्व कार्यक्रमका मुख्य मुख्य सुचाङ्कहरु कुनै घटेको र कुनै सुचाङ्क केही वृद्धि भएको तथ्याङ्कले देखाएको छ । गत आर्थिक वर्ष २०७९/०८० को तुलनामा यस आ.व. २०८०/०८१ मा गर्भावस्था जाँच/परीक्षण दर (कुनै पनि समयमा पहिलो पटक) केही घटेको छ। आठ पटक गर्भावस्था परीक्षण दर (प्रोटोकल अनुसार) २८%ले वृद्धि भई ५८%मा पुगेको छ। संस्थागत प्रसूती दर ३%ले घटेर ९३% छ। जिवित जन्म नवशिशुहरुमा नाभी मलम लगाएको दर २%ले वृद्धि भई १००% पुगेको र चार पटक सम्म प्रसूती पछिको जाँच २१%ले बढेर ५६% भएको छ।




श्रोत:HMIS/DIHS-2 2080/81

## गर्भावस्था जाँच/परीक्षण दर (कुनै पनि समयमा पहिलो पटक)

यस आर्थिक वर्ष २०८०/०८१ मा लुम्बिनी प्रदेशमा १२६% गर्भवती महिलाहरुले पहिलो पटक (गर्भको कुनै पनि समयमा प्रसूती पश्चातको पहिलो जाँच) गर्भावस्थाको परीक्षण/जाँच गरेको देखिन्छ। जुन अघिल्लो आ.व. २०७९/०८० को तुलनामा यस आर्थिक वर्ष २०८०/०८१ मा ७%ले घटेको देखिन्छ। जिल्लागत रूपमा हेर्दा लक्षित जनसंख्याको आधारमा रुपन्देही जिल्लामा सबै भन्दा धेरै १६८% गर्भवती महिलाहरुले कुनै पनि समयमा पहिलो पटक गर्भ जाँच सेवा लिएका छन् उक्त तथ्यांङ्क

अघिल्लो आ. व. मा भन्दा ३६ प्रतिशतले घटेको देखिन्छ भने सबै भन्दा कम ८१% अर्घाखाँची जिल्लामा सो जाँच सेवा लिएका छन्।

चित्र न ३ पहिलो पटक गर्भावस्थाको परीक्षण दर (कुनै पनि समयमा)




श्रोतःHMIS/DIHS-2 2080/81

## प्रोटोकल अनुसार चार पटक गर्भावस्था जाँच/परीक्षण दर

यस आर्थिक वर्ष २०८०/०८१ मा लुम्बिनी प्रदेशमा ८६% गर्भवती महिलाहरुले चार पटक (प्रोटोकल अनुसार) गर्भावस्थाको जाँच/परीक्षण गरेको देखिन्छ। जुन अघिल्लो आ.व. २०७९/०८० को तुलनामा यस आर्थिक वर्ष २०८०/०८१ मा ३%ले घटेको देखिन्छ। जिल्लागत रूपमा हेर्दा लक्षित जनसंख्याको आधारमा रुपन्देही जिल्लामा सबै भन्दा धेरै १२१% गर्भवती महिलाहरुले गर्भको १६ ,२०-२४, ३२ र ३६ हप्तामा (प्रोटोकल अनुसार) गर्भको परीक्षण/जाँच सेवा लिएका छन् भने सबै भन्दा कम ६०% अर्घाखाँची जिल्लामा सो जाँच सेवा लिएका छन्।

**चित्र नं. ४ प्रोटोकल अनुसार चार पटक गर्भावस्थाको परीक्षण दर**




श्रोतःHMIS/DIHS-2 2080/81

यसका साथै आ.व. २०८०/८१ मा गर्भको १६ ,२०-२४, ३२ र ३६ हप्तामा (प्रोटोकल अनुसार) गर्भको परीक्षण गर्ने गर्भवती महिलाहरुको दर स्थानीय तह अनुसार हेर्दा १ वटा स्थानीय तहको कभरेज ४०% भन्दा कम, ७५ वटा स्थानीय तहको कभरेज ४०% देखि ८०% बीचमा र ३३ वटा स्थानीय तहको कभरेज ८०%% भन्दा बढी रहेको तथ्याङ्कले देखाउँछ ।

## आठ पटक गर्भावस्था जाँच/परीक्षण दर (प्रोटोकल अनुसार)

यस आर्थिक वर्ष २०८०/०८१ मा लुम्बिनी प्रदेशमा ५८% गर्भवती महिलाहरुले आठ पटक (प्रोटोकल अनुसार) गर्भावस्थाको जाँच/परीक्षण गरेको देखिन्छ। जुन अघिल्लो आ.व. २०७९/०८० को तुलनामा यस आर्थिक वर्ष २०८०/०८१ मा २८%ले वृद्धि भएको छ। जिल्लागत रूपमा हेर्दा लक्षित जनसंख्याको आधारमा रुपन्देही जिल्लामा सबैभन्दा धेरै ७६% गर्भवती महिलाहरुले प्रोटोकल अनुसार आठ पटकगर्भ परीक्षण/जाँच सेवा लिएका छन् भने सबै भन्दा कम ४४% अर्घाखाँची जिल्लामा सो जाँच सेवा लिएका

छन्। त्यस्तै गरी आ.व. २०८०/८१ मा आठ पटक (प्रोटोकल अनुसार) गर्भको परीक्षण गर्ने गर्भवती




श्रोतः HMIS/DIHS-2 2080/81

महिलाहरुको दर स्थानीय तह अनुसार हेर्दा ४ वटा स्थानीय तहको कभरेज ३०% भन्दा कम, ७१ वटा स्थानीय तहको कभरेज ३०% देखि ६०% बीचमा, २९ वटा स्थानीय तहको कभरेज ६०% देखि ९०% को बीचमा र ५ वटा स्थानीय तहको कभरेज ९०% भन्दा बढी रहेको तथ्याङ्कले देखाउँछ।

## सँस्थागत प्रसुती सेवाको विवरण

यस आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशमा ९३% गर्भवती महिलाहरुले सँस्थागत प्रसूती सेवा लिएको देखिन्छ, जुन गत् आ.व. २०७९/०८० को तुलनामा ३%ले कम हो। सँस्थागत प्रसूतीको प्रकार अनुसार, सामान्य प्रसूती ७५.१%, फोरसेप/ भ्याकुम २.४% र शल्य क्रिया माध्यमबाट २१.२%ले गर्भवती महिलाहरुले सँस्थागत प्रसूती सेवा लिएका छन्। जिल्लागत रूपमा हेर्दा लक्षित जनसंख्याको आधारमा बाँके जिल्ला सबै भन्दा बढी १६९% संस्थागत प्रसूती भएको पाइन्छ भने सबै भन्दा कम प्रगति रहेको नवलपरासी पश्चिममा ३९% रहेको छ।



चित्र न ६ संस्थागत प्रसूती सेवा दर प्रतिशतमा

श्रोत:HMIS/DIHS-2 2080/81

यस आ.व.मा तोकिएको लक्षित जनसंख्याको २०% भन्दा कम कभरेज भएका स्थानीय तहहरु १५ वटा, २०% देखि ४०% सम्म कभरेज भएका स्थानीय तहहरु २७ वटा, ४०% देखि ७०% सम्म कभरेज भएका स्थानीय तहहरु ४३ वटा, ७०% देखि ९०% सम्म कभरेज भएका स्थानीय तहहरु ९ वटा र ९०% भन्दा बढी कभरेज भएका स्थानीय तहहरु १५ वटा रहेका छन्।

## सुत्केरी पछिको जाँच

लुम्बिनी प्रदेशका कतिपय स्थानीय तहहरुले सुत्केरी महिलाहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी "सुत्केरीसँगको उपाध्यक्ष भेट, "सुत्केरीका घरमा स्वास्थ्यकर्मी", "सुत्केरीलाई पोषण सामग्री वितरण" जस्ता कार्यक्रम सञ्चालनमा ल्याएको पाईन्छ। जसका परिमाण स्वरुप यस जिल्लाका सुत्केरी महिलाहरुले प्रोटोकल अनुसार चार पटक (सुत्केरी भएको २४ घण्टामा, ३ दिनमा र ७ देखि १४ दिनमा र ६ हप्तामा) सुत्केरी जाँच गर्नेको दर बढ्दो क्रममा छ। प्रोटोकल अनुसार चार पटक प्रसूती पछिको जाँच गर्नेको दर ३५%बाट वृद्धि भई ५६% पुगेको छ। जिल्लागत तुलना गरी हेर्दा सुत्केरी महिलाहरुले चार पटक ४ पटक (२४ घण्टामा, ३ दिनमा, ७ देखि १४ दिन भित्र र ४२ दिनमा) परीक्षण गर्नेको दर सबै भन्दा बढी बर्दिया जिल्लामा ७९% र सबैभन्दा कम दाङ्ग जिल्लामा ३६% रहेको पाईन्छ।

**चित्र नं ७ प्रोटोकल अनुसार चार पटक प्रसुति पछिको जाँच सेवा (प्रतिशतमा)**




श्रोतः HMIS/DIHS-2 2080/81

आ.व. २०८०/०८१ मा चार पटक (प्रोटोकल अनुसार) सुत्केरी जाँच गर्ने महिलाहरुको दर स्थानीय तह अनुसार हेर्दा ३१ वटा स्थानीय तहको कभरेज ५०% भन्दा कम, १५ वटा स्थानीय तहको कभरेज ५०% देखि ६०% सम्म, २२ वटा स्थानीय तहको कभरेज ६०% देखि ७०% सम्म, २५ वटा स्थानीय तहको कभरेज ७०% देखि ८०% सम्म र १६ वटा स्थानीय तहको कभरेज ८०%% भन्दा बढी रहेको तथ्याङ्कले देखाउँछ।

### मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR):

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य MPDSR एउटा नियमित निगरानी प्रकृया हो। हरेक मातृ तथा पेरिनेटल मृत्युको सुचनाले मातृ मृत्यु अनुपात र पेरिनेटल मृत्युदर मापन गर्न तथा समय सान्दर्भिक बस्तु स्थिति थाह पाई कार्यक्रम प्रभावकारी बनाउन मदत् गर्दछ ।

हाल लुम्बिनी प्रदेशका सबै प्रादेशिक अस्पताल र सबै स्थानीय तहमा MPDSR कार्यक्रम संचालन भएकोछ ।

लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य MPDSR प्रतिवेदन अनुसार ५७ जना आमाहरुको मृत्यु भएको छ । जस मध्ये कपिलवस्तु जिल्लामा सबै भन्दा धेरै १४ जना आमाको मृत्यु भएको छ भने क्रमश रुपन्देहीमा ११ जना, दाङ र बाँकेमा ९/९ जना, बर्दिया ४ जना, गुल्मी ३ जना, पाल्पा र नवलपरासी पश्चिममा २/२ जना र रुकुम पूर्व र अर्घाखाची १/१ जना आमाको मृत्यु भएको देखिन्छ ।

## चित्र ८ मातृ मृत्यु संख्या र मृत्युको कारणः

गर्भावस्था अनुसार मातृ मृत्युः




मातृ मृत्युका कारणः




श्रोतः MPDSR

## नवशिशु मृत्यु विवरण

लुम्बिनी प्रदेशमा स्वास्थ्य संस्था र अन्य स्थानमा गरी नवशिशु मृत्युको संख्या बिगतका तीन आ.व.मा क्रमशः ५७३ जना, ५८० जना र ४२२ जना रहेको पाईन्छ। आ.व. २०८०/८१ मा रुपन्देही र बाँके जिल्लामा सबै भन्दा धेरै क्रमसः १९६ र १४८ जना नवशिशु मृत्यु भएको पाईन्छ। यस आर्थिक वर्षमा ३६२ जना स्वास्थ्य संस्थामा र ६० जना अन्य स्थानमा नवशिशु मृत्युको भएको तथ्याङ्कले देखाएको छ।

२.४.९ नवशिशु मृत्यु विवरण (संख्या जनामा)




श्रोतःHMIS/DIHS-2 2080/81

**प्रजनन् रुग्णता**

जनस्वास्थ्य सेवा ऐन २०७५ र जनस्वास्थ्य सेवा नियमावली २०७७ ले प्रजनन् स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवा अन्तर्गत प्रत्येक नागरिकले निःशुल्क प्राप्त गर्ने मौलिक हक रहने व्यवस्था गरेको छ । प्रजनन् रुग्णता अन्तर्गत महिलाहरुको आङ खस्ने समस्या (Utero-Vaginal Prolapse), प्रजनन् फिस्टुला (Obstetric Fistula), पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको सामान्य जाँच, शिघ्र पहिचान (Early Screening), परामर्श र प्रेषण सेवा पर्दछ । नेपाल सरकारले सन् २०३० सम्ममा महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ् सेवाको पहुँचलाई ९०% पुराउने लक्ष्य लिएको छ । आ.व. २०८०/८१ मा लुम्बिनी प्रदेशमा पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ् सेवा

चित्र २.४.१०: पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग प्रतिशत




श्रोत:HMIS/DIHS-2 2080/81

८% महिलाको मात्र पहुँच रहेको छ । यस कार्यक्रमलाई स्थानीय तहको समन्वयमा स्क्रिनिङ्को दायरालाई बढाउन आवश्यक छ ।

## ३.४.१५ सुरक्षित मातृत्व कार्यक्रमका समस्याहरु

- लुम्बिनी प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार मातृ मृत्यु दर २०७ प्रति लाख जिवित जन्म र नव शिशु मृत्युदर २४ प्रति १००० जिवित जन्म रहेको छ जुन दिगो विकास लक्ष्य २०३० सम्म हासिल गर्न चुनौति रहेको ।
- लुम्बिनी प्रदेशका मातृ मृत्यु विश्लेषण गर्दा तराई तथा ठुला शहरी बस्तिहरुमा बसोवास गर्ने महिलाहरुको मृत्यु भएको देखिन्छ ।

- आमा तथा नव शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को परिच्छेद ५ को दफा १० ( अनुसुची-११) अनुसार Birthing Centre ले बार्षिक रुपमा कम्तिमा हिमाली जिल्लामा १० जना, पहाडी जिल्लामा १५ जना र तराईका जिल्लाहरुमा ४० जना रहेकोमा लुम्बिनी प्रदेशमा २९% Birthing Centre मा मापदण्ड पुरा नभएको ।
- लुम्बिनी प्रदेशमा २० वर्ष उमेर भन्दा अगाबै गर्भधारण गर्ने किशोरीहरुको ११% र प्रसूती हुने दर ८% र किशोरीहरुमा सुरक्षित गर्भपतन दर ६% रहेको छ ।
- गरिबी र भौगोलिक विकटता/यातायात अभावका कारण समयमा नै प्रेषण हुन नसक्नु ।
- लुम्बिनी प्रदेशका रुकुम पुर्वीभाग, व्यूठान, कपिलबस्तु जिल्लामा अझै पनि उच्च रहेको ।
- जन्मदै कम तौल जन्मिने दर उच्च रहेको (१३%) रहेको छ ।

### ३.४.१६ समस्याहरु समाधानका उपायहरु

- लुम्बिनी प्रदेशमा रहेको उच्च मातृ मृत्यु अनुपातलाई दिगो विकास लक्ष्य हासिल गर्न प्रजनन् स्वास्थ्य रोड म्याप तयार गरी योजना सहित कार्यान्वयन गर्ने ।
- लुम्बिनी प्रदेशमा एक सरकारी महिला तथा बालबालिका अस्पताल संचालनमा ल्याउनु पर्ने ।
- अस्पतालहरुबाट पूर्व प्रसूती, प्रसूती र उत्तर प्रसूतीको समयमा आधारभुत निदानात्मक सेवा निःशुल्क हुनु पर्ने ।
- जटिल अवस्थामा रहेका गर्भावस्थादेखि २ वर्षसम्मका वालबालिकाहरुलाई स्वास्थ्य कर्मिद्वारा विशेष निगरानीमा राखी सेवा प्रदान गर्ने ।
- वर्थिङ सेन्टरको संख्यात्मक भन्दा गुणात्मक सेवामा जोड दिनु पर्ने ।
- Newborn corner/SNSU/NICU स्थापना गरी कम तौल जन्म भएका शिशुको निःशुल्क उपचारको व्यवस्था गर्नु पर्ने।
- सुरक्षित मातृत्व सेवाको गुणस्तरमा सुधार गर्नका लागि ANC to PNC continuum of care मा जोड दिनुपर्ने ।

- Functional र non-functional बर्थिङ सेन्टर पहिचान गरि दक्ष प्रसूतीकर्मीको ब्यबस्थापन साथै SBA तालिम प्राप्त जनशक्तिको बर्थिङ सेन्टरमै पदस्थापन ।

## ३.५ परिवार योजना कार्यक्रम

### ३.५.१. पृष्ठभूमि

परिवार योजना कार्यक्रमलाई सुरुका अवस्थामा छुट्टै आयोजनाका रुपमा सञ्चालन गरिएकोमा गुणस्तरीय परिवार योजना सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन् स्वास्थ्य कार्यक्रम र परिवार योजना कार्यक्रमलाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाँउघर क्लिनिक र घुम्ती शिविरहरुबाट परिवार योजना सेवा पुऱ्याउदै आएको छ। गुणस्तरयुक्त गर्भ निरोधक साधनहरु प्रयोग गरी आमा र नवजात शिशु तथा बालबलिकाको स्वास्थ्यमा सुधार, जनसंख्याको उचित व्यवस्थापन र आर्थिक विकासको साथै वातावरणमा समेत सन्तुलन कायम गरी सम्पुर्ण जनताको आधारभुत आवश्यकता परिपूर्ति गर्ने काममा मद्दत पुऱ्याउने यस कार्यक्रमको उद्धेश्य रहेको छ। सरकारको यो कार्यक्रममा गैर सरकारी निकायहरुको पनि सहभागिता रहेको छ। समुदाय स्तरमा रहेका महिला स्वयं सेविकाहरुलाई अधिकतम परिचालन गरी परिवार योजनाका साधन मध्ये कण्डम र पिल्सलाई पुनः वितरण गर्ने कार्य पनि भईरहेको छ । त्यसै गरी परिवार योजनाका साधनहरुको पहुँच नपुगेका वा अपरिपूर्त माग (Unmet need) लाई ध्यान दिइ सेवाको विस्तार गरीएको छ।

किशोरी प्रजनन दरमा कमी ल्याउने, ढिलो विवाह गर्न, केही वर्षका अन्तरालमा बच्चा जन्माउन प्रोत्साहन गर्ने, योजनाबद्ध परिवारको अवधारणालाई स्वास्थ्य शिक्षा, सूचना तथा संचारको माध्यमबाट सवैलाई ज्ञान दिने, सहज रुपमा सेवा उपलव्ध गराउने, वर्ष भरी नै सेवा नियमित रुपमा सञ्चालन गर्ने र सेवाको पहूँच बढाउने रणनीति अवलम्बन गरिएको छ।

### ३.५.२. आ.व. २०८०/८१ मा सञ्चालित क्रियाकलाप

- तराईका ६ जिल्लाहरुमा मुस्लिम तथा अल्पसंख्यक समुदायमा खुसाहल परिवार कार्यक्रम ।
- लुम्बिनी प्रदेशका १३ वटा अस्पताल मार्फत MCH CLINIC सञ्चालनका लागी जनशक्ति व्यवस्थापन ।
- प्रादेशिक यौन तथा प्रजनन् स्वास्थ्य अधिकार )SRHR कार्यसमूह ( जारी गरी कार्यान्वयनमा रहेको ।
- उच्च प्रसुति सेवा भएका अस्पतालहरुबाट POST PARTUM FAMILY PLANNING सेवा सञ्चालन गरिएको ।

- सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा (अस्पताल, प्रा.स्वा.के., स्वा.चौ., आ.स्वा.के., सा.स्वा.ई., श.स्वा.के. र गाउँघर क्लिनिक) परिवार योजनाका अस्थाई साधन नियमित रुपमा उपलब्ध गराईएको ।
- निजि स्वास्थ्य संस्थाहरुको सुद्धढिकरण गर्नुका साथै क्षमता अभिवृदि गरी परिवार योजनाको सेवाहरु प्रदान तथा विस्तार गरिएको ।
- स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीका लागी Implant, IUCD, PPFP तालिम सञ्चालन।
- म.स्वा.स्व.से.हरुबाट समुदाय स्तरमा नियमित कण्डम, आकस्मिक गर्भनिरोधक चक्की र पिल्सको वितरण गर्ने कार्य गर्नुका साथै परिवार योजनाका अन्य साधन अपनाउन चाहनेलाई गाउँघर क्लिनिक वा नजिकको स्वास्थ्य संस्थामा प्रेषण गरिएको ।
- जिल्ला अस्पताल, अन्य स्वास्थ्य संस्थाहरु र निजि स्वास्थ्य संस्थाहरुमा तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट आई.यू.सि.डी. र इम्पलान्ट सेवा उपलव्ध गराईएको ।
- नियमित रुपमा सबै स्वास्थ्य संस्थाहरुमा परिवार योजना सम्बन्धी सूचना सामग्रीहरु वितरण गरिएको ।
- अपाङ्गगता भएका व्यक्तिहरुका लागि प्रजनन् स्वास्थ्य सेवाको बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- परिवार योजनाका साधनहरुको बिक्रि वितरण गर्ने औषधी पसलहरुसँग अन्तक्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- सुत्केरी तथा गर्भपतन पश्चात परिवार योजना सेवा प्रदानका लागि जिल्लाका अस्पतालहरुलाई सुदृढिकरण गरिएको ।
- परिवार योजना क्रियाकलापको नियमित सुपरिवेक्षण र अनुगमन गरिएको ।
- समुदाय स्तरमा किशोर किशोरीहरुसगँ परिवार योजना र प्रजनन् स्वास्थ्यको बारेमा छलफल तथा अन्रतक्रिया कार्यक्रम सञ्चालन गरिएको ।

### ३.५.३. परिवार योजना service sites विवरण

तालिका नं. ३.५.१. परिवार योजना service site विवरण

| जिल्ला | IUCD | Implant | NSV | Minilap |
|---|---|---|---|---|
| रुकुम पूर्वीभाग | १० | २२ | १ | १ |
| रोल्पा | ३८ | ५९ | १ | १ |
| प्यूठान | १७ | ३२ | १ | १ |
| गुल्मी | २० | २६ | १ | १ |
| अर्घाखाची | १७ | ४० | १ | १ |
| पाल्पा | १९ | २५ | २ | २ |
| नवलपरासी पश्चिम | १३ | ४७ | १ | १ |
| रुपन्देही | ४६ | १०५ | ४ | ४ |
| कपिलवस्तु | ३४ | ५३ | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| दाङ | ४१ | ८७ | २ | २ |
| बाँके | ४७ | ५१ | ३ | ३ |
| बर्दिया | २५ | २७ | १ | १ |
| लुम्बिनी प्रदेश | **३२७** | **५७४** | **१९** | **१९** |

श्रोतः स्वास्थ्य कार्यालय

### ३.५.४. परिवार योजना प्रयोग दर

लुम्बिनी प्रदेशको परिवार योजनाका प्रयोगकर्ता दर Contraceptive Prevalence Rate (unadjusted CPR) गत आ.व.मा २७ प्रतिशत रहेकोमा यस आ.व.मा २८ प्रतिशत रहेको छ। जिल्लागत रुपमा परिवार योजनाका प्रयोगकर्ताक दर सबैभन्दा धेरै प्यूठान जिल्लामा ४० प्रतिशत र सबैभन्दा कम बाके जिल्लामा २० प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ।

**चित्र नं. ३.५.१. योजनाका प्रयोगकर्ता दर % (unadjusted CPR)**




श्रोतःHMIS/DIHS-2 2080/81

आ.व. २०७८/७९ र ३०७९/८० को तुलनामा आ.व. २०८०/८१ मा परिवार योजनाका साधान नयाँ प्रयोगकर्ताहरुको दर १ प्रतिशतले घटेको देखिन्छ (६ प्रतिशत)।

**चित्र नं.** ३.५.२. परिवार योजनाका साधान नयाँ प्रयोगकर्ताहरुको दर %




श्रोतःHMIS/DIHS-2 2080/81

जिल्लागत रुपमा हेर्दा उक्त दर सबै भन्दा धेरै रुकुम पूर्वीभाग जिल्लामा १२ प्रतिशत र सबै भन्दा कम अर्घाखाची,बर्दिया र नवलपरासी पश्चिम जिल्लामा ५ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ।

यस आ.व.मा तोकिएको लक्षित जनसंख्यामा आधुनिक परिवार नियोजनाका नयाँ प्रयोगकर्ता दर ५% भन्दा कम भएका स्थानीय तहहरु २८ वटा, ५% देखि १०% सम्म कभरेज भएका स्थानीय तहहरु ४९ वटा, १०% भन्दा बढी कभरेज भएका स्थानीय तहहरु ८ वटा रहेका छन्।

### ३.५.५. परिवार योजना कार्यक्रम समस्या एवं समाधानका उपायहरु

तालिका नं. ३ परिवार योजना कार्यक्रम समस्या एवं समाधानका उपायहरु

| २०७९/८० | | | | २०८०/८१ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | समस्या तथा चुनौती | समाधानका उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| १ | पुरुषहरुको परिवार योजना साधन प्रयोगमा सहभागिता कम हुनु | • पुरुष स्थायी बन्ध्याकरण शिविरहरु संचालन<br>• दम्पति घरदैलो भेटघाट तथा परामर्श कार्यक्रम संचालन। | स्थानिय तह, स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | स्थायी बन्ध्याकरण गर्न चाहने दम्पतिको कमि | अवाञ्छित गर्भधारण र गर्भपतन संख्यामा बृधि | यौन शिक्षा र सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने पुरुषलाई लक्षित गरी विशेष शिक्षा र परामर्श अभियानहरू सञ्चालन गर्ने | स्थानिय तह, स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय |
| २ | किशोर किशोरी तथा स्वास्थ्य संस्था बाट टाढा रहेका समुदायमा सेवाको पहुँच र उपभोग कम हुनु | • किशोर किशोरी मैत्री स्वास्थ्य संस्था विस्तार<br>• परिवार योजना कार्यक्रमको सुक्ष्म योजना निर्माण र उच्च अपुरिपूर्त माग रहेका समुदायमा आवश्यकता र चाहना अनुसार साधनको उपलबध्ता | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | किशोर किशोरी केन्द्रित बजेट बियोजना हुनुको साथै कार्यक्रमहरु संचालन भएको | किशोरकिशोरी हरुमा यौन तथा प्रजनन स्वास्थ्य समस्या साथै यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको कमि | स्वास्थ्य सस्थामा कार्यरत स्वास्थ्यकर्मी हरुलाई परिचालन गरि नजिकको बिद्यालयमा यौन तथा प्रजनन स्वास्थ्यय सम्बन्धि शिक्षा दिने कार्यक्रम संचालन गर्ने | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय |
| ३ | लामो अवधिका परिवार योजना साधन सेवा विस्तार र सुनिस्चितता | • "एक संस्था, न्युनतम एक IUCD र Implant तालिम प्राप्त | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, | स्वास्थ्य संस्थामा Implant को आपुर्तीमा कमि र Implant, IUCD तालिम प्राप्त | लामो अवधिका परिवार योजना गर्ने दम्पतिको संख्यामा कमि | परिवार योजना साधनको आपूर्ति र तालिम संचालनको | स्वास्थ्य मन्त्रालय, लुम्बिनी |

| २०७९/८० | | | | २०८०/८१ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | समस्या तथा चुनौती | समाधानका उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| | | स्वास्थ्यकर्मी सुनिस्चितता"<br>• परिवार योजना साधनको आपूर्ति सुनिस्चितता | परिवार कल्याण महाशाखा | स्वास्थ्यकर्मी सबै सस्थामा नभएको | | लागि बजेट बियोजना | प्रदेश, स्वास्थ्य सेवा बिभाग |

## ३.६ सुरक्षित गर्भपतन सेवा

### ३.६.१ परिचय

असुरक्षित गर्भपतनबाट हुने उच्च मातृ मृत्युदर र बिरामीको दरलाई ध्यानमा राखेर नेपालले सन् २००२ मा गर्भपतनलाई कानूनी मान्यता दिएको थियो। पहिलो त्रैमासिकको गर्भपतन सेवा सन् २००४ देखि देशभर उपलब्ध गराइएको थियो भने दोस्रो त्रैमासिक गर्भपतन तालिम सन् २००७ मा सुरु गरिएको थियो ।त्यस्तैगरी औषधीद्वारा गरिने गर्भपतन सेवा सन् २००९ मा लागू गरियो। सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ अनुसार, गर्भवती महिलाको सहमतिको आधारमा १२ हप्तासम्मको गर्भलाइ सुरक्षित गर्भपतनको लागी कानूनी मान्यता दिइएको छ र २८ हप्तासम्म विशेष अवस्थामा, जस्तै जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जिवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मन्जुरिमा २८ हप्ता सम्मको गर्भ, भ्रूणमा कमि कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँन नसक्ने गरी गर्भको भ्रुणमा खरावी, वंशाणूगत खराबी वा अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अबस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलको मञ्जुरीमा, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको सुरक्षित गर्भपतन सेवालाई अनुमति दिएको छ।

राष्ट्रिय जनगणना सन् २०२१ का अनुसार नेपालमा मातृमृत्यु हुने कारणहरू मध्ये पाँच प्रतिशत भन्दा बढी मृत्यु गर्भपतन सँग सम्बन्धित रहेको छ। नेपालमा, सूचीकृत नभएका स्वास्थ्य संस्थाहरूमा गरिएको गर्भपतनलाई गैरकानुनी मानिन्छ ।उक्त अध्ययन अनुसार देशभर करिब ५२ प्रतिशत गर्भपतनहरू गैरकानूनी ठहरिएका छन्। मुलुकी ऐनको तेह्रौं संशोधन, २०७४ ले महिलाहरूको सुरक्षित गर्भपतनको अधिकारलाई प्रजनन् स्वास्थ्य अधिकारको रूपमा मान्यता दिएको छ। नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारहरूको सुनिश्चित गरेको छ भने सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ ले सुरक्षित गर्भपतन लगायत विभिन्न प्रजनन स्वास्थ्य अधिकारहरूको लागि विशेष प्रावधानहरू गरेको छ। असुरक्षित गर्भपतनको अभ्यास तथा असुरक्षित गर्भपतनका कारणबाट हुने मातृ मृत्युदर र बिरामीको दरलाई कम गर्नका लागि सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ र नियमावली २०७७ ले निर्धारण गरेको मापदण्ड पुरा गरेको र सुरक्षित गर्भपतन सेवा

प्रदायकको रूपमा सूचीकृत स्वास्थ्यकर्मीले मात्र सुरक्षित गर्भपतन सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। यो सेवा सूचीकृत गर्भपतन सेवा केन्द्रबाट मात्र प्रदान गरिनुपर्नेछ। लुम्बिनी प्रदेशको सन्दर्भमा, प्रदेश स्तरीय सुरक्षित गर्भपतन सेवा केन्द्र र सेवा प्रदायकहरूको सूचीकरण गर्ने अधिकार स्वास्थ्य निर्देशनालयलाई प्रदान गरिएको छ। यस प्रदेशले बाह्र वटै जिल्लाका सूचीकृत स्वास्थ्य संस्थाहरूबाट सुरक्षित गर्भपतन सेवा निशुल्क प्रदान गर्दै आइरहेको छ।

**जिल्ला अनुसार आ.ब २०८०/८१ मा कम्तीमा एकजना सेवाग्राहीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको संख्या।**

| क.स | जिल्ला | सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने संस्था सँख्या | कैफियत |
|---|---|---|---|
| १ | बर्दिया | २४ | |
| २ | बाँके | ३० | |
| ३ | दाङ | ३० | |
| ४ | कपिलबस्तु | २० | |
| ५ | रुपन्देही | २३ | |
| ६ | नवलपरासी पश्चिम | १३ | |
| ७ | पाल्पा | ३६ | |
| ८ | गुल्मी | २४ | |
| ९ | अर्घाखाँची | २० | |
| १० | प्यूठान | २४ | |
| ११ | रोल्पा | २९ | |
| १२ | रुकुम पुर्वि भाग | ८ | |
| १३ | **लुम्बिनी प्रदेश** | **२८१** | |

माथिको चित्रले प्रत्येक जिल्लामा सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने संस्थाहरूको संख्या देखाएको छ। यहाँ समावेश गरिएका सेवा स्थलहरूमा आ.व. २०८०/८१ मा कम्तीमा एकजना सेवाग्राहीलाई सेवा प्रदान गरिएको स्वास्थ्य संस्थाहरू मात्र रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशमा २८१ स्वास्थ्य संस्थाहरूले सुरक्षित गर्भपतन सेवा प्रदान गरेका थिए। १२ वटा जिल्लाहरू मध्ये पाल्पा ३६ वटा सेवा स्थलहरू सहित सबैभन्दा धेरै सुरक्षित गर्भपतन सेवा केन्द्र भएका जिल्लामा परेको छ भने रुकुम पूर्वमा ८ वटा मात्र सेवा स्थल रहेका छन्।

## ३.६.२ सुरक्षित गर्भपतन सेवाहरूको प्रयोगको जिल्लागत तथ्याङ्क

तलको तालिकाले लुम्बिनी प्रदेशका १२ जिल्लामा गर्भवती महिलाहरूले प्राप्त गरेका सुरक्षित गर्भपतन सेवाहरूको तीन वर्षे तथ्याङ्क देखाउँछ। आ.व. २०८०/८१ मा रुपन्देहीमा सबैभन्दा धेरै सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ता (४८०९) थिए भने बाँके दोस्रोमा (३५४३) थियो, रुकुम पूर्वमा सबैभन्दा कम सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ता (१२१) थिए।

तालिका : सुरक्षित गर्भपात सेवाहरूको प्रयोगको जिल्लागत तथ्याङ्क

| जिल्ला | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| रुपन्देही | ४९०३ | ४४७९ | ४८०९ |
| बाँके | २८६४ | २६०७ | ३५४३ |
| दाङ | २२६२ | २१०४ | २४२१ |
| कपिलवस्तु | १६६३ | १७६४ | १६५८ |
| बर्दिया | ११२२ | १४६१ | १६५३ |
| नवलपरासी पश्चिम | १५५६ | १४४७ | १३९९ |
| पाल्पा | १४०४ | १३३४ | ११८४ |
| रोल्पा | ८४० | ९६९ | ९४३ |
| अर्घाखाँची | ७२४ | ६७९ | ५९८ |
| गुल्मी | ७४२ | ६७५ | ७७६ |
| प्युठान | ३०५ | ५१५ | ७१५ |

| जिल्ला | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| रुकुम पूर्व | ३० | ७३ | १२१ |
| लुम्बिनी प्रदेश | १८४१५ | १८१०७ | १९८२० |

### ३.६.३ मुख्य निष्कर्षहरूः

**१.** रुपन्देही जिल्लामा लगातार रूपमा सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ताको सबैभन्दा धेरै रहेको छ, आ.व. २०७८/७९ मा उच्चतम ४९०३ रेकर्ड भएको थियो, यद्यपि यो संख्या आ.व. २०७९/८० मा ४४७९ मा घटे पनि आ.व. २०८०/८१ मा पुनः बढेर ४८०९ पुगेको छ।

२. बाँके दोस्रो स्थानमा रहेको छ, जसको संख्या आ.व. २०७९/८० मा २६०७ मा पुगेको थियो भने आ.व.२०८०/८१ मा बढेर ३५४३ पुगेको छ ।

**३.** सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ताको सङ्ख्या प्रत्येक वर्ष थोरै घटेको देखिने **दाङमा** यस आ.व मा बढेर २४२१ पुगेको छ।

४. कपिलवस्तुमा आ.व. २०७९/८० मा सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ताको संख्या १७६४ बाट थोरै गिरावट आइ १६५८ पुगेको छ ।।

५. रुकुम पूर्वमा सबैभन्दा कम प्रयोगकर्ता रहेको छ, आ.व. २०७९/८० मा ७३ पुगेका प्रयोगकर्ता यस आ.व.मा १२१ पुगेका छन् ।

**लुम्बिनी प्रदेशमा दोस्रो त्रैमासिक गर्भपतन सेवा प्रदान गर्ने सरकारी अस्पतालहरु**

- लुम्बिनी प्रादेशिक अस्पताल
- कपिलबस्तु अस्पताल
- भिम अस्पताल
- राप्ती प्रादेशिक अस्पताल

**लुम्बिनी प्रदेशमा  सुरक्षित गर्भपतन सेवा लिने महिलाहरूको विवरण**




लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा कुल १९,८२० महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। तीमध्ये, २० वर्ष मुनिका ६१४ महिलाले औषधीय गर्भपतन(मेडिकल एबर्सन) सेवाहरूको प्रयोग गरेका छन् भने सोही उमेर समूहका ३३० महिलाले शल्यक्रियात्मक गर्भपतन(सर्जिकल एबर्सन) सेवा प्राप्त गरेका छन्। त्यस्तैगरी २० वर्ष वा सोभन्दा माथिका १३,२८४ महिलाले औषधीय गर्भपतन सेवाहरू प्राप्त गरे भने ५,५९२ महिलाले शल्यक्रियात्मक गर्भपतन प्रक्रिया अपनाए। यो विवरणले प्रदेशमा विभिन्न उमेर समूहहरूमा सुरक्षित गर्भपतन सेवाहरूको ठूलो आवश्यकतालाई उजागर गर्दछ।

## सुरक्षित गर्भपतन सेवा लिएका महिलाहरू - शीर्ष १० पालिका




आ.व २०८०।८१ का लागि लुम्बिनी प्रदेशका शीर्ष १० पालिकाहरूमा सुरक्षित गर्भपतन सेवा लिने महिलाहरूको संख्या अनुसार ,बुटवल उपमहानगरपालिकामा २,११८ महिलाहरूले सेवा लिएका छन्, जुन

सबैभन्दा बढी हो, जबकि रामग्राम नगरपालिकामा ४९३ महिलाहरूले सेवा लिएका छन्, जुन सबैभन्दा कम हो।

**शुन्य गर्भपतन भएका स्थानीयतहहरू**




लुम्बिनी प्रदेशका जम्मा १०९ स्थानीयतहहरू मध्ये आ.व २०८०।८१ मा ४ वटा स्थानीयतहहरूमा सुरक्षित गर्भपतन सेवा लिने महिलाहरूको संख्या शुन्य देखिएको छ । उक्त ४ स्थानीय तहहरूमा इस्मा (गुल्मी), कोटहीमाइ( रुपन्देही), मायादेवी र शुद्धोदन (कपिलवस्तु) गाउँपालिका रहेका छन् ।

**गर्भपतन पश्चातको परिवार योजनाको साधनको प्रयोग प्रतिशत**

यस प्रदेशमा आ.व. २०८०/८१ मा गर्भपतन गराएका ८०.१% महिलाले गर्भपतन पश्चात परिवार योजनाको साधन प्रयोग गरेका थिए। यस आ.व. २०८०।८१ मा गर्भपतन पश्चात परिवार योजनाको साधन प्रयोग गर्ने सबैभन्दा बढी प्रतिशत पाल्पा(९६.३%) जिल्लामा रहेको छ भने त्यसपछि क्रमशः गुल्मी (९५.४%) र रूपन्देहीमा(८६.२%) रहेको छ। यो अनुपात सबैभन्दा कम दाङमा ६८.२% मात्र छ।




**सुरक्षित गर्भपतन कार्यक्रमका मुख्य उपलब्धिहरू**

- सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने संस्थाहरूको विस्तार भएको
- सुरक्षित गर्भपतन सेवा प्रदायकको क्षमता अभिवृद्दि प्रदान
- सुरक्षित गर्भपतन सेवा सम्बन्धी समुदाय तथा विद्यालय जनचेतना अभिवृद्दि भएको

**सुरक्षित गर्भपतन कार्यक्रमका समस्या, चुनौतीहरू र सुझावहरु**

| **सुरक्षित गर्भपतन कार्यक्रमका समस्या, चुनौतीहरू र सुझावहरू** | | |
|---|---|---|
| **समस्या / चुनौती** | **सुझावहरू** | **जिम्मेवारी** |
| धेरै सुरक्षित गर्भपतन सेवा केन्द्रहरूमा तालिम प्राप्त तथा सूचीकृत सेवा प्रदायक नभएको कारणले संचालनमा छैनन्। | नयाँ सेवा प्रदायकलाई सुरक्षित गर्भपतन सेवाबारे तालिम दिने। | स्वास्थ्य तालिम केन्द्र,लुम्बिनी प्रदेश |
| गर्भपतन सेवा केन्द्रहरूमा औषधीय गर्भपतनको औषधि(MA Drugs) तथा MVA सिरिन्जको अभाव। | स्वास्थ्य संस्थामा अभाव हुनुअघि औषधीय गर्भपतनको औषधिको व्यवस्था गर्ने। | स्थानीय तह, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति |
| स्थानीय तहमा सुरक्षित गर्भपतन सेवा केन्द्र र प्रदायकको सूचीकरण प्रक्रिया, साथै सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य ऐन २०७५ तथा नियमावली २०७७ को व्यवस्थाहरूको बारेमा बुझाइको अभाव। | सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य ऐन २०७५ र नियमावली २०७७ का व्यवस्थाहरू तथा सूचीकरण प्रक्रियाबारे स्थानीय सरकारलाई अभिमुखीकरण गर्ने। | परिवार कल्याण महाशाखा (FWD), स्थानीय तह, विकास साझेदार (EDPs) |

| | | |
|---|---|---|
| किशोरी अवस्थामा गर्भवती हुने अवस्था | किशोर किशोरी योन तथा प्रजनन् स्वास्थ्य शिक्षा कार्यक्रम विद्ध्यालय तथा समुदायमा सञ्चालन हुनुपर्ने | परिवार कल्याण महाशाखा (FWD), स्थानीय तह, विकास साझेदार (EDPs) |
| सेवा प्रदायक संस्थाहरू विशेषतः निजी सेवा प्रदायक संस्थाहरूको सुचना प्रणालीमा आवद्द नभएको तथा निरन्तरता नदेखिएको | अनुगमन,मूल्याङ्कन तथा रेकर्डिङ् रिपोटिङ् पद्दतिमा सुधार हुनुपर्ने । | स्थानीय तह,स्वास्थ्य कार्यालय |

## ३.७. किशोर किशोरी यौन तथा  प्रजनन स्वास्थ्य

### ३.७.१. पृष्ठभूमी

जनस्वास्थ्य सेवा नियमावली, २०७७ मा किशोर किशोरी मैत्री सेवालाई आधारभुत स्वास्थ्य सेवा अन्तर्गत राखिएको छ। किशोरावस्था शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा यौनिक बिकास तथा परिवर्तन भईरहने विषेश अवस्था हो । यस अवस्थामा किशोरकिशोरीलाई परामर्श, प्रजनन् स्वास्थ्य लगायतका सेवाहरु आवश्यक पर्दछन तर निर्धक्कसंग आफ्ना समस्याहरु राख्ने उपयुक्त बातावरण नभएका कारण स्वास्थ्य संथ्थाबाट प्रदान हुने स्वास्थ्य सेवाहरु पूर्णरुपमा उपभोग गरिरहेको देखिदैन । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा २०% किशोर किशोरी रहेका छन् । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार किशोरी प्रजनन दर ७१ प्रति हजार रहेको छ र १५ वर्ष देखि १९ वर्षका किशोरीहरुमा आधुनिक परिवार योजनाको प्रयोग दर १४.२ प्रतिशत रहेको छ भने परिवार योजनाको अपरिपुर्त माग ३०.९ प्रतिशत रहेको छ । दिगो विकास लक्ष्य अनुसार नेपालले सन् २०३० सम्ममा किशोरी प्रजनन् दरलाई ३० प्रति हजार हासिल गर्ने लक्ष्य लिएको छ ।

नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले राष्ट्रिय किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्यलाई उच्च प्राथमिकताको कार्यक्रम अन्तर्गत राखेको छ । दक्षिण एसियाली राष्ट्रहरु मध्येमा नेपालले सन् २००० मा पहिलो राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा बिकास रणनीति तयार गर्‍यो । सन् २०१८ मा किशोर किशोरीहरुको बदलिदो आवश्यकतालाई महशुस गरी उक्त रणनीति अध्यावधिक गरियो । राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमको प्रमुख लक्ष्य किशोर  किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्यलाई प्रवर्द्धन गर्नु हो ।

### ३.७.२ उद्देश्यहरू

- किशोर किशोरी स्वास्थ्य र विकास सम्बन्धी गुणस्तरीय जानकारीको उपलब्धता र पहुँच बढाउन र किशोर किशोरीहरू, सेवा प्रदायकहरू र शिक्षकहरूको ज्ञान र सीपहरू निर्माण गर्ने अवसरहरू प्रदान गर्ने ।
- किशोर किशोरी स्वास्थ्य र परामर्श सेवाहरूको पहुँच र प्रयोग बढाउने ।
- किशोर किशोरीहरूको कानुनी, सामाजिक र आर्थिक स्थिति सुधार गर्न सुरक्षित र सहयोगी वातावरण सिर्जना गर्ने।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक र स्वास्थ्य आमा समूहहरू मार्फत राष्ट्रिय, प्रादेशिक र सामुदायिक स्तरहरूमा सामाजिक व्यवहार परिवर्तन तथा संचार अभियानहरू मार्फत किशोरावस्थाका मुद्दाहरूमा जागरूकता सिर्जना गर्ने।

### ३.७.३. लक्ष्यहरू

- राष्ट्रिय स्वास्थ्य नीति (२०७१) र NHSS (२०१६-२०२१) को परिकल्पना अनुसार सबै स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरी -मैत्री बनाउने।
- किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्न नेपाल स्वास्थ्य क्षेत्र रणनीति कार्यान्वयन योजना (२०१६-२०२१) ले निम्न उद्देश्यहरू राखेको छ: सबै स्वास्थ्य संस्थाहरूमा किशोर किशोरी -मैत्री स्वास्थ्य सेवा (AFHS) बिस्तार गर्ने; ५००० स्वास्थ्य सेवा प्रदायकहरूलाई व्यवहारात्मक सीप केन्द्रित ASRH तालिम प्रदान गर्ने, २०२१ सम्म १०० भन्दा बढी स्वास्थ्य संस्थाहरूलाई गुणस्तरीय किशोरकिशोरी -मैत्री प्रमाणित गर्ने साथै परिवार योजना सेवा र जानकारीमा पहुँच बृद्धि गरी किशोरावस्थाको प्रजनन दर (AFR) लाई घटाउने।

### ३.७.४ किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत मुख्य कृयाकलापहरु

- विद्यालय स्वास्थ्य नर्स कार्यक्रम (८४ वटा विद्यालयमा राखिएको)
- किशोर किशोरी -मैत्री स्वास्थ्य सेवा प्रमाणीकरण (१४८ वटा)
- स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि
- किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको लागी स्वास्थ्य संस्था विस्तार तथा सुदृढिकरण
- विद्यालयहरूमा किशोर किशोरी -मैत्री सूचना कक्ष (AFIC) को स्थापना।
- स्वास्थ्यकर्मीहरूलाई ASRH तालिम।
- महिनावारी स्वच्छता व्यवस्थापन (MHM)।
- विद्यालयमा बृहत्तर यौनिकता शिक्षा (CSE)
- वकालत

तालिका ३.७.१: किशोर किशोरी मैत्री प्रमाणित स्वास्थ्य संस्थाहरु

| *जिल्ला* | *स्वास्थ्य संस्था* | *जम्मा* |
|---|---|---|
| *अर्घाखाँची* | *ठाडा प्राथमिक स्वास्थ्य केन्द्र, हङ्गसपुर स्वास्थ्य चौकी, पोखराथोक स्वास्थ्य चौकी, अर्घातोष स्वास्थ्य चौकी, बाघी स्वास्थ्य चौकी, सुवर्नखाल स्वास्थ्य चौकी र छत्रदेव स्वास्थ्य चौकी* | *७* |
| *दाङ* | *गडवा स्वास्थ्य चौकी, सिसनिया स्वास्थ्य चौकी र सत्वरिया स्वास्थ्य चौकी* | *३* |
| *कपिलवस्तु* | *जयनगर स्वास्थ्य चौकी, बरकलपुर स्वास्थ्य चौकी, गौरी स्वास्थ्य चौकी, तिलौराकोट स्वास्थ्य चौकी, राजपुर स्वास्थ्य चौकी, चनई स्वास्थ्य चौकी र शिवपुर स्वास्थ्य चौकी* | *७* |
| *बर्दिया* | *पाताभार स्वास्थ्य चौकी, गोला स्वास्थ्य चौकी, पशुपतिनगर स्वास्थ्य चौकी, मनाउ स्वास्थ्य चौकी, आधाभूत स्वास्थ्य केन्द्र, पातमरा आधाभूत स्वास्थ्य केन्द्र, बर्दियानगर अस्पताल, पदनाह स्वास्थ्य चौकी, सुर्यपट्वा स्वास्थ्य चौकी, ढोडरी स्वास्थ्य चौकी, राराताल स्वास्थ्य चौकी, धर्मबस्ति आधारभूत स्वास्थ्य केन्द्र, नउलापुर स्वास्थ्य चौकी, बगनाह स्वास्थ्य चौकी, शिवपुर स्वास्थ्य चौकी र ठाकुरद्धारा स्वास्थ्य चौकी* | *१६* |
| *बाँके* | *कम्दी स्वास्थ्य चौकि, बेतहनी स्वास्थ्य चौकि, गंगापुर स्वास्थ्य चौकि, खजुरा प्रा स्वा के, सुनपुर स्वास्थ्य चौकि, उढारापुर स्वास्थ्य चौकि, साहीगाँउ स्वास्थ्य चौकि र नरैंजापुर स्वास्थ्य चौकि,* | *८* |
| *प्युठान* | *बाङ्गेमरोठ स्वास्थ्य चौकि, बडिकोट स्वास्थ्य चौकि, तोर्बाङ्ग स्वास्थ्य चौकि, ओखरकोट स्वास्थ्य चौकि, खुङ स्वास्थ्य चौकि, नरीकोट स्वास्थ्य चौकि, खैरा स्वास्थ्य चौकि, पुजा स्वास्थ्य चौकि, शोत्रे स्वास्थ्य चौकी, पुरनठाटी स्वास्थ्य चौकी, भिङ्गी स्वास्थ्य चौकी, गोठीवाङ्ग स्वास्थ्य चौकी र लिवाङ स्वास्थ्य चौकी,* | *१३* |

| | | |
|---|---|---|
| रोल्पा | लिवाङ स्वास्थ्य चौकि, जेदवाङ स्वास्थ्य चौकि, कोटगाउँ स्वास्थ्य चौकि, बडाचौर स्वास्थ्य चौकि, गुम्चाल स्वास्थ्य चौकि, हार्जङ स्वास्थ्य चौकी , खुमेल स्वास्थ्य चौकी, गौरीगाउँ स्वास्थ्य चौकी, कोर्चावाङ स्वास्थ्य चौकी, घर्तिगाउँ स्वास्थ्य चौकी, खुङ्ग्री स्वास्थ्य चौकी, कुरेली स्वास्थ्य चौकी, थवाङ आधारभूत अस्पताल र नुवागाउँ स्वास्थ्य चौकी | १४ |
| रुकुम | सालापाखा स्वास्थ्य चौकी, वाफीकोट स्वास्थ्य चौकी, स्मृति स्वास्थ्य चौकी ,चुनवाङ स्वास्थ्य चौकी, महत स्वास्थ्य चौकी, जाङ स्वास्थ्य चौकी र कोल प्रा स्वा के, | ७ |
| रुपन्देही | परोहा स्वास्थ्य चौकी, दुधराक्ष स्वास्थ्य चौकी, शालझन्डी स्वास्थ्य चौकी, बुटवल सहरी स्वास्थ्य केन्द्र, ओमसतिया आधारभूत स्वास्थ्य केन्द्र, पडसरी स्वास्थ्य चौकी, हाटीफर्साटिकट स्वास्थ्य चौकी, बसन्तपुर पा स्वा के, पटखौली स्वास्थ्य चौकी, छोट्कीरामनगर स्वास्थ्य चौकी, केर्वानी स्वास्थ्य चौकी, हनईया स्वास्थ्य चौकी, अमईया स्वास्थ्य चौकी, रायपुर प्रा स्वा के, शिलटिया स्वास्थ्य चौकी र कमरिया स्वास्थ्य चौकी | १६ |
| गुल्मी | हस्तिचौर स्वास्थ्य चौकी, दर्लामचौर स्वास्थ्य चौकी, दाहली स्वास्थ्य चौकी. ईस्मा रजस्थल स्वास्थ्य चौकी, अमरपुर स्वास्थ्य चौकी, अर्खले स्वास्थ्य चौकी, सिमीचौर स्वास्थ्य चौकी, दुबिचौर स्वास्थ्य चौकी, परालमी स्वास्थ्य चौकी, रामघास स्वास्थ्य चौकी, दरवार देविस्थान स्वास्थ्य चौकी, हुगाँ स्वास्थ्य चौकी, पलिकोट स्वास्थ्य चौकी, श्रीङ्गा प्राथमिक स्वास्थ्य केन्द्र र खर्जेङ स्वास्थ्य चौकी | १५ |
| नवलपरासी | रुपौलिया स्वास्थ्य चौकी, नसही स्वास्थ्य चौकी, पकलीहवा स्वास्थ्य चौकी, कुडिया स्वास्थ्य चौकी, श्रीनगर आधारभूत स्वास्थ्य केन्द्र, सुस्ता सामुदायिक स्वास्थ्य ईकाई, जगनाथपुर आधारभूत अस्पताल, प्रतापपुर स्वास्थ्य चौकी, गुठीसुर्यपुरा स्वास्थ्य चौकी, ठुलोखईरटा स्वास्थ्य चौकी, बेदौली स्वास्थ्य चौकी, सोमनी स्वास्थ्य चौकी, गुठीपर्सौनि स्वास्थ्य चौकी, तिलकपुर स्वास्थ्य चौकी, मनरी स्वास्थ्य चौकी, सरावल स्वास्थ्य चौकी, सुनवल | २७ |

| | | |
|---|---|---|
| | *स्वास्थ्य चौकी, सुनवल १ सहरी स्वास्थ्य केन्द्र, सुनवल आधारमूत स्वास्थ्य केन्द्र ,४,५ र ६, हरपुर स्वास्थ्य चौकी, रमावापुर स्वास्थ्य चौकी, गेर्मी स्वास्थ्य चौकी, कुस्मा स्वास्थ्य चौकी, सुक्रौली स्वास्थ्य चौकी र अमरौट स्वास्थ्य चौकी* | |
| *पाल्पा* | *अर्गेली स्वास्थ्य चौकी, मदनपोखरा स्वास्थ्य चौकी, गाँडाकोट स्वास्थ्य चौकी, गेझा स्वास्थ्य चौकी, विरकोट स्वास्थ्य चौकी, रीङ्नेरह स्वास्थ्य चौकी, ताँहु स्वास्थ्य चौकी, बाकामलाङ्ग स्वास्थ्य चौकी, झिरवास स्वास्थ्य चौकी, गल्ध स्वास्थ्य चौकी, अर्चले स्वास्थ्य चौकी, भवनपोखरी स्वास्थ्य चौकी, छहरा स्वास्थ्य चौकी, जुठापौवा स्वास्थ्य चौकी र सत्यवति स्वास्थ्य चौकी* | *१५* |
| | ***जम्मा*** | *१४८* |

श्रोतः स्वास्थ्य कार्यालय

### ३.७.५ किशोरीहरुमा परिवार योजना सेवाको उपयोग

आर्थिक वर्ष २०८०/८१ मा, २० वर्ष मुनिका नयाँ प्रयोगकर्ताहरू मध्ये ४८ प्रतिशतले जन्मान्तर का लागि डिपो छनोट गरे भने पिल्स दोस्रो सबैभन्दा लोकप्रिय विधि थियो जसलाई ३८ प्रतिशत महिलाहरुले प्रयोग गरे त्यसैगरी IUCD सबैभन्दा कम मन पराइएको विधि थियो, जुन प्रयोग गरिएको कुल विधिहरूको मात्र ०.६७ प्रतिशत थियो।

### तालिका ३.७.१ : २० वर्ष मुनिका नयाँ प्रयोगकर्ताहरुमा परिवार योजनाको आस्थाइ साधनहरुको प्रयोग दर (संख्या)

| प्रदेश/ जिल्ला | २० वर्ष मुनिका डीपो प्रयोग गर्ने किशोरीको संख्या | २० वर्ष मुनिका IUCD प्रयोग गर्ने किशोरीको संख्या | २० वर्ष मुनिका IMPLANTप्रयोग गर्ने किशोरीको संख्या | २० वर्ष मुनिका PILLS प्रयोग गर्ने किशोरीको संख्या | कुल नयाँ प्रयोगकर्ता संख्या |
|---|---|---|---|---|---|
| लुम्बिनी प्रदेश | १९२८ | २७ | ५६४ | १५२८ | ४०४७ |

| प्रदेश/ जिल्ला | २० वर्ष मुनिका डीपो प्रयोग गर्ने किशोरीको संख्या | २० वर्ष मुनिका IUCD प्रयोग गर्ने किशोरीको संख्या | २० वर्ष मुनिका IMPLANTप्रयोग गर्ने किशोरीको संख्या | २० वर्ष मुनिका PILLS प्रयोग गर्ने किशोरीको संख्या | कुल नयाँ प्रयोगकर्ता संख्या |
|---|---|---|---|---|---|
| रुकुम पूर्वीभाग | ११० | ३ | ४३ | २६ | १८२ |
| रोल्पा | २८९ | ० | ५० | १११ | ४५० |
| प्यूठान | २३९ | १ | २६ | ५४ | ३२० |
| गुल्मी | १०० | १ | १२ | ४९ | १६२ |
| अर्घाखाची | ६३ | ० | १९ | ४८ | १३० |
| पाल्पा | १०३ | ४ | १११ | ५० | २६८ |
| नवलपरासी पश्चिम | ६० | १ | २९ | ६८ | १५८ |
| रुपन्देही | ६४ | १ | ३५ | ९७ | १९७ |
| कपिलवस्तु | ३५ | ३ | २२ | ४२ | १०२ |
| दाङ | ४७३ | ४ | १०८ | ४२८ | १०१३ |
| बाँके | १९६ | ३ | ४० | ५०५ | ७४४ |
| बर्दिया | १९६ | ६ | ६९ | ५० | ३२१ |

श्रोतः HMIS/DIHS-2 2080/81

### ३.७.६ किशोरिहरुमा सुरक्षित गर्भपतन सेवा

आर्थिक वर्ष २०८०/८१ मा, कुल सुरक्षित गर्भपतन मध्ये ५ प्रतिशत किशोरीहरुले सुरक्षित गर्भपतन सेवा लिएका छन् जुन गत आ व भन्दा १ प्रतिशतले कमी हो । आर्थिक वर्ष २०८०/८१ मा जिल्लागतरुपमा हेर्दा रुपन्देही जिल्लामा सबै भन्दा धरै २३८ जना किशोरीहरुले सुरक्षित गर्भपतन सेवा लिएको देखिन्छ भने कम रुकुम पूर्वमा ९ जनाले सेवा लिएका छन्।



चित्र २.७.१:२० वर्ष मुनि गर्भपतन संख्या

श्रोतःHMIS/DIHS-2 2080/81

### ३.७.७ किशोरीहरुमा गर्भ जाँच र प्रसूती सेवा

आर्थिक वर्ष २०८०/८१ मा, लुम्बिनी प्रदेशमा कुल ८२१७३ जना महिलाले स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसूती सेवा लिएका छन् । जस मध्ये ६६५६ जना २० वर्ष मुनिका किशोरीहरु रहेका छन् ।

### चित्र ३.७.२ किशोरिहरुमा गर्भ जाँच र प्रसूती सेवा




श्रोतःHMIS/DIHS-2 2080/81

### ३.७.८ किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका मुद्दाहरू, अवरोधहरू र सिफारिसहरू

| मुद्दाहरू / अवरोधहरू | सिफारिसहरू | जिम्मेवारी |
|---|---|---|
| कम उमेरमा विवाह र किशोरावस्थाको गर्भाधान उच्च | • सामुदायिक चेतनामूलक गतिविधिहरू र विद्यालयहरूमा बृहत्तर यौनिकता शिक्षालाई तीव्र बनाउने ।<br>• कम उमेरमा विवाह र किशोरावस्थाको गर्भावस्थाको नतिजाहरूबारे सचेतना जगाउन अभियानहरू र समुदायस्तरमा कार्यक्रमहरू सञ्चालन गर्ने।<br>• यी अभ्यासहरूलाई निरुत्साहित गर्नका लागि छलफल र पहलहरूमा स्थानीय समुदायहरूलाई संलग्न गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (संघिय, प्रादेशिक), स्थानिय तह |
| विद्यालय खुल्ने समय र स्वास्थ्य संस्था खुल्ने | • किशोर किशोरी मैत्री स्वास्थ्य संस्था र विद्यालय वीच समन्वय गरी सेवा प्रदानको सुनिश्चितता गर्ने | स्थानीय तह |

| मुद्दाहरू / अवरोधहरू | सिफारिसहरू | जिम्मेवारी |
|---|---|---|
| समय एउटै हुने हुदाँ सेवा लिन कठिनाई | | |
| किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमको लागि कम प्राथमिकता र अपर्याप्त स्रोत विनियोजन। | • किशोरकिशोरी र युवाहरूमा लगानी बढाउनका लागि प्रदेश र स्थानीय तहमा निर्णयकर्ताहरूसँग वकालत गर्ने।<br>• किशोरी अधिकार मञ्च गठन तथा परिचालन गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (संघिय, प्रादेशिक), स्थानिय तह तथा साझेदार संस्थाहरु |
| किशोरकिशोरीहरुमा परिवार योजनाको न्युन प्रयोग दर तथा उच्च अपरिपुर्त माग | • किशोरकिशोरी लक्षित जानकारी र सचेतना कार्यक्रमहरूलाई तीव्र बनाउने ।<br>• किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाहरू र सूचना कक्षहरू बिस्तार गर्ने।<br>• किशोरकिशोरी उत्तरदायी सेवा प्रावधानको सम्बन्धमा स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धी गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (संघिय, प्रादेशिक), स्थानिय तह |
| धेरै जिल्लाका किशोरकिशोरीहरूमा यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोगमा घट्दो प्रवृत्ति | • किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाहरू र सूचना कक्षहरू बिस्तार गर्ने।<br>• विद्यालय नर्स कार्यक्रममा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्यका मुद्दाहरू र सेवाहरूको कार्यात्मक एकीकरण सुनिश्चित गर्ने।<br>• सामुदायिक चेतनामूलक गतिविधिहरू र विद्यालयहरूमा बृहत्तर यौनिकता शिक्षालाई तीव्र बनाउने । | परिवार कल्याण महाशाखा, प्रदेश, स्थानिय तह तथा साझेदार संस्थाहरु |
| स्वास्थ्य संस्थाहरूमा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाका | • किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य क्लिनिकल तालिम केन्द्रहरु बिस्तार गर्ने र सबै स्वास्थ्य संस्थाहरू, विशेष गरी किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाहरूमा व्यवहार र सीप | परिवार कल्याण महाशाखा, स्वास्थ्य तथा जनसंख्या |

| मुद्दाहरू / अवरोधहरू | सिफारिसहरू | जिम्मेवारी |
|---|---|---|
| लागि तालिम प्राप्त मानव संसाधनको अपऱ्याप्तता | केन्द्रित, योग्यतामा आधारित किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रशिक्षणको साथै सेवा प्रदायकहरूको क्षमता विकास गर्ने। | मन्त्रालय, स्थानिय तह |

## ३.९ गाँउघर क्लिनिक र महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम

### ३.९.१ गाँउघर क्लिनिक कार्यक्रमको पृष्ठभूमी

प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक कार्यक्रम गाउँको स्वास्थ्य संस्थाको पहुँचमा नपुगेका वा सेवाबाट बन्चित रहेका समुदायलाई गुणस्तरिय स्वास्थ्य सेवा पुऱ्याउने अवधारणा अनुरुप सञ्चालनमा ल्याईएको हो। यस कार्यक्रममा प्राथमिक स्वास्थ्य केन्द्र, स्वा.चौ. अन्तर्गत तोकिएका सेवाहरु प्रत्येक वडाहरुमा १ देखी ५ वटा PHC-ORC स्थापना गरी प्रदान गर्ने गरिन्छ। यस प्रदेशमा १९२८ वटा गाँउघर क्लिनिक रहेका छन र ९०२८ जना महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका रहेका छन्। स्वास्थ्यकर्मीहरुद्धारा प्रत्येक महिना PHC-ORC मा गई तोकिएका स्वास्थ्य सेवाहरु प्रदान गरिन्छ। PHC-ORC बाट प्रदान गरिने सेवाहरुमा एकीकृत बालरोगको व्यवस्थापन, बालबलिकाहरुको वृद्धि अनुगमन सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा, स्वास्थ्य शिक्षा तथा परार्मश सेवा र प्राथमिक सामान्य उपचारात्मक सेवाहरु नै प्रमुख हुन्। नेपाल सरकारले यो अवधारणा वि.सं. २०५१ देखि सुरुवात गरेको हो।

### ३.९.२ आ.व.२०८०/८१ सञ्चालित क्रियाकलापहरु

- स्वास्थ्य शिक्षा, परामर्श सेवा र स्वास्थ्य सम्बन्धी शैक्षिक सामाग्रीहरु वितरण।
- परामर्श सेवा र स्वास्थ्य शिक्षा सामाग्री वितरण।
- परिवार नियोजन सेवा (कण्डम, पिल्स, आकस्मिक गर्भनिरोधक चक्की र डिपो)।
- आधारभुत मातृ स्वास्थ्य सेवा (पूर्व प्रसुती र उत्तर प्रसुती)।
- सामान्य उपचारात्मक सेवा।
- प्रेषण र अनुगमन।
- प्रभावकारी रुपमा PHC-ORC लाई सञ्चालन गर्न जनसमुदायलाई परिचालन गर्ने आदि।

तालिका नं. २.९.१ जिल्लागत म.स्वा.स्व.से र गाउँघर क्लिनिकको विवरण

### ३.९.३ गाँउघर क्लिनिकमा दिइएका सेवा विवरण

आ.व. २०७९/८० मा गाउँघ क्लिनिकको रिपोर्टिङ्ग दर १०० प्रतिशत नै कायम रहेको छ। जिल्ला अनुसार हेर्दा १० जिल्लामा रिपोर्टिङ्ग दर सत प्रतिशत रहेकोमा सबै भन्दा कम रिपोर्टिङ्ग दर भएको जिल्ला बर्दिया रहेको छ।

चित्र नं. २.९.१ गाउँघर क्लिनको रिपोर्टिङ्ग दर जिल्ला




यस प्रदेशमा आ.व. २०८०/८१ मा गाउँघर क्लिनिकबाट सेवा लिने औषत सेवाग्राही संख्या प्रति क्लिनिक २५ जना रहेको छ। जिल्ला अनुसार हेर्दा सबै भन्दा बढी बाके जिल्लामा ३२ जना रहेकोमा सबै भन्दा कम रुकुमपूर्व जिल्लामा १७ जना रहेको छ।

चित्र नं. २.९.२ औषत



### ३.९.४ महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको पृष्ठभूमी

ग्रामीण समुदायमा महिला र बाल-बालिका सम्वन्धी समस्या बढी मात्रामा देखा पर्दछन् । जसले गर्दा मातृ मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर बढी मात्रामा भएको पाईन्छ । यसरी ग्रामीण र विपन्न वर्ग सम्म स्वास्थ्य सेवाको पहुँच बढाउन र स्वास्थ्य सेवामा समुदाय सहभागिता बढाउने उद्धेश्यले आ.व. २०४५/४६ देखि प्रत्येक वडाहरुमा महिला स्वस्थ्य स्वयंसेविका राख्ने प्रचलन सुरु भएको हो। आमा समुहको गठन पश्चात म.स्वा.स्व. सेविकाको छनौट भई केहि समयको तालिम पछि उनीहरुले आफ्नो टोलमा स्वास्थ्य सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्दछन् । आफ्नो टोलमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, खोप, पोषण, वातावरणीय सरसफाई, व्यक्तिगत सरसफाई आदिको बारेमा जनचेतना जगाई प्रतिकारात्मक र प्रर्वधनात्मक स्वास्थ्य सेवालाई टेवा पुर्‍याउनु म.स्वा.से.को प्रमुख जिम्मेवारी हो ।

नेपालमा रहेका प्रमुख स्वास्थ्य समस्याहरु मध्ये उच्च मातृ तथा शिशु मृत्यु दर, कुपोषण, सरुवा रोगहरु र उच्च प्रजनन् दर रहेका र ती समस्याहरु बढी मात्रामा महिला तथा बालबालिकासँग रहेका र धेरै जसो समुदायको सहभागितामा समाधान गर्न सकिने भएको हुदाँ समुदायलाई परिचालन गर्नको लागि महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गरिएको हो । यस प्रदेशका १२ जिल्लामा ९०२८ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरुले रहेका छन् ।

### ३.९.५ आ.व. २०८०/८१ मा सञ्चालित कार्यक्रमहरु

- नयाँ नियुक्त भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुको आधारभुत तालिम कार्यक्रम सञ्चालन गरिएको
- आ.व. २०८०/८१ मा विभिन्न गतिविधिका साथै महिला स्वास्थ्य स्वयं सेविका दिवश "स्वास्थ्य क्षेत्रमा दिगो विकास, महिला सामुदायिक स्वयम् सेविकाको संयुक्त प्रयास" भन्ने नाराका साथ मसिंर २० गते मनाइएको थियो।
- यस वर्ष ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रतिव्यक्ति रु २०,०००।- का साथ विदाई गरिएको थियो भने आवस्यकता अनुसार आधारभूत र पुनर्ताजगी तालिम समेत प्रदान गरिएको छ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको अर्धवार्षिक समीक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

तालिका नं. ३.९.२ तीन आ.व.को महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धि विवरण तथा सुचाकहरु

| विवरण | स्वास्थ्य आमा समुहको बैठक बसेको दर (प्रतिशतमा) | | | औषत सेवाग्राही प्रति म.स्वा.से. (जनामा) | | |
|---|---|---|---|---|---|---|
| आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| रुकुम पूर्व | १०० | १०० | १०० | १० | १४ | १४ |
| रोल्पा | १०० | १०० | १०० | २४ | २६ | २६ |
| प्यूठान | १०० | १०० | १०० | २९ | ३३ | ३३ |
| गुल्मी | ९९ | १०० | १०० | १४ | १६ | १६ |
| अर्घाखाची | १०० | १०० | १०० | १४ | १५ | १५ |
| पाल्पा | १०० | १०० | १०० | ३५ | २१ | २१ |
| नवलपरासी पश्चिम | १०० | १०० | १०० | ५८ | ६२ | ६७ |
| रुपन्देही | १०० | ९९ | १०० | २४ | ३१ | ३६ |
| कपिलवस्तु | १०० | १०० | १०० | २१ | २३ | २७ |
| दाङ | ९८ | १०० | १०० | ३२ | ३४ | ३४ |
| बाके | १०० | ९३ | १०० | ४१ | ४५ | ५१ |
| बर्दिया | ८६ | १०० | १०० | ३९ | ४५ | ४८ |
| **लुम्बिनी प्रदेश** | १०० | ९९ | ९७ | २८ | ३० | ३२ |

आ. व. २०८०/८१ मा लुम्बिनी प्रदेशमा औसतमा प्रति म.स्वा.से.ले करिब ३२ जनालाई प्रति महिना सेवा दिएको पाईन्छ जुन गत आ.व.मा पनि ३० जना रहेको थियो । प्रतिवेदन अनुसार आमा समुहको बैठक १०० प्रतिशत सञ्चालन भएको देखिन्छ । त्यसै गरी यस आ.व.मा महिला स्वास्थ्य स्वयंसेविकाहरुले गाँउघर क्लिनिक, खोप क्लिनिक तथा राष्ट्रिय अभियानहरुमा सघाएको देखिन्छ ।

### ३.९.६ महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको समस्या,चुनौतीहरु र समाधानका उपायहरु

तालिका नं. ४ महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको समस्या, चुनौतीहरु र समाधानका उपायहरु

| २०७९/८० | | | | २०८०/८१ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| १ | म.सा.स्वा.स्व.से. को कार्यक्षमतामा समयानुकुल अपेक्षाकृत रुपमा सुधार हुन नसक्नु र राज्य बाट थप सेवा सुविधा को अपेक्षा हुनु | • कमजोर कार्यक्षमता भएका म.सा.स्वा.स्व.से. सम्मानजनक विदाई (थप सुविधा सहित) कार्यक्रम<br>• सबैलाई आधारभूत तथा रिफ्रेसर तालिमका लागी बजेट व्यवस्थापन<br>• समुदायमा आधारित अनमी/नर्स कार्यक्रम सुरुवात | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | कमजोर कार्यक्षमता भएका म.सा.स्वा.स्व.से. हरुलाई सम्मानजनक विदाई कार्यक्रम गर्न नसकिएको | तालिम प्राप्त म.सा.स्वा.स्व.से.बाट पनि अपेक्षाकृत रुपमा क्रियाकलाप नहुनु<br><br>शहरी क्षेत्रमा म.सा.स्वा.स्व.से सक्रिय नहुनु | म.सा.स्वा.स्व.से केन्द्रित कार्यक्रमहरुमा स्वास्थ्यकर्मीहरुलाई बढी सक्रिय बनाउने | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा |
| २ | स्वास्थ्य आमा समुहको बैठक नियमित नहुनु र स्वास्थ्यकर्मीको उपस्थिति सुनिस्चित नहुनु | • स्वास्थ्य आमा समूह बैठक खाजा खर्च व्यवस्थापन<br>• स्वास्थ्यकर्मी यातायात खर्च व्यवस्थापन | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | स्वास्थ्य आमा समुहको बैठक प्रभाबकारी नहुनु | स्वास्थ्य बिषयबस्तु केन्द्रित छलफल कम हुनु | स्वास्थ्य आमा समुहको बैठकमा स्वास्थ्यकर्मीको उपस्थिति सुनिस्चित गर्ने र बैठकको माइनुट हेरी सुझाव दिने | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय |

## गाउँघर क्लिनिक कार्यक्रमको समस्या,चुनौतीहरु र समाधानका उपायहरु

| | २०७९/८० | | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| १ | गाउँघर क्लिनिक व्यवस्थापन समिती सक्रिय नहुनु | अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | स्थानिय तह, स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | स्वास्थ्य कार्यालयद्वारा केहि संस्थामा अनुगमन कार्य संचालन भइरहेको | नियमित रुपमा गाउघर क्लिनिक संचालन नहुनु | जनसमुदायलाई परिचालन गरि समय समयम बैठक संचालन गर्ने | स्थानिय तह , स्वास्थ्य कार्यालय |
| २ | सबै गाउँघर क्लिनिकहरुको भवन र आवश्यक सामाग्री नहुनु | आवश्यक सामाग्री तथा बजेट व्यवस्थापन | स्थानिय तह , स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | आवश्यक सामाग्री तथा बजेट व्यवस्थापनमा कठिनाई | आवश्यक सामग्री व्यवस्थापन नभएको | गाउँघर क्लिनिकहरुको ब्यबस्थापनको लागि स्थानिय तह र स्वास्थ्य कार्यालयसंग समन्वय गरि आवश्यक सामग्रीको ब्यबस्थापन गर्ने | स्थानिय तह , स्वास्थ्य कार्यालय, |
| ३ | गाउँघर क्लिनिकमा जाने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन नभएको | यातायात खर्च व्यवस्थापन | स्थानिय तह, स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा | सबै स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई प्रोत्साहनका लागि बजेट बिनियोजन गर्न नसकिएको | गाउँघर क्लिनिकमा जाने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन नभएको | यातायात खर्च व्यवस्थापन | स्थानिय तह, स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, परिवार कल्याण महाशाखा |

# ४ : महामारी तथा रोग नियन्त्रण कार्यक्रम

## ४.१ क्षयरोग नियन्त्रण कार्यक्रम

### ४.१.१. परिचय

क्षयरोग एउटा सरुवा रोग हो । विश्वमा खराव स्वास्थ्य अवस्था र मृत्यु गराउने मुख्य कारक मध्ये क्षयरोग पनि एक हो । विश्व क्षयरोगको प्रतिवेदन २०२३ अनुसार करिव एक चौथाई विश्वको जनसंख्या क्षयरोग संक्रमण भएको अनुमान गरिएको छ भने ५ देखि १०% व्यक्तिहरुमा प्रतिबर्ष सक्रिय क्षयरोग हुने गरेको छ  तर धेरै जसोमा क्षयरोग सक्रिय रुपमा विकसित नभै आफै सन्चो भएर जान्छ । नेपालमा क्षयरोग एउटा जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा रही आएको छ । यसलाई रोकथाम र उपचार गर्न सकिन्छ तर पनि धेरै संख्यामा प्रति वर्ष क्षयरोगको विरामीहरु दर्ता हुने र यसैको कारणले मृत्युवरण गर्ने गरेका छन् ।

राष्ट्रिय रणनैतिक योजना २०२१—२०२६ को अनुसार २३८ प्रति लाख नयाँ क्षयरोगको विरामी दर रहेको छ र प्रति वर्ष ६९००० नयाँ क्षयरोगी हुन्छन् भन्ने अनुमान छ  । क्षयरोगको नयाँ व्यापक्ता दर ४१६ प्रति लाख जनसंख्या रहेको छ जुन पहिलाको अनुमानित संख्या भन्दा १.८ गुणा धेरै हो, यसै गरी नयाँ विरामी दर २३८ प्रति लाख पनि पहिलाको अनुमानित संख्या भन्दा १.६ गुणा धेरै हो । क्षयरोगको मृत्यु दर पनि ३.१ गुणा धेरै छ भने औषधी प्रतिरोधी क्षयरोगको संख्या पनि १.६ गुणा धेरै रहेको छ । विश्व स्वास्थ्य संगठनले नेपाललाई औषधी प्रतिरोधी क्षयरोग धेरै हुने सूचिमा राखेको छ । राष्ट्रिय क्षयरोग कार्यक्रमको राष्ट्रिय रणनैतिक योजना २०२१—२०२६ ले आफ्नो कार्यक्रमहरु विश्व स्वास्थ्य संगठनको End TB रणनीति र दिगो विकास लक्ष्य २०३० सँग आवद्ध गरेको छ ।

## ४.१.१ क्षयरोग नियन्त्रण कार्यक्रम संग सम्बन्धित स्वास्थ्य प्रवाह केन्द्रहरुः

| जिल्ला | डटस केन्द्र | क्षयरोगको लागि समर्पित माइक्रोसकोपिक केन्द्र | जेने एक्स्पर्ट केन्द्र | औसधि प्रतिरोधी क्षयरोग उपचार केन्द्र |
|---|---|---|---|---|
| रुकुम पुर्व | ३७ | ४ | | |
| रोल्पा | ७४ | १० | १ | |
| प्यूठान | ७२ | १० | ३ | |
| गुल्मी | ११० | ९ | १ | |
| अर्घाखाँची | ५६ | ७ | १ | |
| पाल्पा | ८७ | ९ | २ | |
| नवलपरासी पश्चिम | ५२ | ९ | १ | |
| रुपन्देही | १३५ | २५ | ३ | १ |
| कपिलवस्तु | १०४ | ११ | २ | १ |
| दांग | ७० | २० | २ | १ |
| बाँके | ७५ | १२ | ३ | १ |
| बर्दिया | ५० | १८ | ३ | |
| **लुम्बिनी प्रदेश** | **९२२** | **१४४** | **२२** | **४** |

माथि उल्लेख गरिएको तालिकाले लुम्बिनी प्रदेश अन्तर्गगत रहेको क्षयरोग नियन्त्रण कार्यक्रम संग सम्बन्धित स्वास्थ्य प्रवाह केन्द्रहरु लाई देखाउन खोजेको छ । हाल लुम्बिनी प्रदेशमा ४ वटा औषधि प्रतिरोधि क्षयरोग उपचार केन्दहरु, २२ वटा जेन एक्पर्ट जाँच केन्द्रहरु, १४५ वटा क्षयरोगको लागि समर्पित माईक्रोसकोपिक केन्द्रहरु र ९२२ वटा डट्स उपचार केन्द्रहरु रहेको छ । यस आ.व. मा १ वटा क्षयरोगको लागि समर्पित माईक्रोसकोपिक केन्द्र, ३ वटा जेन एक्पर्ट केन्द्रहरु र १५ वटा डट्स उपचार केन्द्रहरु लुम्बिनी प्रदेशमा नयाँ थप गरिएको छ ।

### ४.१.२. क्षयरोगको नयाँ विरामी पत्ता लगाउने (TB Case Finding)

तालिका नं ४.१.२ः नयाँ क्षयरोगीको पत्ता लागेको संख्या (सवै प्रकारको) आ.व. २०७८/०७९ देखी २०८०/०८१

| जिल्ला | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ |
|---|---|---|---|
| रुपन्देही | १७०५ | १७४५ | २०१२ |
| दांग | १४५३ | १२९३ | १४१५ |
| बाँके | १०८९ | ११०२ | ११८२ |
| कपिलवस्तु | ९०० | **९१४** | ९७८ |
| बर्दिया | ७९२ | ६७७ | ७३० |
| नवलपरासी पश्चिम | ४७२ | ४७० | ५२० |
| प्यूठान | ४०२ | ३५२ | ३८६ |
| पाल्पा | ३४५ | ३३४ | ३६३ |
| रोल्पा | ३३३ | २८७ | ३१२ |
| गुल्मी | २८९ | २५७ | २६३ |
| अर्घाखाँची | २४९ | २२१ | २२५ |
| रुकुम पुर्व | ५६ | ५३ | ५८ |
| **लुम्बिनी प्रदेश** | **८०८५** | **७७०५** | **८४४४** |

Source :HMIS/DHIS2

माथिको तालिकाले क्षयरोगको नयाँ विरामीहरुको ३ वर्षकोको अवस्थालाई चित्रण गर्दछ । आ.ब. २०७९/८० को तुलनामा आ.ब..२०८०/८१ मा १०% (७३९) ले नयाँ विरामीहरुको बढेको छ गत बर्षको तुलनामा ९%ले प्रदेशमा बढी क्षयरोगको विरामी पत्ता लागेको छ  यो आ.ब.मा सवै भन्दा धेरै

नया क्षयरोगी रुपन्देही (२०१२) मा पत्ता लागेको छ भने क्रमश : दाङ्ग (१४१५) र बाँके (११८२) मा पत्ता लागको छ । तर सवै जिल्लाामा क्षयरोगको विरामीहरु गत बर्षको तुलनामा बढी नै पत्ता लागेको छ ।

### ४.१.३ क्षयरोग पत्ता लाग्ने दर (Case Notification Rate)

*तालिका नं. ४.१.३ लुम्बिनी प्रदेशको क्षयरोग पत्ता लाग्ने दर आ.व. २०७८/०७९ देखी २०८०/०८१*

| जिल्ला | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ |
|---|---|---|---|
| दांग | २१४ | १८८ | २०८ |
| बाँके | १८० | १७९ | १९१ |
| प्यूठान | १७३ | १४९ | १७२ |
| बर्दिया | १७२ | १४५ | १५९ |
| रुपन्देही | १५२ | १५३ | १७४ |
| पाल्पा | १४२ | १३५ | १५४ |
| रोल्पा | १४१ | १२० | १३५ |
| अर्घाखाँची | १४० | १२४ | १३६ |
| कपिलवस्तु | १३१ | १३० | १४० |
| नवलपरासी पश्चिम | १२२ | १२० | १३३ |
| गुल्मी | ११७ | १०३ | ११३ |
| रुकुम पुर्व | ९६ | ९० | १०४ |
| **लुम्बिनी प्रदेश** | **१५७** | **१४८** | **१६४** |

Source :HMIS/DHIS2

लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ मा नयाँ क्षयरोगी पत्ता लाग्ने दर प्रति लाख जनसंख्यामा १६४ छ, जुन गत आ.ब.को तुलना मा प्रति लाख १६ ले बढेको छ । यस आ.ब.मा सवै भन्दा धेरै क्षयरोगी पत्ता लाग्ने दर भएको जिल्ला दाङ (प्रति लाख २०८) हो भने कम हुने जिल्ला रुकुम पूर्व (प्रति लाख १०४) हो । अझै पनि लुम्बिनी प्रदेश प्रति लाख ६५ ले अनुमानित दर भन्दा कम छ । निरन्तर मुख्य अस्पतालहरुको अनुगमन, साभेदार संस्थाहरुको परिचालन, मासिक तथ्याङ्क विश्लेषण र पृष्ठपोषण, जेन एक्सर्ट कार्टिजको उचित व्यवस्थापन, स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण र नयाँ क्षयरोगी

पत्ता लगाउन,प्रेषण गर्न र विभिन्न कार्यक्रमको निरन्तरताको लागि समुदायको सहभागीताका साथै क्षयरोग मुक्त पालिका अभियानले राष्ट्रिय क्षयरोगको रणनैनिक ग्यापलाई परिपूर्ति गर्न र नयाँ क्षयरोगी पत्ता लगाउन सहयोग र योगदान गरेको छ ।

*तालिका नं ४.१.४ राष्ट्रिय क्षयरोग कार्यक्रमको मुख्य सूचकहरुको अवस्था आ.व. २०८०/०८१*

| **राष्ट्रिय क्षयरोग कार्यक्रमको मुख्य सूचकहरु** | **अवस्था** |
|---|---|
| नयाँ क्षयरोगी दर (CNR) (New and relapse)/100,000 | १६४ |
| क्षयरोगीहरु मध्ये एच.आइ.भी. परीक्षण% | ९९.४ |
| खकारमा ब्याक्टेया पूष्टी भएको छातिको क्षयरोगी% (PBC) | ६० |
| क्षयरोगीहरु मध्ये ०—४ वर्षको बालबालिका% | ६ |
| क्षयरोगीहरु मध्ये ५—१४ वर्षको बालबालिका% | ३.४ |
| क्षयरोगीहरु मध्ये महिलाहरु% | ३८.७ |
| क्षयरोगीहरु मध्ये पुरुषहरु% | ६१.३ |
| क्षयरोगीहरु मध्ये निजि स्वास्थ्य संस्थाबाट पत्ता लागेको% | २७.१ |
| **जम्मा नयाँ क्षयरोगीहरु** | **८४४४** |

Source :HMIS/DHIS2

तालिकान नं. ४.१.४ ले लुम्बिनी प्रदेशको राष्टिय क्षयरोग कार्यक्रमको मुख्य सूचकहरुको अवस्थालाई दर्शाउदछ । क्षयरोगीहरुमा एच.आई.भी.परीक्षण यस आ.ब.मा बढेको छ जुन ९९.४% छ र राष्ट्रिय रणनैतिक लक्ष्य भन्दा पनि बढी रहेको छ । त्यसै गरि १५ वर्ष मुनिका बालबालिकाहरुमा क्षयरोग ९.५% छ, क्षयरोग पुरुषहरुमा ६१.३% छ भने महिलाहरुमा ३८.७% छ । राष्ट्रिय रणनीतिक योजना २०२१—२६ ले निजि क्षेत्रबाट कम्तिमा ३०% योगदान हुनुपर्ने कुरामा जोड दिएको छ तर लुम्बिनी प्रदेशको हकमा जम्मा २७.१% योगदान निजि क्षेत्रबाट रहेको छ । नियमित तथ्याङक समिक्षा/रुजु, सम्बन्धित निजि संस्थामा भ्रमण गरि सिकाउने, विभिन्न अभिमुखिकरण कार्यक्रमहरुमा निजि क्षेत्रको सहभागिता, नियमित मेडिकल शिक्षा प्रदान, संशक्तिकरण र निजि फार्मेसीहरुको परिचालन जस्ता कृयाकलापहरुले निजि क्षेत्रको योगदान बढाउनमा सहयोग गरेको छ ।

*तालिका नं. ४.१.५ : लुम्बिनी प्रदेशका जिल्ला अन्तर्गतका नयाँ क्षयरोगका प्रकारहरु आ.व. २०७८/०७९ देखि २०८०/०८१*

| जिल्ला | आ.व.२०७८/०७९ | | | आ.व.२०७९/०८० | | | आ.व.२०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | PBC | PCD | EP | PBC | PCD | EP | PBC | PCD | EP |
| रुकुम पुर्व | ३२ | ५ | १९ | ३४ | ८ | ११ | ४३ | २ | १३ |
| रोल्पा | २०५ | ३९ | ८९ | १६१ | ३७ | ८९ | २०७ | ३६ | ६९ |
| प्यूठान | २९४ | ३७ | ७१ | २३३ | ४५ | ७४ | २६९ | ३७ | ८० |
| गुल्मी | १३१ | ४९ | १०९ | १०८ | ५० | ९९ | १३६ | ५२ | ७५ |
| अर्घाखाँची | ११४ | ५५ | ८० | १०५ | ४५ | ७१ | ११९ | ३० | ७६ |
| पाल्पा | २११ | २८ | १०६ | २११ | २९ | ९४ | २२९ | २५ | १०९ |
| नवलपरासी पश्चिम | ३१४ | ६१ | ९७ | २९० | ५३ | १२७ | ३२२ | ६४ | १३४ |
| रुपन्देही | १०१५ | २११ | ४७९ | ९८९ | २२३ | ५३३ | १२३७ | २३६ | ५३९ |
| कपिलवस्तु | ५९१ | १२० | १८९ | ५७७ | १३३ | २०४ | ५८४ | १६२ | २३२ |
| दांग | ७८३ | ३१७ | ३५३ | ७४३ | २४९ | ३०१ | ८३९ | २४७ | ३२९ |
| बाँके | ६५३ | १७३ | २६३ | ५९७ | २४५ | २६० | ६२५ | २८२ | २७५ |
| बर्दिया | ४९७ | १५० | १४५ | ४१८ | ११४ | १४५ | ४३० | १२८ | १७२ |
| **लुम्बिनी प्रदेश** | ४८४० | १२४५ | २००० | ४४६६ | १२३१ | २००८ | ५०४० | १३०१ | २१०३ |

Source :HMIS/DHIS2

तालिका नं ४.**१.५** ले लुम्बिनी प्रदेशमा पत्ता लागेको विभिन्न प्रकारको क्षयरोगको अवस्थालाई दर्शाउदछ । जम्मा क्षयरोगी मध्ये करिव ६०% क्षयरोग खकार पोजेटिभ छातिको क्षयरोग छ, २५% अन्य भागको क्षयरोग छ भने १५% खकार नेगेटिभ क्षयरोग रहेको छ । खकार नेगेटिभ क्षयरोगको राष्ट्रिय अनुमानित लक्ष्य ३०% हो । तर छातिको एक्सरेको कम उपयोगले गर्दा यो १५% मा झरेको छ ।

### ४.१.३. उपचार प्रतिफल (Treatment Outcomes)

*तालिका नं ४.१.६ : क्षयरोग निको हुने दर आ.व. आ.व. २०७८/०७९ देखि २०८०/०८१*

| जिल्ला | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ |
|---|---|---|---|
| रुकुम पुर्व | ९०.६ | ९२.६ | ९४.७ |
| रोल्पा | ९४.३ | ९४.२ | ९३.४ |
| प्यूठान | ९१.७ | ९१.८ | ९४.३ |
| गुल्मी | ८५.३ | ९३.७ | ९४.० |
| अर्घाखाँची | ९१.७ | ९५.२ | ९५.२ |
| पाल्पा | ८८.७ | ८९.८ | ९४.१ |
| नवलपरासी पश्चिम | ८६.० | ९२.४ | ९३.४ |
| रुपन्देही | ९१.१ | ९२.० | ९३.६ |
| कपिलवस्तु | ८९.४ | ९०.४ | ९२.८ |
| दांग | ९२.९ | ९६.१ | ९४.३ |
| बाँके | ९१.२ | ९३.० | ९२.७ |
| बर्दिया | ९३.६ | ९३.६ | ९२. ० |
| **लुम्बिनी प्रदेश** | **९१.०** | **९३.०** | **९३.५** |

Source :HMIS/DHIS2

उपचार सफलता दर आ.ब. २०८०/८१ मा ९३. ५% छ जुन गत आ.ब. (९३%) को तुलनामा केहि बढेको छ । उपचार सफलता दर लुम्बिनी प्रदेशको १२ जिल्लाहरु मध्ये कम बर्दिया (९२) मा छ भने धेरै अर्घाखाँची (९५.२) मा छ । तर सवै जिल्लाहरुमा राष्ट्रिय लक्ष्य ९० पैतिशत भन्दा बढी नै रहेको छ ।

### ४.१.४. औषधी प्रतिरोधी क्षयरोग (Drug Resistant Tuberculosis)

औषधी प्रतिरोधी क्षयरोग राष्ट्रिय क्षयरोग कार्यक्रमको ठुलो चुनौतीको रुपमा रहेको छ । साथै लुम्बिनी प्रदेशको लागि पनि एउटा प्रमुख जनस्वाथ्य समस्याको रुपमा रहेको छ । बहु औषधी प्रतिरोधी क्षयरोग बढाउनमा मुख्य गरेर क्षयरोगीको राम्रो उपचार नहुनु, गुणस्तरिय औषधिको ढुवानी राम्रो नहुनु,

सार्वजनिक स्थानहरुका एक विरामीबाट अर्को व्यक्तिमा सजिलै हावाको माध्यमबाट सर्नु जस्ता कारणहरुले यसलाई बढावा गरिरहेको छ । यसको उपचार व्यवस्थापन गर्दा क्षयरोगले गर्दा लाग्ने अधिक खर्च (Catastrophic Cost) विरामीले व्यवस्थापन गर्नुपर्ने एउटा मुख्य चुनौतीको रुपमा रहेको छ । जसले गर्दा विरामीहरु उपचारमा नआउने र हराउने गर्दछ । यसलाई व्यवस्थित गरि सुधार ल्याउनको लागि नविनतम पँहुच र धेरै स्रोत व्यवस्थापनको आवश्यकता पर्दछ ।

*तालिका नं ४.१.७ : नयाँ बहु औषधी प्रतिरोगी क्षयरोगी पत्ता लागेको संख्या आ.व. आ.व. २०७८/०७९ देखि २०८०/०८१*

| **औषधि प्रतिरोधि क्षयरोग उपचार केन्द्र (DR Centers)** | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|
| टि.वि.नेपाल, बाँके | ५२ | ३६ | ५० |
| लुम्बिनी प्रादेशकि अस्पताल, रुपन्देही | १०७ | ११३ | ९७ |
| रापि स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | १० | ६ | १३ |
| आधारभुत स्वास्थ्य सेवा अस्पताल, कपिलवस्तु | NA | NA | ३१ |
| **लुम्बिनी प्रदेश** | **१६९** | **१५५** | **१९१** |

Source :NTPMIS

यस आ.ब.मा सवै भन्दा धेरै औषधी प्रतिरोधी क्षयरोगीहरु लुम्बिनी प्रादेशिक अस्पताल, रुपन्देहीमा दर्ता भएका छन् भने कम रापि स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा दर्ता भएका छन् । लुम्बिनी प्रदेशको हकमा जम्मा १९१ केशहरु उपचार केन्द्रमा दर्ता भएका छन् । यो तथ्यांक गत आ.ब.को तुलनामा २३% अर्थात ३६ जनाले बढेको छ ।

जम्मा नयाँ क्षयरोग पत्ता लागेकोमा सरदर ३% औषधि प्रतिरोधी क्षयरोग जेनएक्पर्टबाट पत्ता लाग्ने गरेको छ । जेनएक्पर्ट साईटको विस्तार र क्षयरोगको जाँचमा जेनएक्पर्टको परिचालनले अलि धेरै औषधि प्रतिरोधी क्षयरोगीहरु पत्ता लाग्ने गरेको छ । उपचारमा नआउदै हराउने औषधि प्रतिरोधी क्षयरोगीहरु १३% रहेको छ । धेरै जसो हराईरहेको विरामीहरु भारतिय मुलका छन जसलाई ट्र्याकिङ्ग टोलीले पनि फलोअप गर्न सकिरहेको छैन ।

## औषधि प्रतिरोधी क्षयरोगको उपचार प्रतिफल (Treatment outcome of Drug -resistant TB)

*चित्र ३.१.१ : औषधि प्रतिरोधी क्षयरोगको उपचार प्रतिफल*




Source :NTPMIS

लुम्बिनी प्रदेशमा औषधी प्रतिरोधी क्षयरोगको उपचार निको हुने दर ७२% रहेको छ । जुन गत वर्षको तुलनामा ६%ले घटेको छ र यो राष्ट्रिय लक्ष्य (७५%) भन्दा ३%ले कम हो ।

### मुख्य चुनौती र समाधानका उपायहरुः

| चुनौतीहरु | समाधानका उपाय | जिम्मेवार निकाय |
|---|---|---|
| जेनएक्सपर्टमा परनिर्भरता बढ्नु र जेनएक्सपर्ट कार्टिजको नियमित आपूर्ति नहुनाले नयाँ क्षयरोगी पत्ता लगाउन चुनौती | अनुमानित बार्षिक जाँच गर्नुपर्ने संख्याको आधारमा कार्टिज खरिदको लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने । साथै हरेक जेनएक्सपर्ट साईटहरुका प्रयाप्त मात्राका कार्जिटको भण्डारण गर्ने । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| सम्भावित क्षयरोगीहरुको राम्रो पहिचान नहुनु र गुणस्तरहिन खकारको नमुना ढुवानीले जेनएक्सपर्ट पोजिटिभ दरमा कमि आउनु । | क्षयरोगको लागि गुणस्तरिय माईक्रोसकोप साईटहरुलाई स्थानिय तहमा क्षयरोग केश पत्ता लगाउनको लागि सक्षम बनाउने । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र तथा प्रदेश स्वस्थ्य निर्देशनालय |

| | | |
|---|---|---|
| सरकारी तथा निज‍ी स्वास्थ्य संस्थाहरुमा छातिको एक्सरेको कम प्रयोग हुनाले सम्भावित क्षयरोगीको निदान नहुनु । साथै सक्रिय खोजपडताल कार्यक्रममा पनि धेरै कम मात्रामा मात्र क्षयरोगी पत्ता लाग्नु । | पोर्टेवल छातिको एक्सरे मशिनको प्रयोगबाट सक्रिय खोजपडताल कार्यक्रममा धेरै सम्भावित क्षयरोगीहरुको एक्सरे गर्ने । मुख्य अस्पतालहरुका Computer Added Detection (CAD) जडान गर्ने । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र तथा स्थानिय साझेदार संस्था |
| प्रयाप्त मात्रामा निजि स्वास्थ्य प्रदायक संस्थाहरुको सहभागिता नहुनु र निजि क्षेत्रका सम्भावित क्षयरोगी पहिचान नभई केश पत्ता नलाग्नु । | निजि सरकारी समन्वय कार्यक्रमलाई सुद्धिधिकरण गर्ने र प्राविधिक टोलि गठन तथा प्रभावकारी परिचालन गर्ने । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र तथा स्थानिय साझेदार संस्था |
| क्षयरोगको पहिचान गरि सम्भावित क्षयरोगीलाई नजिकको स्वास्थ्य संस्थामा प्रेषण गर्ने कार्यमा समुदायको सहभागिता कम हुनु । | स्थानिय सरकारको परिचालन/सहभागितामा समुदायको विभिन्न अङ्गहरुको सहभागितालाई बढाउने । जस्तै उच्च माध्यमिक विद्यालय, क्याम्पसहरुमा जनचेतनामुलक कार्यक्रमको विस्तार गर्ने । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, प्रदेश सरकार, स्थानिय सरकार |
| उपचार अगाडि नै औषधि प्रतिरोधी क्षयरोगीहरु सम्पर्क विहिन हुनु र हरेक व्यक्तिहरुलाई उपचारमा ल्याउनको लागि फलोअप नहुनु । | उपचार फलोअप टोलिलाई बलियो बनाउने र नियमित रुपमा यसको समिक्षा गर्ने । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, प्रदेश सरकार, साझेदार संस्था |
| समुदायको संलग्नतामा क्षयरोग सम्बन्धि कार्यक्रमहरु कम हुनु । | क्षयरोग मुक्त पालिकालाई बढी प्रभावकारी रुपमा सञ्चालन गर्नु । | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला |

## ४.२. एचआईभी./एड्स तथा यौनरोग

### ४.२.१ परिचय

सन् १९८८ मा पहिलो एच.आई.भी. केश पत्ता लागे पछि नै नेपालले पहिलो राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण नीति १९९५ (वि.स. २०५२) को माध्यमबाट एच.आई.भी. महामारीलाई सम्बोधन गर्न शुरु गरेको देखिन्छ । यसैलाई परिमार्जित गर्दै सन् २०११ मा राष्ट्रिय एच.आई.भी. र यौनरोग नीति को नयाँ संकरण लागू गरेको थियो । हाल नेपालले राष्ट्रिय एच.आई.भी. रणनैतिक योजना २०२१—२०२६ अनुसार सन् २०२६ सम्ममा ९५—९५—९५ को महत्वकांक्षी लक्ष्य हासिल गर्न परेको छ । यो रणनीतिले लिएको पहिलो ९५ को लक्ष्य भनेको नेपालमा रहेको अनुमानित एच.आई.भी.संक्रमितहरु मध्ये कम्तिमा पनि ९५%ले एच.आई.भी.संक्रमणको को अवस्था थाहा पाएको हुनेछ, त्यसै गरि दोश्रो ९५ को लक्ष्यले संक्रमणको अवस्था थाहा पाएको मध्ये ९५% संक्रमितले उपचार पाएको हुनेछ, र तेश्रो ९५ को लक्ष्यले उपचारमा रहेको ९५% एच.आई.भी. संक्रमितको भाईरल लोड घटेको (१००० कपिज भन्दा कम) हुनेछ । राष्ट्रिय एच.आई.भी.रणनैतिक योजना २०२१—२०२६ मुख्य ध्येय भनेको पहिचान, पँहुच, सिफारिश, रक्तपरीक्षण, उपचार र उपचारमा निरन्तरता (IRRTTR) को द्रुत विधिलाई अवलम्बन गर्दै ९५—९५—९५ को लक्ष्य हासिल गर्ने र संक्रमित गर्भवति आमाबाट जन्मने बच्चामा हुने संक्रमणलाई शुन्यमा पुरयाउने हो । साथै यसको लागि अन्य जनस्वास्थ्यको कार्यक्रमहरु जस्तै क्षयरोग, समुदायमा आधारित एकिकृत मातृ तथा शिशु स्याहार कार्यक्रम, सुरक्षित मातृत्व कायक्रम आदि सँग सहकार्य गर्नलाई पनि यसले दिशा निर्देश गर्दछ ।

यौनरोगको प्रत्यक्ष असर मातृ तथा शिशु स्वास्थ्यमा पर्दछ । यसको प्रतिकुल असरले बाँझोपन, गर्भवति आमाहरुमा विभिन्न स्वास्थ्य समस्याहरु र आमाबाट बच्चामा यौनरोग सर्ने, मृत शिशु जन्मने, शिशुको मृत्यु हुने, कम तौल भएको बच्चा जन्मने, समय पूर्व बच्चा जन्मने, रगतमा विष फैलने, निमोनिया, जन्मजात बच्चाको आखाँ पाक्ने र जन्मजात अपाङ्ग हुने जस्ता समस्याहरु हुन सक्छ । यौनरोगले एच.आई.भी.सर्ने दरलाई पनि बढाउन सक्दछ । दुवै दम्पत्तिमा हुने यौनरोगको कारणले बाझोपना को साथ साथै उपचारलाई जटिल बनाईदिने, आमाहरुमा दिर्घरोगहरु जस्तै चिन्ता, डिप्रेसन र अन्य मानसिक समस्याहरु हुन सक्छ । यसैलाई मध्यनजर गर्दै विश्व स्वास्थ्य सेवा रणनीति (Global Health Strategy – GHSS) ले यौनरोगको गुणस्तरीय उपचार, यौन तथा प्रजनन स्वास्थ्य सेवा र एच.आई.भी.रोकथाम तथा स्याहार

सेवालाई प्राथमिक उपचार केन्द्र तथा स्वास्थ्य चौकी सम्म व्यवस्था गर्नको लागि दिशानिर्देश गर्दछ ।

### ४.२.२ एच.आई.भी. महामारीको अवस्था

शुरुवाती समयमा नेपालमा एच.आई.भी.को महामारीको अवस्था सामान्य (Low Level Epidemic) बाट शुरु भएता पनि हाल केहि जोखिम समुहरु (Key Population) जस्तै : सुईबाट लागू पदार्थ सेवनकर्ता (People Who Inject drugs), यौनकर्मी (Sex Workers), पुरुष समलिङ्गि (Men who have sex with Men) र तेश्रो लिङ्गि (Transgender) हरुमा एच.आई.भी.को महामारी केन्द्रिकृत (Concerntrated Epidemic) भएको अवस्था हो । तसर्थ, एच.आई.भी./एड्स सम्बन्धी कार्यक्रमहरु जोखिम समुदायमा लक्षित गरेर संचालन गरेको पाईन्छ । साथै अन्य जोखिम समुह जस्तैः जेलका कैदि वन्दि, भारतमा जाने मौसमी कामदारहरु अर्थात आप्रवासी तथा उनीहरुका दम्पत्ति लक्षित रोकथाम कार्यक्रमहरु र संक्रमित गर्भवति आमाबाट बच्चामा हुन सक्ने संक्रमण रोकथामको लागि हरेक मातृशिशु स्याहार कार्यक्रममा संलग्न गर्भवती महिलाहरुमा पिएमटिसिटि कार्यक्रमहरु संचालन गरेको छ ।

### ४.२.३ कार्यक्रमको प्रगति र मुख्य उपलब्धिहरु

**एच.आई.भी. परीक्षण सेवा (HIV Testing Services)**

राष्ट्रिय एच.आई.भी.रणनैतिक योजना २०२१—२०२६ को पहिलो ९५ को लक्ष्य हासिल गर्ने प्रमुख कार्यक्रम भनेको एच.आई.भी. परीक्षण सेवा हो । लुम्बिनी प्रदेशमा एच.आई.भी. परीक्षण तथा परामर्श सेवा विभिन्न १५ वटा सरकारी स्वास्थ्य संस्थाहरु (Confirmatory Sites) र ४ वटा अन्य स्वास्थ्य संस्था (Others than confirmatory sites) बाट प्रदान गरिदै आईरहेकोछ । यसको साथै ४४ वटा गैरसरकारी संस्थाहरुबाट एच.आई.भी.को प्रारम्भिक स्क्रिनिङ सेवा प्रदान गर्दै आई रहेको छ । यस आ.ब.२०८०/८१ मा १६८,७३४ व्यक्तिहरुमा एच.आई.भी. परीक्षण गर्दा जम्मा ४१२ जना नयाँ एच.आई.भी. संक्रमित पत्ता लागेको छ ।

*तालिका नं ४.२.१ एच.आई.भी. परीक्षण तथा परामर्श सेवाको अवस्था : आ.व. २०७८/०७९ देखि २०८०/०८१*

| सूचकहरु | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
|---|---|---|---|
| जम्मा एच.आई.भी. परीक्षण तथा परामर्श | १३३१८४ | २०३११६ | १६८७३४ |
| जम्मा पोजेटिभ संख्या | ६५९ | ४३९ | ४१२* |

Source :HMIS/DHIS2

* *सरकाकारी एच.आई.भी.परीक्षण तथा परामर्श केन्द्र (Government confirmatory HTC Sites)*

आ.ब.२०८०/०८१ मा लुम्बिनी प्रदेशमा जम्मा १६८,७३४ जनाको (एच.आई.भी.मा कार्यरत संघसंस्थाहरु समेतबाट) एच.आई.भी. परीक्षण गरिएको छ । गत वर्षको तुलनामा यो आ.ब.मा एच.आई.भी.परीक्षण १९%ले घटेको छ । यस आ.ब.मा नेपाल सरकार अन्तर्गत संचालन गर्ने आप्रवासीहरुको लागि एच.आई.भी.रोकथाम कार्यक्रम नभएकोले पनि केहि परीक्षण संख्या घटेकोछ । यसै गरि यस आ.ब.मा जम्मा ४१२ जना नयाँ एच.आई.भी.संक्रमित पत्ता लागेको छ । गत वर्षको तुलनामा यो आ.ब.मा ६%ले एच.आई.भी.संक्रमितको संख्या घटेको देखिन्छ । यो घट्नुको मुख्य कारण यो आ.ब.मा प्रतिवेदनमा हुने दोहोरोपनालाई धेरै हदसम्म हटाउन सकिएकोले तथ्यांकको विश्वसनियता कायम भएको छ ।

*तालिका नं ४.२.२: जिल्ला अनुसार एच.आई.भी. परीक्षण तथा परामर्श सेवाः आ.व. २०७८/०७९ देखि २०८०/०८१*

| जिल्लाहरु | एच.आई.भी.परीक्षण | | | पोजेटिभ | | |
|---|---|---|---|---|---|---|
| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| रुकुम पुर्व | ३०६ | ० | ० | ० | ० | ० |
| रोल्पा | ३१२ | ३६०४ | ३११ | १ | १ | ० |
| प्यूठान | ११५१४ | १९३३१ | १५५३१ | २९ | २१ | ५ |
| गुल्मी | १४८८२ | २०२६० | १३४४० | २९ | १५ | १३ |

| जिल्लाहरु | एच.आई.भी.परीक्षण | | | पोजेटिभ | | |
|---|---|---|---|---|---|---|
| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| अर्घाखाँची | ११११७६ | १६०७३ | १३६२७ | १८ | ७ | १ |
| पाल्पा | ९९७८ | १५४४७ | १०२३४ | ५१ | २९ | २० |
| नवलपरासी पश्चिम | ११८०० | २०५२२ | १५३३५ | ५१ | ३४ | २६ |
| रुपन्देही | १८५४४ | २९३०६ | ३४३१२ | १६७ | १६३ | १५६ |
| कपिलवस्तु | १९३०३ | १६५९८ | ४७५४ | ६५ | ४९ | ३९ |
| दाङ्ग | १२५०४ | २५३५१ | २३९४९ | ५८ | ४० | ३४ |
| बाँके | ११७४५ | १७३२८ | २२२१२ | १५७ | ४७ | ९७ |
| बर्दिया | ११११२० | १९२९६ | १५०२९ | ३३ | ३३ | २१ |
| **लुम्बिनी प्रदेश** | **१३३१८४** | २०३११६ | १६८७३४ | ६५९ | ४३९ | ४१२ |

Source :HMIS/DHIS2

तालिका नं ४.२.२ अनुसार लुम्बिनी प्रदेशको जिल्लाहरुबाट एच.आई.भी.परीक्षण तथा परामर्श सेवालाई देखाउदछ । एच.आई.भी.परीक्षण सेवा यस आ.ब.मा १२ जिल्लाहरु मध्ये सवैभन्दा धेरै परीक्षण रुपन्देही (३४३१२), क्रमश: दाङ्ग (२३९४९) र बाँके (२२२१२) मा रहेको छ । त्यसै गरि नयाँ एच.आई.भी.पोजेटिभको संख्यामा पनि क्रमश : रुपन्देही (१५६), बाँके (९७) र कपिलवस्तु (३९) अग्र स्थानमा रहेको छन् । यस आ.ब.मा रुकुम पुर्व र रोल्पा जिल्लामा एचआईभि परीक्षण तुलनात्मक रुपमा कम रहेको छ र संक्रमित पनि पत्ता लागेको छैन ।

तालिका नं ४.२.३: मुख्य जोखिम समुह अनुसार एच.आई.भी. परीक्षण तथा पोजेटिभ भार: आ.व. २०८०/०८१

| मुख्य जोखिम समुह | एच.आई.भी.परीक्षण | परीक्षण अनुपात | एच.आई.भी.पोजेटिभ | पोजेटिभ भार |
|---|---|---|---|---|
| यौनकर्मी (Sex Workers) | २८३८ | १.७% | २७ | ६.६% |
| सुईबाट लागू पदार्थ सेवनकर्ता (PWIDs) | ६७०३ | ४.०% | २८ | ६.८% |
| यौनकर्मीको ग्राहक (Clients of Sex Workers) | ८५४ | ०.५% | ४५ | १०.९% |
| आप्रवासि (Migrants) | ६९२४१ | ४१.०% | १२४ | ३०.१% |

| मुख्य जोखिम समुह | एच.आई.भी.परीक्षण | परीक्षण अनुपात | एच.आई.भी.पोजेटिभ | पोजेटिभ भार |
|---|---|---|---|---|
| आप्रवासिको दम्पत्ति (Spouse of Migrants) | ४५१७० | २६.८% | १०७ | २६.०% |
| पुरुष समलिङ्गि तथा तेश्रो लिङ्गि (MSM/TG) | १४६६ | ०.९% | २७ | ६.६% |
| जेल कैदिवन्दि (Prison Inmate) | ७३७ | ०.४% | ३ | ०.७% |
| अन्य (Others) | ४१७२५ | २४.७% | ५१ | १२.४% |
| **जम्मा** | **१६८७३४** | | **४१२** | |

Source :HMIS/DHIS2

तालिका नं ४.२.३ ले लुम्बिनी प्रदेशमा मुख्य जोखिम समुदायहरुमा एच.आई.भी. परीक्षण तथा पोजेटिभ भारको अवस्थालाई दर्शाउदछ । सवै भन्दा धेरै एच.आई.भी.पोजेटिभको भार आप्रवाासि तथा उनीहरुको दम्पत्तिमा क्रमशः ३०.१% र २६% रहेको देखिन्छ । पोजेटिभ दर भने ५.३% को दरले यौनकर्मी समुहमा धेरै देखिन्छ । त्यस पछि दोश्रोमा १.८% ले पुरुष समलिङ्गि/तेश्रो लिङ्गिमा रहेको देखिन्छ । यस आ.ब.मा जम्मा १६८७३४ एच.आई.भी.परीक्षण गरिएकोमा ४१% आप्रवासी र २६.८% उनीहरुको दम्पत्तिको रहेको छ । यसै गरी सवै भन्दा धेरै पोजेटिभ क्रमशः १२४ जना र १०७ जना पनि यहि समुहमा पत्ता लागेको छ ।

**आमाबाट बच्चामा एच.आई.भी.संक्रमण रोकथाम (Prevention of Mother to Child Transmission-PMTCT)**

संक्रमित आमाबाट बच्चामा हुने संक्रमणलाई शुन्यमा पुरयाउने लक्ष्य अनुरुप, नेपाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यक्रमलाई प्राथमिकताको साथ अगाडि बढाएकोछ । जसअनुरुष सवै संक्रमित गर्भवती तथा सुत्केरी आमाहरुलाई सि.डि.फोर परीक्षण नगरिकनै जिवनपरान्त एआरटि उपचार सेवा र उक्त आमाबाट जन्मेको बच्चालाई प्रोफाईल्याक्सिस उपचार सेवा प्रदान गर्दै आईरहेको छ । जसले एच.आई.भी.को रोकथाममा मुख्य ३ प्रकारले सहयोग गर्दछ । जस्तै : क) आमाको स्वास्थ्यमा सुधार ल्याउन सहयोग गर्छ, ख) आमाबाट बच्चामा हुने संक्रमणको रोकथाम, र ग) यौनरोगको प्रसारण लाई कम गर्छ ।

*तालिका नं ४.२.४: पिएमटिसिटि कार्यक्रमको अवस्था : आ.व. २०८०/०८१*

| सूचकहरु | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|
| एच.आई.भी.परीक्षण : गर्भावस्था, डेलिभरि र सुत्केरी | १०३९६६ | १३०१३६ | १२५९९८ |
| एच.आई.भी.पोजेटिभ गर्भवती आमा | १६ | १७ | ६ |
| संक्रमित आमाबाट जम्मा जीवित जन्म | २६ | ३२ | २८ |
| ए.आर.टि.मा दर्ता भएका नयाँ संक्रमित आमा | १७ | १७ | ६ |
| प्रोफाईल्याक्सिस पाउने बच्चाहरु | २९ | ३२ | २८ |

Source :HMIS/DHIS2

तालिका नं ४.२.४ ले लुम्बिनी प्रदेशमा गत ३ आ.ब.मा पिएमटिसिटि सेवाको तथ्याङ्कलाई देखाउदछ । लुम्बिनी प्रदेशले पनि २०२६ सम्ममा आमाबाट बच्चामा एच.आई.भी.संक्रमणलाई शुन्यमा पुऱ्याउने राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गरेको छ । गर्भवती आमाहरुको एच.आई.भी.परीक्षण सेवा यस आ.ब.मा बढेको छ भने नयाँ संक्रमित आमाको संख्या यस वर्ष १७ बाट घटेर ६ भएको छ ।

**एआरभि उपचार सेवा (Antiretroviral Treatment - ART)**

एआरभि उपचारको नियमितताले विशेष गरेर भाईरसलाई दवाएर राख्ने, संक्रमितहरुको स्वास्थ्यमा सुधार ल्याई गुणस्तरीय जीवन यापन गर्न सहयोग गर्नमा सहयोग गर्दछ । लुम्बिनी प्रदेशमा १५ वटा एआरटि सेवा केन्द्रहरुबाट उपचार तथा परामर्शसेवा  उपलव्ध छ । जसले उपचारको नियमिततालाई ९५% भन्दा माथि राख्न सफल भएकोछ ।

*तालिका नं ४.२.४:  एआरटि उपचारको अवस्था : आ.व. २०८०/०८१*

| जिल्लाहरु | एआरटि केन्द्र | औषधि खाने एच.आई.भी.संक्रमित | |
|---|---|---|---|
| | | औषधि खाने (आषाढ २०८१ सम्म) | आ.व.२०८०/०८१ मा नयाँ भर्ना |
| रुकुम पुर्व | ० | ० | ० |
| रोल्पा | १ | ४८ | ० |
| प्यूठान | १ | १३२ | ४ |
| गुल्मी | १ | २०० | १२ |

| जिल्लाहरु | एआरटि केन्द्र | औषधि खाने एच.आई.भी.संक्रमित | |
|---|---|---|---|
| | | औषधि खाने (आषाढ २०८१ सम्म) | आ.व.२०८०/०८१ मा नयाँ भर्ना |
| अर्घाखाँची | १ | १३७ | १ |
| पाल्पा | २ | ३४२ | १७ |
| नवलपरासी पश्चिम | १ | ३३२ | २७ |
| रुपन्देही | २ | १८४६ | १६३ |
| कपिलवस्तु | २ | ६०६ | ४२ |
| दाङ्ग | २ | ४२९ | ४२ |
| बाँके | १ | ५९१ | ७९ |
| बर्दिया | १ | १८९ | २३ |
| **लुम्बिनी प्रदेश** | **१५** | **४८५२** | **४१०** |

Source :HMIS/DHIS2

टेवल ४७ ले एआटि उपचारमा रहेको सेवाग्राहिहरुको अवस्थालाई दर्शाउदछ । लुम्बिनी प्रदेशमा १५ वटा एआरटि केन्द्रबाट ४८५२ एच.आई.भी.संक्रमितहरुले नियमित औषधी सेवन गरिरहेका छन् । यस आ.ब.मा मात्र ४१० जना नयाँ एच.आई.भी.संक्रमितहरुले उपचार सेवा सुरु गरेका छन् ।

*चित्र नं ४.२.१: एच.आई.भी. उपचार क्यास्केड (लुम्बिनी प्रदेश): आ.व. २०८०/०८१*




Source :HMIS/DHIS2

चित्र नं ४.२.१ ले लुम्बिनी प्रदेशको एच.आई.भी. उपचारको क्यास्केडको अवस्थालाई देखाउछ । एच.ई.भी.को रास्ट्रिय रणनीति ले लिएको ९५-९५-९५ को लक्ष्य संग तुलना गर्दा लुम्बिनी प्रदेशले पहिलो, दोस्रो र तेस्रो लक्ष्यमा क्रमश : ९२%, ९९.८% र ६२% लक्ष्य प्राप्ति गरेको छ । तर जम्मा भाइरल लोड परीक्षण गरेका मध्ये ९३% को भाइरस सप्रेशन भएको अवस्था छ ।

**यौनरोग (Sexually Transmitted Infection - STI)**

राष्ट्रिय एच.आई.भी.रणनीतिक योजना २०२१—२०२६ ले यौनरोगको उपचारलाई प्रवद्धन गर्ने, निको बनाउने, संक्रमण दरलाई घटाउने र जटिलता हुने दरलाई घटाउने जस्ता कृयाकलापको माध्यमबाट जन्मजात सिफिलिस लाई प्रति लाख जिवित जन्ममा ५० भन्दा कममा पुरयाउने लक्ष्य लिएकोछ । यसलाई राष्ट्रिय यौनरोग व्यवस्थापन निर्देशिका २०२२ ले पनि दिशानिर्देश गरेको छ । जसले सही समस्याको खोज गर्ने, पहिचान गर्ने र सही उपचार सेवा दिने कुरामा जोड दिएको छ । साथै यौनरोगको बारेमा स्वास्थ्य शिक्षा र परामर्श दिई हुन सक्ने जटिलतालाई कम गर्नको लागि कण्डमको प्रवद्धन गर्ने कुरालाई पनि जोड दिएको छ । यसैलाई मध्यनजर गर्दै हरेक एआरटि केन्द्रहरु तथा केहि गैरसरकारी संस्थाहरुबाट यौनरोग (स्क्रिनिङ परीक्षण, निदान र लक्षणिक उपचार) सेवालाई विस्तार

गरेकोछ । यस आ.ब.मा लुम्बिनी प्रदेशमा जम्मा १५८४ जना सेवाग्राहीहरुमा यौनसंक्रमणको निदान भएको छ भने १३९५ जनाको उपचार भएकोछ ।

*तालिका नं ४.२.५: यौनरोगको अवस्था : आ.व. २०८०/०८१*

| मुख्य जोखिम समुह | आ.व.२०७९/०८० | | | आ.व.२०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | निदान | उपचार | % | निदान | उपचार | % |
| यौनकर्मी (Sex Workers) | ४१४ | ३७९ | ९२% | ६४९ | ५४२ | ८४% |
| सुईबाट लागू पदार्थ सेवनकर्ता (PWIDs) | ३ | ३ | १००% | १२ | १२ | १०० % |
| पुरुष समलिङ्गि तथा तेश्रो लिङ्गि (MSM/TG) | १२८ | ९७ | ७६% | १४२ | ९३ | ६५% |
| यौनकर्मीको ग्राहक (Clients of Sex Workers) | १११ | १०१ | ९१% | ९५ | ८० | ८४% |
| आप्रवासि (Migrants) | ४९ | ४६ | ९४% | ५९ | ५७ | ९७% |
| आप्रवासिको दम्पत्ति (Spouse of Migrants) | ५१ | ४९ | ९६% | १०२ | १०० | ९८% |
| एच.आई.भी.संक्रमित (PLHIVs) | १११ | ११० | ९९% | १२१ | १२१ | १०० % |
| गर्भवती महिला (Pregnant Women) | २४ | २३ | ९६% | २३ | २३ | १०० % |
| अन्य (Others) | ४६७ | ४५७ | ९८% | ३८१ | ३६७ | ९६% |
| **लुम्बिनी प्रदेश** | **१३५८** | **१२६५** | **९३%** | **१५८४** | **१३९५** | **८८%** |

Source :HMIS/DHIS2

तालिका नं ४.२.५ ले लुम्बिनी प्रदेशको यौनरोग सेवाको अवस्थालाई देखाउदछ । यस आ.ब.मा जम्मा १५८४ जनामा यौनरोगको निदान भएको छ भने त्यसको ८८% (१३९५जना)को उपचार भएको छ । यो गत वर्षको तुलनामा केही बढेको हो । माथिको तथ्याङ्क अनुसार सवैभन्दा धेरै यौनरोग यौनकर्मीहरुमा देखा परेको छ भने त्यसपछि पुरुष समलिङ्ग/तेश्रो लिङ्गिमा देखापरेकोछ । त्यसै गरी १२१ जना एच.आई.भी.संक्रमितहरुमा पनि यौनरोगको समस्या देखा परेकोछ ।

**मुख्य चुनौती र समाधानका उपायहरुः**

| चुनौतीहरु | समाधानका उपाय | जिम्मेवार निकाय |
|---|---|---|
| एच.आई.भी.परीक्षण किटको ढुवानी निरन्तर नहुदा सवै गर्भवती आमाहरुको परीक्षण समयमै गर्न नसक्नु । | प्रदेश सरकार/स्थानीय सरकार द्वारा स्थानीय स्तरमा परीक्षण किट खरिद गरि ढुवानीको व्यवस्था मिलाउने । | राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र र प्रदेश सरकार |
| प्रदेश स्तरमा रहेको भाईरल लोड मेशिन र सि.डि.फोर परीक्षण नियमित तथा सुचारु हुन नसकेकोले समयमा सवै संक्रमितहरको भाईरल लोडको अवस्था र प्रतिरक्षा प्रणालीको अपस्था थाहा पाउन नसक्नु । | भाईरल लोड किटको नियमित आपूर्ति र परीक्षण सेवा पिसिआर मेशिनमा प्रदेशमा शुरु गर्ने । | राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र र प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| हेपाटाईटिस सि र एच.आई.भी.को सह—संक्रमणको उपचार सेवा स्थानीय अस्पतालहरुबाट शुरु गर्न नसक्नु । | सह—संक्रमण उपाचारको लागि समर्पित अस्पतालहरु छनौंट गरी सेवालाई विस्तार गर्ने । | राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र |
| एच.आई.भी. रोकथामको कार्यक्रम सवै जिल्लामा सञ्चालन हुन नसक्नु । | स्थानीय तहबाट पनि जोखिम समुदायमा रोकथाम कार्यक्रम सञ्चालन गर्न सकिने । | प्रदेश तथा स्थानीय सरकार |

## ४.३ औलो निवारण कार्यक्रम

### ४.३.१ परिचय

नेपालमा औलो नियन्त्रण कार्यक्रम सन् १९५४ मा अमेरिकी सरकारको सहयोगमा नेपालको मध्य तराई भुभागबाट शुरुवात भएको हो । सन् १९५८ मा राष्टिय औलो निवारण कार्यक्रमको रुपमा शुरुवात भएता पनि पछि सन् १९७८ मा नियन्त्रण कार्यक्रमको अवधारणामा परिवर्तन भएको पाईन्छ । सन् १९९८ मा Roll Back Malaria (RBM) कार्यक्रमबिशेषतह घना जंगल भएको क्षेत्र, फेदिहरु, भित्रि मधेश र पहाडी नदिहरुको किनारमा अवस्थित फाँटहरुमा कार्यक्रमको विस्तार गरेको पाईन्छ । नेपालको करिव ७०% औलोको केशहरु यिनै क्षेत्रहरुमा रहेको थियो । विशेष गरेर यस्ता क्षेत्रहरु जहाँ रोगवाहक लामखुट्टेहरु धेरै हुन्छन, बढ्दो जनसंख्या बसाई सराई, उपेक्षित उष्ण क्षेत्र र केहि निश्चित तापक्रम भएको क्षेत्रहरुमा औलोको जोखिम अधिकतम हुन्छ ।

नेपालले हालसम्म गरेको उपलब्धीहरुलाई सुरक्षित गर्दै औलोको स्थानीय संक्रमणको प्रसारणलाई रोक्ने र सन् २०२२ सम्ममा स्थानीय औलोको केशलाई शुन्यमा पुऱ्याई २०२५ सम्ममा औलोलाई निवारण गर्ने लक्ष्य लिएको छ । नेपाल औलो निवारण तर्फ अगाडि बढदै गर्दा आयातित औलो संक्रमण बढदै गएको देखिन्छ । जसले प्रसारणलाई निरन्तरता दिने, केशहरु पुनः बढन सक्ने र मुत्यु पनि हुन सक्ने हुन्छ ।

औलोको जोखिम स्तरीकरण २०७९/८० (सन् २०२३) ले नेपालमा औलोको बदलिदो संक्रमणको अवस्थालाई व्याख्या गर्दछ । जसले औलो प्रसारणको मुख्य निर्धारित कारणहरुलाई बाह्य औलो कार्यक्रम समिक्षाद्वारा महत्व दिएका कुराहरुलाई थप सुनिश्चितता गरेकोछ । गत आ.ब.को तथ्याङ्कलाई केलाउदा औलो केहि गाउँ पालिका/नगरपालिकाको वार्डहरुमा सिमित रहेको देखिन्छ भने अन्य वार्डहरु औलो रहित रहेको पाईन्छ । यस्तो अवस्थामा औलो प्रसारण साधारणतया कम भएता पनि स्थानीय तहमा भयावह हुन सक्छ । त्यसैले स्थानीय तहमा हुनसक्ने जोखिम अनुमान गरि प्रतिकार्यायात्मक कार्य तथा रोकथाममुलक क्रियाकलापको पुर्नस्थापनाको लागि तयारी अवस्थामा बस्नु पर्ने देखिन्छ ।

### राष्ट्रिय औलो रणनैतिक योजना (२०१४-२०२५ अध्यावधिक)

हालको राष्ट्रिय औलो रणनैतिक योजना २०१४-२०२५ लाई अध्यावधिक गरिएकोछ, जुन सन् २०१३ मा बनाईएको थियो । यसको मुख्य लक्ष्य भनेको औलो निवारण गर्नु हो । विश्व स्वास्थ्य संगठनको औलो प्राविधिक निर्देशिका ("Global Technical Strategy 2016 – 2030" and 'A framework for malaria

elimination, 2017'), देशको हालको संरचना, संक्रमणको अवस्था र औलो कार्यक्रमको मध्यावधि समिक्षा २०१७ बाट निर्देशित छ । यसको मुख्य लक्ष्य सन् २०२५ सम्ममा नेपालबाट औलो निवारण गर्ने हो ।

- परिकल्पना: सन् २०२५ सम्म नेपालमा औलो निवारण गर्ने ।
- ध्येय : औलोको रोकथाम, निदान, उपचार र समयमा औलो प्रकोप प्रतिकार्यमा गुणस्तरता सुनिश्चित गरि पहुँचलाई व्यापक बढाउने ।
- लक्ष्य : सन् २०२२ सम्ममा स्थानीय औलोलाई शून्यमा झार्ने र त्यसलाई कायम राख्ने ।
- औलोको मृत्युदरलाई शुन्यमा कायम राख्ने ।

### ४.३.२ उद्देश्यहरु

- संघीय संरचना अनुसार स्वास्थ्य संस्थाहरुमा गुणस्तर सुनिश्चित निदान र उपचारमा समानुपातिक र समान पँहुच सुनिश्चित गर्ने र औलो निवारण गर्न प्रभावकारी रोकथामका उपायहरु लागु गर्ने ।
- अध्यावधिक राष्ट्रिय औलो रणनैतिक योजना २०१४-२०२५ ले निम्न ५ रणनीतिहरु कार्यान्वयन गरेर औलो निवारणका लक्ष्यहरु प्राप्त गर्नेछ ।
  - प्रभावकारी निर्णय लिनको लागि औलोमा निगरानी र सूचना प्रणालीलाई बलियो बनाउने ।
  - औलो जोखिम क्षेत्रहरुमा प्रसारण कम गर्न भेक्टर नियन्त्रण कार्यक्रमहरुको प्रभावकारी कभरेज सुनिश्चित गर्ने ।
  - औलोको निदान र प्रभावकारी उपचारमा गुणस्तर र विश्वव्यापी पँहुच सुनिश्चित गर्ने ।
  - औलो निवारणका लागि सरकारले नेतृत्व लिने र समुदायको संलग्नता सुनिश्चित गर्ने ।
  - औलो निवारण तर्फ प्राविधिक र व्यवस्थापकिय क्षमता बृद्धि गर्ने ।

### ४.३.४ आ.व. २०८०/८१ को उपलब्धीहरु

#### औलो निवारण

*तालिका नं ४.३.१: औलो महामारीको सूचनाहरु (२०७८/७९ - २०८०/८१)*

| सूचकहरु | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| औलो प्रभावित क्षेत्रको जनसंख्या | १६०४००० | १६१६५६८ | १६१६५६८ |
| जम्मा औलो सलाईड परीक्षण | ५७४११ | ९२६५२ | ११६८६२ |
| जम्मा औलो पोजेटिभ केशहरु | १५५ | १८१ | ३१० |
| जम्मा औलो PF केशहरु | ६० | ६९ | ७२ |
| PF केशहरु% (including the Pmix cases) | ३९% | ३८% | २३% |
| जम्मा औलो स्थानीय PF केशहरु | ० | ० | १ |
| जम्मा औलो आयातित PF केशहरु | ६० | ६९ | ७१ |
| जम्मा औलो स्थानीयक केशहरु | ७ | १ | १२ |
| जम्मा P. VIVAX (PV) केशहरु | ९५ | १०८ | २३८ |
| औलो जोखिम जिल्लाहरुमा वार्षिक रक्तपरीक्षण दर (Annual blood examination rate -ABER) | ३.५८ | ५.७३ | ७.२३ |
| Annual Parasite Incidence (API) | ०.१० | ०.११ | ०.१९ |
| Annual Pf Incidence Rate | ०.०४ | ०.०४ | ०.०४ |
| औलो जोखिम जिल्लाहरुमा स्लाईड पोजेटिभ दर (SPR) | ०.२७ | ०.२० | ०.२६ |
| औलो जोखिम जिल्लाहरुमा PF औलो स्लाईड पोजेटिभ दर (SPR) | ०.१० | ०.०७ | ०.०६ |
| सक्रिय स्थान (Active Foci) | ३ | १ | १२ |
| सम्भाव्य तर सक्रिय नभएको स्थान (Residual Non-active Foci) | १२ | ९ | ४ |
| सम्भाव्य नभएको स्थान (Clear Foci) | १८ | ६ | ७ |
| आम वितरण (उच्च जोखिम क्षेत्रका आम समुदायका लागि) (LLIN Mass distribution) | ४७५० | ० | १५३७८ |
| नियमित वितरण (गर्भवती महिलाको लागी) (Continuous LLIN distribution- ANC) | १८८२ | ३६०५ | २९६८ |

Source :HMIS/DHIS2 & MDIS

**** आ.ब. २०७९/८० र २०८०/८१ को जोखिम जनसंख्या Malaria Microstratification report 2023 को आधारमा गरिएको छ ।***

गत वर्षको तुलनामा आ.ब. २०८०/८१ मा औलोको केशमा ६९% (१२९) ले बृद्धि भएको छ । यद्यपि, P. Falciparum संक्रमणको अनुपातमा धेरै कमि अएको छ र यो आ.ब.मा २३% भार यसले लिएको छ । लुम्बिनी प्रदेशमा गत बर्षको तुलनामा मलेरिया सलाईड परीक्षण गत आ.ब.को तुलनामा यस आ.ब.मा २६% ले बढकोछ । गत बर्ष ९२६५२ ब्लड स्लाईड परीक्षण भएकोमा यस आ.ब.मा ११६८६२ स्लाईड परीक्षण भएकोछ । यस आ.ब. मा १ वटा स्थानीय P. falciparum केश देखा परेको छ भने जम्मा P. vivax केशहरु भने गत वर्षको तुलनामा धेरै नै अर्थात १३० केशले बढेको देखिन्छ ।

गत आर्थिक बर्षमा औलो उच्च र मध्यम जोखिम वडाहरुमा ग्रामिण औलो कार्यकर्ताहरुको परिचालन गरेर समुदायमा आधारित परीक्षण, सिमा नाकाहरुमा अनिवार्य औलोको परीक्षण र स्थानीय तहलाई शसक्तिकरण गरि औलो परीक्षणलाई बढाउने काम भएको थियो ।

**<u>मुख्य चुनौतीहरु र समाधानका उपायहरु</u>**

| **चुनौतीहरु** | **समाधानका उपाय** | **जिम्मेवार निकाय** |
|---|---|---|
| औलो परीक्षण किटको अपर्यासताले सवै ओपिडिमा आउने विरामीको ५% परीक्षण गर्न नसक्नु । | प्रदेश आपूर्ति केन्द्रमा नयाँ ओपिडिमा आउने विरामीको ५%लाई पुग्ने गरि औलो परक्षिण किट उपलव्ध गराउने । | महामारी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश सरकार |
| निजी क्षेत्रमा हुने औलो परीक्षण र उपचार राष्ट्रिय परीक्षण र उपचार प्रोटोकल अनुसार पुरा नहुनु । | औलो निवारण योजना अन्तर्गत सवै निजि क्षेत्रहरुलाई संलग्न र संवेदनशील बनाउन सार्वजनिक निजि साझेदार **(PPM)** कार्यक्रम लागू गर्न पर्ने । | महामारी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश सरकार |

| | | |
|---|---|---|
| प्रदेश देखि स्थानीय तहसम्म औलो निवारण कार्यदलको सक्रियता कम हुनु । | स्थानीय तहमा औलो कार्यदल गठन र आवश्यक छ । गुणस्तर परीक्षण, भेक्टर नियन्त्रणका उपाहरु र केस व्यवस्थापन सम्बन्धि स्थानिय तहमा सुक्ष्म औलो निवारण योजना बनाई कार्यान्वयन गर्ने । | महामारी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश र स्थानिय तह |
| सवै पालिकाहरुमा सम्भावित स्थानीय केश पत्ता लगाउन र व्यवस्थपन को लागि दक्ष जनशक्तिको अभाव हुनु । | सम्भावित स्थानीय क्षेत्रको म्यापिङ र स्थानीय तहबाट तत्काल प्रतिक्रिया र व्यवस्थापनको लागि औलोको खोजि र वयवस्थापनको लागि टोलिलाई सक्षम बनाउने । | महामारी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश |
| निजि ठूला अस्पतालका चिकित्सकहरुलाई औलो उपचार र जटिलता व्यवस्थापन सम्बन्धि प्राविधिक तालिमको अभाव । | औलो केश व्यवस्थापनका लागि प्राविधिक तालिम लिएका चिकित्सकहरु विकास गर्ने र सवै निजि र सार्वजनिक आस्पतालहरुलाई सन्दर्भ पुस्तिकाहरु उपलव्ध गराउने । | महामारी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश |
| औलो निवारण योजना अनुसार रोकथाममुलक क्रियाकलापहरु समुदायमा पुर्नस्थाना गर्ने तयारी नहुनु । | औलो निवारण को प्रमाणीकरणको लागि मुख्य सुचकको रुपमा र औलो समुदायमा पुनः प्रसारण हुन नदिन प्रदेश र स्थानीय तहबाट नियमित समुदायमा रोकथाममुलक क्रियाकलापहरुको तयारी गर्न पर्ने । | महामारी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश र स्थानीय तह । |

## ४.४ कालाजार

### ४.४.१ पृष्ठभूमी

यसलाई कालाजार (काला-जार, ब्ल्याक फीभर, डम डम फीभर) पनि भनिन्छ। यो रोग फ्लेबोटोमाइन नामको सङ्क्रमित पोथी भसुनाको टोकाइबाट सर्दछ। यो भसुना घर भित्र वा बाहिर ओसिलो ठाउँ मा बसोवास गर्दछ। विश्व स्वास्थ्य संगठनका अनुसार बिश्वमा वर्षेनी २ लाख देखि ४ लाखसम्म नयाँ रोगीहरू पाइन साथै लगभग २०,०००-४०,००० हजारसम्म मानिसहरूको मृत्यु अनमुान गरिएको छ। यस रोगले संसारकै गरीव समदुायलाई असर पारेको छ। जसको प्रत्यक्ष सम्बन्ध कुपोषण, आर्थिक अभाव, कमजोर प्रतिरक्षा प्रणालीसँग रहेको छ। सन १९८०  नेपालमा पहिलो कालाजारको बिरामी धनषुा जिल्लामा पाइएको थियो। नेपालमा कालाजार प्रति १० हजारमा १ जनाभन्दा कम बिरामी रहेको छ। बिगत ५ बर्षको आकडा हेर्दा बार्षिक ३०० भन्दा कम बिरामी पाइएको छ। यो रोग हाल पूर्वी, पश्चिमी र मध्य तराईका ४७ वटा जिल्लाहरूमा समस्याका रुपमा रहेको छ। तर यो रोग काठमाडौं उपत्यका लगायत पहाडी जिल्लाहरूमा पनि देखा पर्न थालेको छ। हाल नेपालमा पहाडी जिल्लाहरू तराई क्षेत्रभन्दा बढी प्रभावित भएका छन्। नेपाल सरकारले कालाजार निवारणका लागि डब्लुएचओको क्षेत्रीय रणनीतिप्रति प्रतिबद्धता जनाएको छ र बंगलादेश तथा भारतसँग क्षेत्रीय निवारण प्रयासहरूमा सहकार्यलाई सुदृढ पार्न सम्झौता पत्र (MoU) मा हस्ताक्षर गरेको छ।



Source -EDCD




## कालाजारका प्रकार

### १. भिसेरल लिसमेनियासिस (Visceral leishmaniasis):



- यसले शरीरको भित्री अँग मुख्यत: फियोमा, कलेजोमा असर गर्छ
- नेपालमा सबै भन्दा बढी यस प्रकारको बिरामी पाइएको छ । यो एउटा गम्भीर खालको सरुवा रोग जुन चाही a protozoan parasite of genus Leishmania- लीशमैनिया डोनोवनी (L. donovani) /लीशमैनिया इन्फेन्टम (L. infantum) नामको परजिवीले गराउँछ ।
- सामान्यतया: यो रोगको Incubation period. केही हप्ता देखि ६ महिना वा कहिलेकाहीँ वर्षसम्म
- भिसेरल लिसमेनियासिस को निदान तथा उपचार अस्पतालहरूमा नि:शुल्क पाइन्छ। साथै उपचार पुरा गरे पश्चात यातायात खर्च वापत दुई हजार रुँपैया पनि उपलब्ध गराइन्छ।

**२.छालामा देखापर्ने (Cutaneous)-** CL सबैभन्दा सामान्य रूप हो र यसले शरीरको खुला भागहरूमा छालाको घाउहरू, मुख्यतया अल्सरहरू निम्त्याउँछ। यसले जीवनभरको दाग छोड्न सक्छ र गम्भीर असक्षमता वा कलंक निम्त्याउन सक्छ। लगभग ९५% CL केसहरू अमेरिका, भूमध्यसागरीय बेसिन, मध्य पूर्व र मध्य एशियामा हुन्छन्। यो अनुमान गरिएको छ कि ६०० ००० देखि १ मिलियन नयाँ केसहरू वार्षिक रूपमा विश्वभर देखा पर्छन् तर लगभग २००००० मात्र WHO लाई रिपोर्ट गरिएको छ।नेपालमा पनि Cutaneous छालामा देखापर्ने का बिरामीहरु भेटन थालेका छन । विशेष गरी पश्चिम पहाडी जिल्लाहरुमा पनि भेटिन थालेका छन् । यसले विकृत छालाको घाउ निम्त्याउँछ जसले जीवनभरको दाग छोड्न सक्छ र विशेष गरी महिला र बालबालिकाका लागि गम्भीर सामाजिक कलंक निम्त्याउन सक्छ। परिणामहरूमा बहिष्कार, शिक्षा अभाव, र आर्थिक क्षति समावेश छन्।




३. 

**छालामुनि देखापर्ने (Muco-cutaneous)** - म्यूकोक्युटेनियस लेशमानियासिसले नाक, मुख, र घाँटीको श्लेमझिल्लाको आंशिक वपूर्ण विनाश गर्दछ। ९०% भन्दा बढी म्यूकोक्युटेनियस लेशमानियासिसका केसहरू बोलिभिया, ब्राजिल, इथियोपिया, र पेरुमा पाइन्छन्।। रोग तीन मुख्य तरिकामा उपस्थित हुन सक्छः छाला, mucocutaneous, वा भिसेरल। छालामा छालाको अल्सरको गर्दछ, जबकि म्यूकोक्युटेनियस रूपले छाला, मुख र नाकको अल्सर गर्दछ। भिसेरल रूप छालाको अल्सरबाट सुरु हुन्छ र पछि ज्वरो, कम रातो रक्त कोशिकाको संख्या, र कलेजोको वृद्धि सहित देखा पर्छ। Incubation Period रोगको क्लिनिकल रूपको आधारमा भिन्न हुन्छ तर सामान्यतया अवधि १-३ महिना (प्रारम्भिक छालाको घाउ निको भएपछि धेरै वर्षपछि पनि हुन सक्छ)



**Post Kala-azar dermal leishmaniasis (PKDL) छालाको कालाजारः**

कहिलेकाहीँ कालाजार छालामा पनि हुन सक्छ। यदि छालामा नचिलाउने, नदुख्ने स-साना सेतो दाग (दुबी जस्तो), स-साना फोका, पाप्रा वा गिर्खा देखिएमा छालाको कालाजार रोग भएको हुनसक्छ । छालाको कालाजार भएको विरामीले अन्य मानिसहरूलाई धेरै छिटो कालाजार रोग सार्ने भएकाले यसको तुरुन्त उपचार गर्नुपर्छ । छालाको कालाजार को पनि पुरा उपचार निःशुल्क रूपमा उपलब्ध छ ।यदि छालामा माथि देखाइएको जस्तो कुनै पनि नचिलाउने छुँदा थाहा हुने दाग, धब्बा, मसिनो फोका वा गाँठागुँठी देखिएमा छालाको कालाजार हुनसक्छ। यदि सेवाग्राही कालाजार प्रभावित क्षेत्र तथा पहिले कालाजार निको भएको व्यक्ति हो भने PKDL हुने सम्भावना अझै बलियो हुन्छ। यस्तो किसिमको लक्षण देखिएमा अरु रोग होइन भन्ने सुनिश्चित गरी सेवाग्राहीको सम्पूर्ण विवरण लिएर कालाजार उपचार सेवा भएका अस्पतालमा प्रेषण गर्नुपर्दछ। PKDL (छालामा हुने कालाजार) को निदान तथा उपचार अस्पतालहरूमा निःशुल्क पाइन्छ। साथै उपचार पुरा गरे पश्चात यातायात खर्च वापत दुई हजार रुँपैया पनि उपलब्ध गराइन्छ। यो रोग भिसेरल लेशम्यानियासिस निको भएको ६ महिनादेखि १ वर्ष वा सोभन्दा बढी वर्षमा देखापर्छ तर भिसेरल लेशम्यानियासिसको साथ अघि वा एकै समयमा पनि हुन सक्छ।यो पूर्वी अफ्रिका र भारतीय उपमहाद्वीपमा सामान्य छ ।




***Figure 4.4.1: Milestones of National Kala-Azar elimination*** ***(Source- EDCD)***

नेपालमा कालाजार निवारणको राष्ट्रिय रणनीतिक मार्गनिर्देशनले rK39 लाई छिटो निदान गर्ने परीक्षण किटको रूपमा सिफारिस गरेको छ र अधिकांश अवस्थामा मिल्टेफोसिनलाई कालाजारको पहिलो पंक्तिको उपचारको रूपमा सिफारिस गरेको छ। २०१० को मार्गनिर्देशनलाई २०१४ मा अद्यावधिक गरी लिपोसोमल एम्फोटेरिसिन बी र संयुक्त उपचारलाई राष्ट्रिय उपचार दिशानिर्देशमा समावेश गरिएको थियो। २०१४ को राष्ट्रिय दिशानिर्देशनलाई पुनः २०१९ मा संशोधन गरी प्राथमिक कालाजारको पहिलो पंक्तिको उपचारको रूपमा एक मात्राको लिपोसोमल एम्फोटेरिसिन बी सिफारिस गरिएको थियो। L-AmB (Liposomal Amphotericin B ) लिपोसोमल एम्फोटेरिसिन बी लाई सन् २०१५ को डिसेम्बरमा नेपालमा भित्र्याइएको थियो, जहाँ स्थानिक जिल्लाका करिब ६० जना डाक्टर र नर्सहरूलाई तालिम दिइएको थियो। यो उपचारलाई प्रत्यक्ष रूपमा निगरानी गरिनुपर्छ, र बिरामीहरूलाई उपचारको सम्पूर्ण अवधिभर अस्पतालमा राख्नुपर्छ। L-AmB लाई भण्डारण गर्न शीत श्रृंखलाको आवश्यकता हुन्छ (<२५°सेल्सियस), त्यसैले यो उचित भण्डारण सुनिश्चित गरिएका अस्पतालहरूमा मात्र उपलब्ध गराइनुपर्छ। २०१९ को संशोधित राष्ट्रिय कालाजार मार्गनिर्देशनले प्राथमिक कालाजारको पहिलो पंक्तिको उपचारको रूपमा एक मात्राको लिपोसोमल एम्फोटेरिसिन बी सिफारिस गरेको छ।

| जिल्ला | 2080/81 |
|---|---|
| लुम्बिनी प्रदेश | 39 |
| रुकुम पूर्वी | 0 |
| रोल्पा | 2 |
| प्यूठान | 5 |
| गुल्मी | 2 |
| अर्घाखाँची | 2 |
| पाल्पा | 12 |
| नवलपरासी पश्चिम | 0 |
| रुपन्देही | 2 |
| कपिलवस्तु | 2 |
| दाङ | 3 |
| बाँके | 2 |
| बर्दिया | 7 |

**Source- EWARs**

२०८०/०८१ मा नेपालका विभिन्न सेन्टिनेल साइट हरू (Sentinel site) लुम्बिनी प्रदेशका १० विभिन्न जिल्लामा ३९ वटा कालाजारका केसहरू EWARs मार्फत रिपोर्ट गरिएका थिए (माथिको Table अनुसार)। सबैभन्दा धेरै केसहरू पाल्पा जिल्लाबाट (१2) रिपोर्ट भएका थिए। पाल्पापछि बर्दिया (7) र प्यूठान (५) रहेका थिए।

## ४.४.२ कालाजारका लक्ष्य, उद्देश्य, र रणनीतिहरू

| लक्ष्य | उद्देश्य | रणनीतिहरू |
|---|---|---|
| नेपालका कालाजार स्थानिक जिल्लाहरूमा रोगको बिरामी दर र मृत्युदर घटाउँदै न्यायोचित | स्थानिक समुदायहरूमा गरिब, असुरक्षित, र पहुँचविहीन जनसंख्यामा विशेष जोड दिएर | • छिटो निदान र पूर्ण उपचार |

| | | |
|---|---|---|
| स्वास्थ्य प्रणालीको विकासमा सहयोग पुऱ्याएर गरिबी न्यूनीकरणमा योगदान दिनु। | कालाजारको घटनालाई घटाउनु।<br><br>प्राथमिक कालाजारबाट हुने मृत्युदरलाई शून्यमा झार्नु। | • एकीकृत भेक्टर व्यवस्थापन<br><br>• प्रभावकारी रोग र भेक्टर निगरानी<br><br>• सामाजिक परिचालन र साझेदारी<br><br>• कार्यक्रम व्यवस्थापनमा सुधार<br><br>• क्लिनिकल, कार्यान्वयन र अनुसन्धान सञ्चालन |
| | परजीवीको स्रोतलाई घटाउन छालामा कालाजार (PKDL ) पत्ता लगाई उपचार गर्नु। | |
| | कालाजार र एचआईभी-टीबी सह-सङ्क्रमणको रोकथाम र व्यवस्थापन गर्नु। | |

## कालाजारका वर्तमान हस्तक्षेपहरू:

### १-छिटो निदान र उपचार

- कालाजारका केसहरूको निःशुल्क निदान RDT (rK३९) प्रयोग गरी र लिपोसोमल एम्फोटेरिसिन बी (LAmB) संग निःशुल्क उपचारको व्यवस्था।
- उपचार सेवाहरू लुम्बिनी प्रदेशका तीन चयनित अस्पतालहरू (१. भेरि अस्पताल नेपालगञ्ज, २. लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, ३. युनाइटेड मिशन अस्पताल पाल्पा) बाट प्रदान गरिन्छ।
- उपचारको डिस्चार्जको समयमा प्रत्येक बिरामीलाई यात्रा गर्नका लागि NPR २००० को व्यवस्था।
- उपचारको लागि प्रत्येक बिरामीको वापत अस्पताललाई NPR ५००० को व्यवस्था गरिएको छ।

### २-निगरानी प्रणालीको सुदृढीकरण

•अनलाइन DHIS२/EWARS आधारित रिपोर्टिङको परिचयसँगै कालाजार निगरानी प्रणालीको सुदृढीकरण।

### ३- घरभित्र बिषादी छिडकाउ (IRS)

• आवश्यकता अनुसार  जिल्लाहरूमा घरभित्र बिषादी छिडकाउ (IRS) गतिविधिहरू जारी छन्।

**४-सक्रिय केस पहिचान**

• सामाजिक परिचालन र साझेदारी

• जनचेतना फैलाउन सूचना, शिक्षा, र सञ्चार (IEC) सामग्रीहरू, जस्तै फ्लेक्स ब्यानरहरू वितरण

• तालिम/ अभिमुखीकरण/ गोष्ठी

• सूचक केसमा आधारित करिब १०० मिटरको दायरा भित्र निगरानी (rK३९)

**५-पर्यवेक्षण र अनुगमन**

• जिल्ला स्वास्थ्य कार्यालयले भेक्टर जनित र उपेक्षित उष्णप्रदेशिय रोगहरूको अनुगमन र पर्यवेक्षण गरिएको । आवश्यक प्राविधिक समर्थन स्थानीय तहलाई प्रदान गरिएको छ।

**६-रोग निगरानीः**

• रोग निगरानीको सुदृढीकरण राष्ट्रिय कालाजार निवारण कार्यक्रमको प्रगति तीव्र बनाउन महत्त्वपूर्ण पक्ष हो। वर्तमान आर्थिक वर्षभरि, रोग निगरानीलाई मजबुत बनाउन विभिन्न पहलहरू लागू गरिएका छन्, जसमा प्रारम्भिक चेतावनी र रिपोर्टिङ प्रणाली (EWARS) सेंटिनल साइटहरूमा अन-साइट प्रशिक्षण र डेटा अनुगमन र मूल्याङ्कनको सुधार समावेश छ।

- शंकास्पद केसहरूको परीक्षण चिकित्सकहरू, प्रयोगशाला, र अन्य स्वास्थ्यकर्मीहरूद्वारा किट (rK३९) प्रयोग गरेर गरिएको छ। rK३९ सकारात्मक केसहरूलाई जिल्लाका, प्रादेशिक अस्पतालहरू, र संघीय अस्पतालहरूमा थप पुष्टि र व्यवस्थापनका लागि सन्दर्भ गरिन्छ। कालाजार प्रायः कम रिपोर्ट गरिएको हुन्छ किनभने अधिकांश निष्क्रिय केसहरू विशेष गरी अस्पतालहरूबाट निदान गरिन्छन्।

- पछिल्लो दशकमा, कालाजारको निदान र उपचारमा महत्वपूर्ण प्रगति भएको छ। नेपालको राष्ट्रिय कार्यक्रममा rK३९ किट (छिटो र सजिलै लागू गर्न सकिने सीरोलॉजिकल परीक्षण) प्रभावित जिल्लाहरूमा प्राथमिक स्वास्थ्य सेवा केन्द्र PHCC स्तरसम्म उपलब्ध गराइएको छ। त्यसैगरी, कालाजारका लागि लिपोसोमल एम्फोटेरिसिन बी, मिल्टेफोसिन, र पारोमाइसिन जस्ता औषधिहरू सबै कालाजार उपचार केन्द्रहरूमा उपलब्ध गराइन्छ। कालाजारका निदान र औषधिहरू इपिडोमियोलोजी र रोग नियन्त्रण विभाग (EDCD) द्वारा बिरामीहरूलाई निःशुल्क प्रदान गरिन्छ।

*तालिका ४.४.१: जिल्ला अनुसार OPD रोगसूचकतामा रिपोर्ट गरिएका कालाजारका केसहरू, आ.व. २०७८/७९ – २०८०/८१*

| जिल्ला | 2078/79 | 2079/80 | 2080/81 |
|---|---|---|---|
| लुम्बिनी प्रदेश | 69 | 54 | 48 |
| रुकुम पूर्वी | 0 | 0 | 0 |
| रोल्पा | 0 | 0 | 0 |
| प्यूठान | 1 | 0 | 0 |
| गुल्मी | 0 | 0 | 0 |
| अर्घाखाँची | 0 | 0 | 0 |
| पाल्पा | 16 | 9 | 14 |
| नवलपरासी पश्चिम | 0 | 0 | 0 |
| रुपन्देही | 6 | 17 | 12 |
| कपिलवस्तु | 0 | 0 | 0 |
| दाङ | 0 | 0 | 0 |
| बाँके | 46 | 28 | 21 |
| बर्दिया | 0 | 0 | 1 |

**(Source – HMIS/DHIS2)**

२०८०/०८१ मा लुम्बिनी प्रदेशमा कुल ४८ कालाजारका केसहरू रिपोर्ट गरिएका थिए, जुन अघिल्लो वर्षको तुलनामा घटेको हो (हेर्नुहोस् माथिको तालिका)। सबैभन्दा धेरै केसहरू बाँके (२१) र पाल्पा (१४) जिल्लाबाट रिपोर्ट भएका थिए। यस वर्ष पाल्पा जिल्लामा नयाँ केसहरूको संख्या बढेको थियो भने प्रदेशका अन्य जिल्लाहरूले कुनै केस रिपोर्ट गरेका थिएनन्।

*तालिका ४.४.२: कालाजार निवारणका लागि सञ्चालन गरिएका विशेष गतिविधिहरू।*

| क्रम संख्या | जिल्ला | क्रियाकलापहरूको नाम | संख्याहरू |
|---|---|---|---|
| 1 | रुकुम पूर्वी | सक्रिय केस पहिचान (ACD) | 0 |
| 2 | रोल्पा | सक्रिय केस पहिचान (ACD) | 2 |
| 3 | प्यूठान | सक्रिय केस पहिचान (ACD) | 3 |
| 4 | गुल्मी | सक्रिय केस पहिचान (ACD) | 2 |

| क्रम संख्या | जिल्ला | क्रियाकलापहरूको नाम | संख्याहरू |
|---|---|---|---|
| 5 | अर्घाखाँची | सक्रिय केस पहिचान (ACD) | 1 |
| 6 | पाल्पा | सक्रिय केस पहिचान (ACD) | 11 |
| 7 | नवलपरासी पश्चिम | सक्रिय केस पहिचान (ACD) | 0 |
| 8 | रुपन्देही | सक्रिय केस पहिचान (ACD) | 2 |
| 9 | कपिलवस्तु | सक्रिय केस पहिचान (ACD) | 1 |
| 10 | दाङ | सक्रिय केस पहिचान (ACD) | 3 |
| 11 | बाँके | सक्रिय केस पहिचान (ACD) | 1 |
| 12 | बर्दिया | सक्रिय केस पहिचान (ACD) | 7 |
| **जम्मा** | | | **33** |

**(Source- Health Offices)**

सक्रिय केस पहिचान (ACD) कार्यक्रम कालाजारका केसहरूलाई चाँडै पत्ता लगाउन र तुरुन्तै उपचार गर्न धेरै प्रभावकारी कार्यक्रम हो, जसले राष्ट्रिय कालाजार निवारण कार्यक्रमलाई सहयोग पुऱ्याउनेछ। आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशका १० विभिन्न जिल्लामा 33 वटा ACD कार्यक्रमका केस सञ्चालन गरिएका छन्।

राष्ट्रिय निवारण कार्यक्रमका  बालियो पक्ष, चुनौतीहरू र सिफारिसहरू

बलियो पक्ष:

- काला-आजारका केसहरूको प्रारम्भिक पहिचान र समयमा उपचारका लागि निःशुल्क औषधि र परीक्षणको उपलब्धता।
- काला-आजार निवारण कार्यक्रमका लागि हालै परिमार्जित मानक राष्ट्रिय दिशानिर्देशहरूको उपलब्धता, जसमा स्वास्थ्यकर्मीहरूलाई काला-आजारको रोकथाम, निदान, र व्यवस्थापनमा नियमित तालिम दिने व्यवस्था गरिएको छ।
- काला-आजारको निवारणका लागि चुनौतीहरू पार गर्न बहु-विषयक दृष्टिकोणको प्रयोग।
- काला-आजारको निगरानीका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) र प्रारम्भिक चेतावनी र रिपोर्टिङ प्रणाली (EWARS) को कार्यान्वयन।

- सूचक (Index) केस आधारित दृष्टिकोणद्वारा काला-आजारको सक्रिय केस पहिचानको कार्यान्वयन।
- शैक्षिक संस्थानहरू, अनुसन्धानकर्ताहरू, र अन्य सरोकारवालासँग प्रभावकारी साझेदारी र सहकार्य।

चुनौतीहरू

- विशेष गरी स्थानीय शंकास्पद जिल्लामा IRS को प्रभावकारी कार्यान्वयनको कमी।
- क्युटेनेयस लेइश्मानियास (CL) जस्ता अन्य प्रकारका लेइश्मानियासको बढ्दो संख्या, जसमा थप ध्यान आवश्यक छ।
- अनुगमन र मूल्यांकनको अभाव।
- समुदायहरूमा रोगको बारेमा अपर्याप्त जागरूकता।

सिफारिशहरू

- काला-आजारका नयाँ केसहरू लगातार रिपोर्ट गर्ने एन्डेमिक (स्थानीय) शंकास्पद जिल्लाहरूको एन्डेमिसिटी (Endemicity) स्थिति प्रमाणीकरण।
- रोग र भेक्टर निगरानीमा सुधार।
- काला-आजारसँग सम्बन्धित सार्वजनिक, सार्वजनिक स्वास्थ्य पेशेवरहरू, र नीतिनिर्माताहरूलाई शैक्षिक सन्देशहरूको प्रचार।
- सक्रिय केस पहिचान र प्रकोपको अनुसन्धान र व्यवस्थापनमा सुधार।

## ४.५ डेंगु नियन्त्रण



### ४.५.१ पृष्ठभूमी

डेंगु एउटा भाइरल इन्फेक्सन हो। यो एडिज लामखुट्टेको टोकाइबाट सर्छ। एडिज लामखुट्टे भनेको एक प्रजातीको लामखुट्टे हो, जुन प्राय गरेर कृतिम भण्डारण गरेर राखेका सफा पानीमा बस्छ। यसले प्रायः दिनमा टोक्ने गर्छ। डेंगु विभिन्न प्रकारका हुन्छन्। साधारणतया सबै डेंगु खतरनाक हुँदैनन्। यो रोग लागेका ९७ प्रतिशतलाई सामान्य ज्वरोको रुपमा हुन्छ। यो साधारण लक्षण हो। शरीरका जुनसुकै भागबाट रक्तश्राव बढी हुने, रक्तचाप कम हुने हुन्छ। यो प्लेटलेट्स कम भयो भने खटिरा धेरै आउँछ। यस्तो देखिएमा असाधारण लक्षण हुन्छ र यसलाई जटिल मानिन्छ। यसको निर्मुल गर्ने उपचार भने हुँदैन। लक्षण अनुसारको उपचार मात्र हुन्छ। सँगसँगै यसले अरु रोगसँग लड्न सक्ने क्षमतालाई पनि कम गरिदिन्छ, जसले गर्दा अरु रोगले यदि आक्रमण गर्यो भने झनझन जटिल बन्दै जान्छ।

### ४.५.२ डेंगु रोग रोकथामका रणनितीहरु

- डेंगु ज्वरोको द्रुत निदान र व्यवस्थापन
- डेंगु रोगको निरन्तर निगरानी र रिपोर्टिङ
- स्थानिय स्तरमा लामखुट्टेको वासस्थान खोजी गरि लार्भा नस्ट गर्न एकिकृत अभियान कार्यक्रम संचालन
- रोगको समयमानै नियन्त्रण तथा व्यवस्थापनका लागि समुदाय परिचालन

### ४.५.३ डेंगुको रोकथाम र नियन्त्रणका लागि व्यक्ति/समुदायको भूमिका

- वातावरणीय व्यवस्थापन (घर/विद्यालय/कार्य
  - लामखुट्टे प्रजनन स्रोतहरूको पहिचान र विनाश
  - ठोस फोहोरको उचित व्यवस्थापन गर्दै
  - पानी भण्डारण गर्ने कन्टेनरहरू प्रत्येक हप्ता स्क्रब गरी धुनुपर्छ।
  - लामखुट्टेको प्रजनन रोक्न पानीको भाँडो छोप्नु पर्छ। साप्ताहिक अवलोकन
- व्यक्तिगत सुरक्षा उपायहरू (घर/विद्यालय/कार्यस्थल)
  - फुल बाहुलाको शर्ट र फुल प्यान्ट लगाएर
  - दिउँसो सुत्ने शिशु र बालबालिकाको लागि ओछ्यान जालीको प्रयोग
  - लामखुट्टे भगाउने, विन्डो स्क्रिनको प्रयोग
- जोखिम संचार, सूचना शिक्षा र सञ्चार ( IEC) गतिविधिहरु (समुदाय)

- लामखुट्टेको प्रजनन स्थान पत्ता लगाउन र उन्मूलनमा सामुदायिक सहभागिताका लागि मिडिया स्रोतहरू (टिभी, रेडियो, समाचार पत्रहरू) मार्फत डेंगु सचेतना र रोकथामका उपायहरू सम्बन्धी सामुदायिक अभियानहरू

### ४.५.४ डेंगु रोकथामका लागि सम्पूर्ण समाजको भूमिका आवश्यक

- समुदायले हप्तामा १ घण्टा घर भित्र र वरपरका घरेलु प्रजनन स्थलहरू सफा गर्न, स्क्रब गर्न, हटाउनु पर्छ। लामखुट्टेको प्रजननबाट पानीको ट्याङ्की/कन्टेनर/पानी जम्मा गर्ने वस्तुहरूलाई रोक्नुपर्छ।
- संस्थागत प्रमुखको नेतृत्वमा विद्यालय, कार्यालय, अस्पताल, धार्मिकस्थल, प्रहरी, सेना, सुरक्षा निकायले एक–एक केन्द्रबिन्दु तोकेर लामखुट्टेको उत्पत्तिस्थल हटाउन खोज तथा नष्ट गर्ने टोली गठन गर्नुपर्छ ।
- निर्माण स्थलहरूमा लामखुट्टेको प्रजनन नियन्त्रण गर्न निर्माण/ठेकेदार जिम्मेवार हुन्छ।
- सामुदायिक समूहहरू/सामुदायिक स्वयंसेवकहरूले डेंगुको लागि ठूलो मात्रामा खोज र नष्ट अभियानहरू र सामुदायिक सचेतना अभियानहरू संलग्न/व्यवस्थित गर्न सक्छन्।
- डेंगु र खोज र नष्ट गर्ने बारे स्वास्थ्य शिक्षाको लागि स्कूलहरू राम्रो ठाउँहरू हुनुपर्छ।

### ४.५.५ डेंगू नियन्त्रण कार्यक्रमको लक्ष्य र उद्देश्यहरू:

**लक्ष्यः**

डेंगू ज्वरो, डेंगू हेमोराजिक ज्वरो (DHF) र डेंगू शोक सिंड्रोम (DSS) का कारण हुने मोरबिडिटी र मृत्यु दर घटाउनु।

**उद्देश्यहरूः**

- रोकथाम र नियन्त्रणको लागि एकीकृत भेक्टर व्यवस्थापन (IVM) दृष्टिकोण विकास गर्नु।
- डेंगू ज्वरो, हेमोराजिक ज्वरो (DHF) र डेंगू शोक सिंड्रोम (DSS) को निदान र केस व्यवस्थापनमा क्षमता विकास गर्नु।
- स्वास्थ्य सूचना, शिक्षा र संचार" गतिविधिहरूलाई तीव्र पार्नु।
- डेंगू प्रकोपहरूको पूर्वानुमान, प्रारम्भिक पहिचान, तयारी, र प्रारम्भिक प्रतिक्रियाको लागि निगरानी प्रणालीलाई मजबुत बनाउनु।

### ४.५.६: २०८०-८१ का प्रमुख गतिविधिहरू

- विभिन्न जिल्लाहरुमा सरोकारवालासंग निर्देशनालय र स्वास्थ्य कार्यालयको संयुक्त आयोजनामा डेंगु रोग नियन्त्रण सम्बन्धि अन्तरक्रिया कार्यक्रम गरिएको।
- डेगु रोगको रोकथाम र नियन्त्रणका लागि राष्टिय अभियान  सबै स्थानीय तहहरुमा जनप्रतिनिधिको नेतृत्वमा शंकास्पद स्थानहरुमा लामखुट्टेको लार्भा खोजौं र नष्ट गरौं अभियान संचालन तत्काल गर्ने गरि निर्णय कार्यान्वयन गरिएको तथा  प्रदेश भित्रका सबै स्वास्थ्य कार्यालयहरुलाई तत्काल अभियान संचालनका लागि पत्राचार गरिए पश्चात कार्यन्वयन भै रहेको।
- सबै सरकारी तथा निजी स्वास्थ्य संस्थाका प्रतिनिधीहरु साथै सरोकारवालाहरुसँग रोकथाम तथा न्युनीकरणका लागि विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया गरिएको।
- प्रादेशिक तथा जिल्लाका स्वास्थ्य कार्यालयहरुको वेभसाइट तथा सामाजिक सञ्जाल मार्फत जनचेतनामूलक सन्देश प्रवाह गरिरहेको तथा विद्यालय शिक्षा कार्यक्रम संचालनका भइरहेको।
- इपिडिमियोलोजि तथा रोग नियन्त्रण महाशाखाको सहयोगमा प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र मार्फत डेङ्गु परीक्षणका लागि आवश्यक कीटहरु स्वास्थ्य कार्यालय तथा अस्पतालहरुलाई उपलब्ध गराइदै आएको।
- प्रारम्भिक चेतावनी र रिपोर्टिङ प्रणाली EWARS (सेंटिनल साइटहरू) मार्फत डेंगूको नियमित निगरानी।
- डेंगू केस पहिचान, निदान, व्यवस्थापन र रिपोर्टिंगमा चिकित्सक, नर्सहरू, प्यारामेडिक्स र प्रयोगशाला प्राविधिकहरूलाई तालिम प्रदान गरियो।
- विभिन्न सरोकारवालाहरूलाई संलग्न गर्दै सूचना, शिक्षा र संचार सामग्री विकास गरियो र स्वास्थ्य शिक्षा सन्देशहरू प्रचार गरियो, जसमा मिडिया र युवा समावेश छन्।
- दीर्घकालीन कीटनाशक नेट (LLINs) वितरण।

*तालिका ३.५.१: २०७७/०७८ देखि २०८०/८१ का नयाँ डेंगूका केसहरू*

| जिल्ला | 2078/2079 | 2079/ 2080 | 2080/ 2081 |
|---|---|---|---|
| लुम्बिनी प्रदेश | 322 | 5574 | 3832 |
| रुकुम पूर्वी | 0 | 6 | 4 |
| रोल्पा | 0 | 5 | 22 |
| प्यूठान | 3 | 6 | 122 |
| गुल्मी | 17 | 796 | 372 |
| अर्घाखाँची | 18 | 577 | 331 |
| पाल्पा | 7 | 332 | 487 |
| नवलपरासी पश्चिम | 1 | 315 | 68 |
| रुपन्देही | 92 | 2254 | 1257 |
| कपिलवस्तु | 22 | 322 | 102 |
| दाङ | 6 | 573 | 846 |
| बाँके | 41 | 241 | 107 |

विगत केही वर्षदेखि डेङ्गुका बिरामीको सङ्ख्यामा उल्लेख्य वृद्धि भए पनि आर्थिक वर्ष २०७९/८० को तुलनामा यस वर्ष २०८०/८१ मा सङ्ख्या घटेको छ। जिल्लागत रूपमा सबै जिल्लामा डेङ्गुका बिरामी घटेका छन्।

## ४.६ स्क्रब टाइफस

पृष्ठभूमी

यो एक प्रकारको सरुवा रोग हो जुन मुसामा लाग्ने किर्नाजस्तो देखिने कीराको टोकाइबाट मानिसमा सर्छ। चिकित्सकहरूका अनुसार यो रोग मानिसबाट मानिसमा चाहिँ स्क्रब टाइफस सर्दैन। यो रोग किर्नामा पाइने ओरेन्टिया सुसुगामुसी भन्ने जीवाणुबाट लाग्छ। मुसामा हुने किर्ना अर्थात् माइट प्रायः झाडी, खेतबारी, वनजङ्गल, घर वरिपरिको झाडी वा घुरान हुने ठाउँमा देखिनेगर्छ । खेतबारीमा काम गर्दा, वनजङ्गल वा झाडीमा जाँदा वा घाँस काट्न जाँदा पूरा शरीर ढाक्ने कपडा लगाउने, सम्भव भएसम्म लामो जुत्ता लगाउने घाँसबारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने सम्भव भएसम्म भुइँमा नबस्ने खाटमा वा अग्लो स्थानमा सुत्ने बस्ने सकेसम्म घाँसबारी वा चउरमा नबस्ने चउर, बारी, झाडी, घाँस तथा घुरान बढ्न नदिने मुसा नियन्त्रणका लागि उपयुक्त किसिमले अन्न भण्डार गर्नुपर्दछ । यसका लक्षणहरुमा धेरै ज्वरो आउनु (१०४ डिग्री फरेन्हाइटभन्दा बढी)¸काम ज्वरो पनि आउन सक्छ¸धेरै टाउको दुख्नु, पसिना धेरै आउनु आँखा रातो हुनु, झाडापखाला लाग्नु बिस्तारै शरीरका मुख्य अङ्गले काम गर्न छाड्नु कीराले टोकेको ठाउँमा रातो दाग देखिन सक्छ। पछि कालो दाग बस्न सक्छ ।

सरकारी तथा निजी क्षेत्रमा कार्यरत स्वास्थ्य कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने तथा प्रयाप्त मात्रामा किटको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**तालिका:** ४.६.१ **स्क्रब टाइफस रोगको अवस्था**

| जिल्ला | २०७९/२०८० | २०८०/ २०८१ |
|---|---|---|
| लुम्बिनी प्रदेश | २८४३ | ४३२२ |
| रुकुम पूर्वी | १ | १ |
| रोल्पा | ८ | ५२ |
| प्यूठान | ० | १९ |
| गुल्मी | ४५८ | २१४ |
| अर्घाखाँची | ५०७ | ४०७ |
| पाल्पा | ४९६ | ८३२ |
| नवलपरासी पश्चिम | ६ | ३ |

| जिल्ला | २०७९/२०८० | २०८०/ २०८१ |
|---|---|---|
| रुपन्देही | ९०६ | ५३५ |
| कपिलवस्तु | ० | ० |
| दाङ | १४७ | ४३८ |
| बाँके | ४८ | ३१८ |
| बर्दिया | २६६ | १५०३ |

**(Source- HMIS/DHIS2)**

२०८०/०८१ मा, लुम्बिनी प्रदेशमा कुल 4322 स्क्रब टाइफसका केसहरू रिपोर्ट गरिएका छन्, जुन गत वर्षको २,८४३ केसको तुलनामा वृद्धि भइरहेको छ। यस वर्षमा पाल्पा जिल्लाबाट सबैभन्दा धेरै केसहरू रिपोर्ट गरिएका छन्।

## समस्या चुनौती कार्यदिशा र दायित्व

| समस्या | कार्यक्रम/क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|
| • एकीकृत रोग निगरानी प्रणाली नहुनुँ<br>• भेक्टर जन्य रोगहरू /उपेक्षित उष्णप्रदेशिय रोगहरु ( VBDs/NTDs) को एकीकृत निर्देशिका (पहिचान, उपचार, नियन्त्रण तथा रोकथाम) नभएको । | • एकीकृत रोग निगरानी कार्यक्रम लागु गर्ने<br>• भेक्टर जन्य रोगहरू /उपेक्षित उष्णप्रदेशिय रोगहरु ( VBDs/NTDs) को एकीकृत निर्देशिका (पहिचान, उपचार, नियन्त्रण तथा रोक थाम) बनाउनुपर्ने<br>• स्वास्थ्यकर्मीहरुको विभिन्न चरणमा क्षमता अभिवृद्धी (निदान, उपचार र रिपोर्टिङ ) हुनुपर्ने | • महामारी तथा रोग नियन्त्रण महाशाखा<br>• स्वास्थ्य मन्त्रालय<br>• स्वास्थ्य निर्देशनालय |
| • सुचना व्यवस्थापन को पहुँचमा कमि । | तहगत प्रतिवेदन पहुँच तथा सरोकारवालहरुलाई समयमै सतर्क सुचना व्यवस्थापनका लागी अभिमुखीकरण गर्ने प्रारम्भिक चेतावनी र रिपोर्टिङ प्रणाली (EWARS) को सेन्टिनेल् साईट प्राथमिक स्वास्थ्य सेवा केन्द्र तह सम्म बढाउने | महामारी तथा रोग नियन्त्रण महाशाखा |

| समस्या | कार्यक्रम/क्रियाकलाप | जिम्मेवारी |
| --- | --- | --- |
| • एकीकृत भेक्टर व्यवस्थापन (IVM) कार्यन्वयन नहुनु । | • एकीकृत भेक्टर व्यवस्थापन (IVM) व्यवस्थापन कार्यक्रम कार्यन्वयन गर्ने | महामारी तथा रोग नियन्त्रण महाशाखा |
| • स्क्रव टाइफस रोगहरुको बारेमा जनचेतनाका अभाव । कम तथा लक्षित वर्गमा नपुग्ने<br>• सामुदायिक जोखिम सञ्चार न्यूनिकरण कर्यक्रम नहुनु | • भेक्टर जन्य रोगहरू /उपेक्षित उष्णप्रदेशिय रोगहरु ( VBDs/NTDs) सम्बन्धी प्रयाप्त मात्रामा पुग्ने गरी<br>• शैक्षिक सामाग्रीहरुको प्रकाशन<br>• वितरण<br>• जोखिम सञ्चार न्यूनिकरणका कार्यक्रम सञ्चालन | महामारी तथा रोग नियन्त्रण महाशाखा , स्थानिय तह, स्वास्थ्य निर्देशनालय |

## ४.७ हात्तीपाईले निवारण कार्यक्रम

### पृष्ठभूमी

हात्तिपाईले (फाईलेरिया) रोग धेरै पुरानो रोग हो। यो रोगले कुष्ठरोगले जस्तै मानिसलाइं शारीरिक रुपमा असक्त, असमथं वा अपाङ्गग तुल्याउँदछ। यो रोग एक प्रकारको धागो आकारको मसिनो जुका जस्तो परजिवीवाट संक्रमण भएपछि लाग्दछ। क्यूलेक्स जातको सक्रमित पोथी लामखुट्टे स्वस्थ मानिसलाइं टोकेर परजिवी सारेमा यो रोग लाग्दछ। यो रोग संक्रमित गराउने परजिवी वुचेरेरिया बानक्रफ्टी., वुरजिया मालायी र वुरजिया टिमोरी गरी ३ प्रकारका छन्। नेपालमा यस रोग वुचेरेरिया बानक्रफ्टी जिवाणुका कारण लाग्ने गरेको पाइएको छ। यस रोगको जिवाणुवाट मानिस संक्रमण भएपछि सामान्य असर मात्र देखिन सक्ने भए पनि यस रोगको उपचार समयमा नहुँदा हाइड्रोशिल (Hydrocele) हुने र खुट्टा सुन्निन गई हात्तिपाइले (Elephantiasis) आकार भई दीर्घ रोगी हुनसक्ने देखिन्छ।

### आर्थिक वर्ष २०८०/०८१ मा भएका मुख्य उपलब्धीहरु

- तोकिएका अस्पतालहरुबाट Hydrocele को निःशुल्क शल्यक्रिया
- हात्तीपाईले रोग सम्बन्धि नक्साङ्कन कार्य (Morbidity mapping)
- विकृति व्यवस्थापन र अक्षमता रोकथाम (MMDP and Support Care Center को स्थापना

*तालिकाः ४.७.१ सर्जिकल समस्याहरू - जिल्ला अनुसार हाइड्रोसिल*

| | २०७८-७९ | २०८७९-८० | २०८०-८१ |
|---|---|---|---|
| लुम्बिनी प्रदेश | २२२२ | २३०९ | २०८३ |
| रुकुम पूर्वी | १ | ८ | ५ |
| रोल्पा | १० | २३ | ६३ |
| प्यूठान | १३४ | ४६ | ७६ |
| गुल्मी | २१ | २० | २० |
| अर्घाखाँची | १८ | ४१ | ३६ |
| पाल्पा | १८७ | १७३ | ३४२ |
| नवलपरासी पश्चिम | ५४ | ११ | ५३ |
| रुपन्देही | ८६२ | १०५१ | ७७१ |

| | २०७८-७९ | २०८७९-८० | २०८०-८१ |
|---|---|---|---|
| कपिलवस्तु | ८२ | १२३ | ७९ |
| दाङ | १८९ | १७७ | २४९ |
| बाँके | ३०० | ३०९ | २१२ |
| बर्दिया | ३६४ | ३२७ | १७७ |

**Source: HMIS/DHIS2**

*तालिका ४.७.२: लुम्बिनी प्रदेशको लिम्फेटिक फिलेरियासिस निवारण स्थिति*

| जिल्ला | LF MDA स्थिति | सर्वेक्षण स्थिति | क्रियाकलापहरू | टिप्पणीहरू |
|---|---|---|---|---|
| नवलपरासी पश्चिम | MDA Stopped | TAS III Pass २०१८ | | Mapped |
| रुपन्देही | MDA Stopped | TAS III Pass २०१७ | | Mapped |
| पाल्पा | MDA Stopped | TAS III Pass २०१९ | | Mapped |
| अर्घाखाँची | MDA Stopped | TAS II Pass २०१९ | | Mapped |
| प्यूठान | MDA Stopped | TAS II Pass २०१९ | | Mapped |
| रुकुम पूर्वी | MDA Stopped | TAS II Pass २०१९ | TAS III २०२२ | Mapped |
| गुल्मी | Non-Endemic | | | |
| कपिलवस्तु | MDA | Pre-Re-TAS Fail २०२० | | |
| दाङ | MDA | Pre-TAS Fail २०१९ | Re-Pre TAS २०२१ | Mapped |
| बाँके | MDA | Pre-TAS Fail २०१९ | Mapping २०२१ | Mapped |
| बर्दिया | MDA (stoop after TAS Pass) | Re-Pre-TAS Pass २०२० | AS २०२१ | Mapped |
| रोल्पा | MDA Stooped | TAS II Pass २०१९ | Mapping २०२१ | Mapped |

Source: MMDP report of Health Office

*तालिका ४.७.३: लुम्बिनी प्रदेशको सामूहिक औषधि वितरण (MDA) स्थिति आ.व. २०८०/८१*

| क्रम संख्या | जिल्ला | रिपोर्ट भएका लिम्फेडेमा केसहरू | रिपोर्ट भएका हाइड्रोसिल केसहरू | चालु चरण | कभरेज | टिप्पणीहरू |
|---|---|---|---|---|---|---|
| १ | कपिलवस्तु | 840 | 1884 | 16 | ८४.२% | Continued |

Source: MDA & HMIS report

**सामूहिक औषधि वितरण (MDA) सम्बन्धी प्रमुख गतिविधिहरू**

- कार्यान्वयन इकाइ र स्थानीय स्तरका गतिविधिहरू: योजना बैठकहरू, स्वास्थ्य कार्यकर्ताको तालिम, वकालत, सामाजिक संचार, अनुगमन र पर्यवेक्षण, सञ्चारकर्मीसँगको अन्तरक्रिया, नयाँ निर्वाचित स्थानीय निकाय र सामग्री आपूर्तिका लागि बहु-क्षेत्रका सरोकारवालासँगको अन्तरक्रिया।
- समुदाय स्तरका गतिविधिहरू: स्वयंसेवकको अभिमुखीकरण, वकालत, सामाजिक संचार, सूचना, शिक्षा, र संचार / व्यवहार परिवर्तन संचार (IEC/BCC), सामूहिक औषधि वितरण MDA गतिविधिहरूको कार्यान्वयन र अनुगमन र पर्यवेक्षण।
- सामाजिक संचार गतिविधिहरू: परिमार्जित सूचना, शिक्षा, र संचार (IEC) सामग्री, चेकलिस्टहरू, र रिपोर्टिङको उत्पादन।

**तालिका ४.७.४ हात्तीपाईले निवारण कार्यक्रमका समस्या चुनौती कार्यदिशा र दायित्व**

| क्र.सं. | चुनौती | कार्यदिशा | दायित्व |
|---|---|---|---|
| १ | निःशुल्क Hydrocele Operation को लागि बजेट अभाव | तँथाकीय आँकडाको आधारमा स्रोतका व्यवस्थापन हुनुपर्ने। | स्वास्थ्य निर्देशनालय, इपिडिमियोलोजी र रोग नियन्त्रण महाशाखा |
| २ | MDA अभियानको समयमा धेरै व्यक्तिहरूले औषधि लिन अस्वीकार गरे | स्थानीय स्वास्थ्यकर्मी (सरकारी निजी), राजनैतिक नेतृत्व, समाजसेवी र पत्रकारहरुलाई जिम्मेवार बनाउन अभिमुखीकरण | स्थानिय तह,स्वा कार्यलय स्वास्थ्य निर्देशनालय |
| ४ | एकीकृत भेक्टर नियन्त्रण कार्यक्रम गर्नु पर्ने। | एकीकृत भेक्टर नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्ने | स्थानिय तह,स्वा कार्यलय स्वास्थ्य निर्देशनालय |

## ४.८ कुष्ठ रोग निवारण तथा अपाङ्गता व्यवस्थापन कार्यक्रम

### पृष्ठभूमी

कुष्ठरोग प्राचिनकाल देखि नै मानव समाजमा परिचित हुँदै आएतापनि सन् १८७३ (वि.स.१९३०) मा नर्वेका बैज्ञानिक डा. गेरहार्ड हेनरिक आर्मर ह्यान्सन (Dr. Gerhard Henrik Armauer Hansen) ले यस रोगको किटाणु पत्ता लगाएका थिए। त्यसैले यस रोगलाई ह्यान्सन्स डिजिज (Hansns's Disease) पनि भनिन्छ। विश्वमा शारीरिक अपाङ्गता बनाउने रोगहरु मध्ये यो पहिलो स्थानमा पर्दछ। यस रोगको विरुद्ध प्रभावशाली औषधिको प्रयोग भै रहेता पनि बिरामीहरुले रोग लुकाउने र समयमै उपचारका लागि सम्पर्कमा नआउने कारणले गर्दा सामाजिक रुपमा चुनौती रहेको छ। नेपालमा वि.स. २०६६ माघ १० गते कुष्ठरोग निवारण भएको घोषणा गरिएको थियो ।यो रोग निवारणको स्थितिलाई निरन्तरता दिनका लागि सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा एम.डि.टी. उपचार सेवाका साथसाथै चेतनामुलक कार्यक्रम समेत सञ्चालन गरिदै आएकोछ ।बिरामी जहाँ निदान भएतापनि जुन जिल्लाको बिरामी हो सोहि जिल्लाबाट अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था अनुसार बिरामीको विवरण सोहि जिल्लामा पठाउने गरिन्छ जसले गर्दा जिल्लामा कुष्ठरोगको व्यापकता दर कति छ भन्ने यकिन गर्न सजिलो हुन्छ ।

### शुन्य कुष्ठरोग (Zero Leprosy) का लागि राष्ट्रिय रोड म्याप (२०२१-२०३०)

**दृष्टिकोण (Vision):** कुष्ठरोग मुक्त नेपाल

**लक्ष्य(Goal):** कुष्ठरोगको फैलावटलाई अवरुद्ध गरेर जिल्ला र स्थानीय तहमा कुष्ठरोग निवारण गर्ने ।स्थानीय तहमा लगातार पाँच वर्षसम्म १५ वर्ष मुनिका बालबालिकामा कुष्ठरोगका स्थानीय नयाँ बिरामीहरु शून्य रहनुलाई त्यस स्थानीय तहमा कुष्ठरोग फैलावट अवरुद्ध भएको भनेर परिभाषित गरिएको छ ।

### रणनीतिक खम्बाहरू

खम्बा १. राज्यका सबै तहमा शून्य कुष्ठरोगका लागि राष्ट्रिय मार्गचित्र कार्यान्वयन गर्ने ।

खम्बा २. सक्रिय विधिबाट कुष्ठरोगका विरामी पहिचान गर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुका साथै कुष्ठरोग रोकथामको कार्यलाई विस्तार गर्ने ।

खम्बा ३. कुष्ठरोग तथा यसको जटिलतालाई व्यवस्थापन गर्ने र अपाङ्गता हुनबाट रोकथाम गर्ने ।

खम्बा ४. विभेद लान्छना विरुद्ध प्रतिकार्य गरी मानव अधिकारको सुनिश्चित गर्ने ।

## आ.व. २०८०/८१ मा सञ्चालित कुष्ठरोग सम्वन्धि क्रियाकलापहरु

- प्रादेशिक अस्पताल, जिल्ला अस्पताल, प्रा.स्वा.के., स्वा.चौ., नगर स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आधारभुत स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्यसंस्था अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट नियमित जाँच, निदान र उपचारसेवा सञ्चालन।
- पत्ता लागेका र उपचारमा रहेका कुष्ठरोग विरामीहरुको घर तथा छिमेकीहरुको सम्पर्क जाँच गर्दै आएको र LPEP कार्यक्रम विभिन्न ६ वटा जिल्लाहरूमा संचालन।
- स्वास्थ्यकर्मीहरुलाइ कुष्ठरोग सम्बन्धी ३ दिने तालिम र चिकित्कशकहरुलाई ५ दिने अपांग सम्बन्धि रोकथाम तथा पुनर्स्थापना सम्बन्धि तालिम संचालन गरिएको ।
- कुष्ठरोगको तथ्याङ्क प्रमाणिकरण, कोहोर्ट विश्लेषण तथा अनुगमन कार्यक्रम सम्पन्न ३ वटा जिल्लामा ।
- एकिकृत प्रादेशिक अनुगमन टोली गठन गरी प्रदेशका कपिलवस्तु, रुपन्देही, नवलपरासी, बाँके बर्दिया लगायतका जिल्लाहरुमा अनुगमन, तथ्यांक प्रमाणीकरण तथा स्थलगत प्रशिक्षण कार्यकंम सहयोगी संस्थाहरुको सहयोगमा सम्पन्न गरिएको।
- विभिन्न जिल्लाहरुबाट कुष्ठरोगको जटिलता तथा अशक्त अवस्थाका विरामीहरु प्रेषणभै लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र साइनिंग अस्पताल नेपालगंजबाट निःशुल्क उपचार प्रदान गरिएको।
- कपिलवस्तु, रुपन्देही, नवलपरासी जिल्लाका ४३ वटा स्वयम् हेरचाह समुहले कुष्ठरोगबाट हुने सामाजिक भेद् भाब तथा लान्छना हटाउन स्थानीय तह स्तरमा कुष्ठरोग दिवस विभिन्न कार्यक्रमहरु आयोजना गरी भब्य रुपमा सम्पन्न गरिएको थियो ।
- कुष्ठरोगको बढि चाप भएको कपिलबस्तु जिल्लामा विगत १० वर्ष देखिका विरामीहरुको तथ्याङ्क हेरी महाराजगंज न. पा. को उदयपुर वडामा सबैको सम्पर्क परिक्षण गरि **Leprosy Post Exposure Prophylaxis** (LPEP) कार्यक्रम गरि १६ जना नया कुष्ठरोगि पता लागेको थिया भने त्यसतै रूपन्देही, नवलपरासी पश्चिम र अन्य जिल्लामा पनि LPEP कार्यक्रममार्फत नयाँ विरामी पता लगाउन सहयोग भएको थियो ।

## कुष्ठरोग कार्यक्रमका प्रमुख उपलब्धीहरु

- विभिन्न स्वास्थ्य संस्थाहरुबाट यस आर्थिक वर्षमा ४७५ जना एम.बी. र १४२ जना पि.बी., गरी जम्मा ६१७ जना कुष्ठरोगका नयाँ विरामीहरु पत्ता लागि उपचारमा आएका छन।
- नयाँ कुष्ठरोग विरामीहरु मध्ये १४ वर्ष मुनिका बच्चाहरु २३ जना, २७७ जना महिला कुष्ठरोगका विरामीहरु र २९ जना श्रेणी २ अपांगता (Grade-2 disability) विरामी पत्ता लगाई उपचार गरिएको थियो ।
- उपचारमा रहेका कुष्ठरोगका विरामीहरुको घरपरिवार र छिमेकीहरुको सम्पर्क परिक्षण सम्बन्धीत स्वास्थ्य कार्यालयहरु बाट संचालन गरिएको थियो।

हाल लुम्बिनी प्रदेश का १२ वटै जिल्लामा कुष्ठरोग देखा परेको छ भने ४ वटा जिल्लाहरु (कपिलवस्तु , रुपन्देही, ब.सु. प. नवलपरासी र दांग) मा कुष्ठरोगको व्याप्तता दर (Prevalence rate) प्रति दश हजारमा १ भन्दा बढी रहेको देखिन्छ ।



## नयाँ विरामी पत्ता लाग्ने दर (Leprosy New Case Detection Rate)

आ.व. २०८०/८१ मा लुम्बिनी प्रदेशमा कुल ६१७ जना ( ४७५ MB र १४२ PB) नयाँ कुष्ठरोगका बिरामी पत्ता लागेका छन् जस अनुसार नयाँ बिरामी पत्ता लाग्ने दर ११.९ जना प्रति लाख जनसंख्यामा हुन आउँछ र गत अ.व २०७९/८० को तुलनामा १.१ ले बढेको छ। जिल्ला अनुसार हेर्दा सबै भन्दा बढी नयाँ कुष्ठरोगका बिरामी दर कपिलवस्तुमा २६.९ र ब. सु. प. नवलपरासीमा १७.३ प्रति लाख जनसंख्यामा देखिन्छ ।

**तालिका १. नयाँ कुष्ठरोग विरामीहरु मध्ये बच्चा, महिला, एम.बी. तथा अपाङ्गताको श्रेणीको अनुपातको अवस्था(संख्यामा) आ ब २०८०।८१**

| जिल्ला | नयाँ पत्ता लागेको कुष्ठरोग विरामीको संख्या | नयाँविरामीहरु मध्ये एम.बी. विरामीको संख्या | नयाँविरामी मध्ये महिलाको संख्या | नयाँ विरामीहरु मध्ये बच्चा (१४वर्षमुनि) को संख्या | नयाँ विरामीहरु मध्ये अपाङ्गताको श्रेणी २ को संख्या |
|---|---|---|---|---|---|
| रुकुम पुर्व | १ | १ | १ | ० | ० |
| रोल्पा | ९ | ८ | २ | ० | १ |
| प्युठान | ७ | ६ | ४ | ० | ० |



चित्र नं. 1 नयाँ बिरामी पत्ता लाग्ने दर (प्रति १००,००० मा)

| जिल्ला | नयाँ पता लागेको कुष्ठरोग विरामीको संख्या | नयाँविरामीहरु मध्ये एम.बी. विरामीको संख्या | नयाँविरामी मध्ये महिलाको संख्या | नयाँ विरामीहरु मध्ये बच्चा (१४वर्षमुनि) को संख्या | नयाँ विरामीहरु मध्ये अपाङ्गताको श्रेणी २ को संख्या |
|---|---|---|---|---|---|
| गुल्मी | ४ | ३ | ० | ० | १ |
| अर्घाखाची | ७ | ७ | ३ | ० | ० |
| पाल्पा | १८ | १६ | ७ | ० | ० |
| नवलपरासी पश्चिम | ६८ | ४६ | २३ | ६ | ६ |
| रुपन्देही | १६० | १२१ | ७० | २ | ८ |
| कपिलबस्तु | १८८ | १२४ | ९५ | १० | १० |
| दाङ | १४ | १३ | ७ | ० | ० |
| बाँके | १०३ | ९८ | ५१ | ५ | २ |
| बर्दिया | ३८ | ३३ | १४ | ० | १ |
| लुम्बिनी प्रदेश | ६१७ | ४७६ | २७७ | २३ | २९ |

Source: HMIS/DHIS२ २०८०/८१

लुम्बिनी प्रदेशमा नया बरामी मध्ये महिलाको संख्या २७७, साथै १४ वर्षमुनिको संख्या बालबालिकाको संख्या २३ र अपाङ्गताको श्रेणी २ को संख्या २९ रहेको छ । त्यसतै जिल्लागत रुपमा हेर्दा नयाँ बरामी मध्ये महिला बढी भएको जिल्लाहरूमा कपिलबस्तु (९५), रूपन्देही (७०) र बाँके (५१)

रहेको छ । चारवटा जिल्लाहरू कपिलबस्तु, रूपन्देही, बाँके र नवलपरासी पश्चिममा जम्मा गरेर २३ जना १४ वर्षमुनिका नयाँ कुष्ठरोगको विरामीहरू पत्ता लागेको छ । त्यसतै नयाँ विरामीहरु मध्ये अपाङ्गताको श्रेणी २ को विरामीहरू पत्ता लागेको जिल्लाहरूमा सबैभन्दा बढी कपिलबस्तु, रूपन्देही र नवलपरासी पश्चिममा मात्रै २३ जना पत्ता लागेको छ भने बाँके, बर्दिया, रोल्पा र गुल्मीमा पनि अपाङ्गताको श्रेणी २ को विरामीहरू फेला परेका छन् ।

**तालिका नं. १ नयाँ कुष्ठरोग विरामीहरु मध्ये बच्चा, महिला, एम.बी. तथा अपाङ्गताको श्रेणीको अनुपातको अवस्था**

| जिल्ला | नयाँ विरामीहरु मध्ये बच्चा (१४वर्षमुनि) को अनुपात | | | नयाँविरामी मध्ये महिलाको अनुपात | | | नयाँविरामीहरु मध्ये एम.बी. विरामीको अनुपात | | | नयाँविरामीहरु मध्ये अपाङ्गताको श्रेणी २ को अनुपात | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| रुकुम पुर्व | ० | ० | ० | १०० | ५०.० | १०० | १०० | १०० | १०० | ० | ० | ० |
| रोल्पा | ० | ० | ० | १४ | ४० | २२ | १०० | १०० | ८८.८ | ० | ० | ११.१ |
| प्युठान | ० | ८.३ | ० | १४ | १७ | ५७ | ८५.७ | ९१ | ८५.७ | ० | ० | ० |
| गुल्मी | ० | ० | ० | ५५ | ३८ | ० | १०० | ७५ | ७५ | ० | ० | २५ |
| अर्घाखाची | ० | ० | ० | ३३ | ५० | ४३ | १०० | १०० | १०० | ० | ० | ० |
| पाल्पा | ० | ० | ० | ३३ | ४६ | ३९ | ८८.८ | ८४ | ८८.८ | ० | ० | ० |
| नवलपरासी पश्चिम | १.३ | ७.१ | ८.८ | ४५ | ४७ | ३४ | ६४.९ | ७७.१ | ६७.६ | ० | ११.४ | ८.८ |
| रुपन्देही | ३.० | १२.८ | १.३ | ३६ | ४६ | ४४ | ८१ | ८५ | ७५.६ | ० | २.८ | ५.० |
| कपिलबस्तु | ३.३ | ५.९ | ५.३ | ४३ | ४३ | ५१ | ७२.७ | ६१.३ | ६५.९ | ० | ३.५ | ५.३ |
| दाङ | ० | ० | ० | ४१ | ४५ | ५७ | ९५ | ६१.५ | ९२.८ | ० | ० | ० |
| बाँके | ५.८ | ३.७ | ४.८ | ४९ | ३५ | ५० | ५७.६ | ७६.२ | ९५.१ | ० | १२.५ | १.९ |
| बर्दिया | ३.१ | ५.४ | ० | ४१ | ४६ | ३९ | ५७.१ | ७२.९ | ८६.८ | ० | २.७ | २.६ |
| लुम्बिनी प्रदेश | २.९ | ६.९ | ३.७ | ४१ | ४२ | ४५ | ७२.९ | ७४.१ | ७७.१ | ० | ५.१ | ४.७ |

स्रोतः HMIS/DHIS2

आ.व. २०८०/८१ मा नयाँ कुष्ठरोगको विरामीहरू मध्ये बच्चाको अनुपात ३.७ रहेको छ जुन गत वर्षको तुलनामा ३.२ प्रतिशतले घटेको देखिन्छ तर जिल्लागत रुपमा हेर्दा नयाँ बरामी मध्ये बच्चाको अनुपात ब.सु.प. नवलपरासी जिल्लामा सबैभन्दा धैरे ८.८ रहेको छ । त्यसै गरि महिलाको अनुपात रूकुम पुर्वमा १०० रहेको छ भने चारवटा जिल्ला (प्युठान, कपिबस्तु, दाङ र बाँके) मा ५०% भन्दा माथि देखिएको छ।

## कुष्ठरोगको व्यापकता दर (**Prevalence rate of leprosy)**




*(Source: HMIS/DHIS 2)*

नेपालबाट कुष्ठरोग मिति २०६६ साल माघ १० गते निवारण भएको घोषणा गरिएको थियो । सो मिति भन्दा अघी देखि हाल सम्म लुम्बिनी प्रदेश कुष्ठरोग निवरणको अवस्थामै छैन । आ.व. २०८०/८१ मा लुम्बिनी प्रदेशमा कुष्ठरोगको व्यापकता दर (Prevalence rate) १.२ प्रति दश हजार रहेको छ । जिल्लागत रुपमा कपिलबस्तुमा सबैभन्दा धेरै कुष्ठरोग व्याप्तता दर २.७ रहेको छ ।

त्यस्तै गरी आ.व २०८०/८१ मा एम. बी. विरामीको अनुपात लुम्बिनी प्रदेशमा ७७.१ रहेको छ जुन गएको वर्षको तुलनामा ३.० % ले बढेको छ भने नयाँ कुष्ठरोग विरामीमा अपाङ्गताको श्रेणी २, लुम्बिनी प्रदेशमा ४.७ रहेको छ जुन गएको वर्षको तुलनामा ०.४ ले कम भएको छ भने रोल्पा जिल्लामा सबै भन्दा बढि ११.१ रहेको छ।

## कुष्ठरोग निवारण तथा अपांगतासम्बन्धि कार्यक्रम समस्या एवं समाधानका उपायहरु

तालिका नं. ४ कुष्ठरोग निवारण तथा अपांगतासम्बन्धि कार्यक्रम समस्या एवं समाधानका उपायहरु

| क्र.स | समस्या तथा चुनौती | समाधानका उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | लुम्बिनी प्रदेशमै कुष्ठरोगको व्यापकता दर उच्च (Prevalence rate) १.२ प्रति दश हजार मा रहेको छ साथै कुष्ठ रोग निवारण सम्बन्धि प्रदेश स्तरीय रणनीति तथा कार्ययोजना बनाउन आबश्यक देखिएको छ | कुष्ठ रोग निवारण सम्बन्धि रणनीति तथा कार्ययोजना बनाउन आबश्यक देखिएको छ साथै पालिका स्तरमा कुष्ठ रोग निवारणका लागि स्वास्थ्य कार्यालयबाट पैरवी गर्नुपर्ने | स्वास्थ्य, मन्त्रालय, स्वास्थ्य निर्देशनालय |
| २. | समुदाय स्तरमा अझै पनि बालबालिकामा कुष्ठरोग देखिएको हुदा संक्रमणको जोखिम उच्च रहेको छ | सबै विद्यालयहरु (सामुदायिक , निजि तथा मदरसा) मा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने, तथा सबै छात्र छात्राहरुलाई तालिम प्राप्त स्वास्थ्य कर्मिबाट पूर्ण शारीरिक जांच (whole body screening) गर्नपर्ने, परिवार तथा छिमेकीमा सम्पर्क जाँच गर्नुपर्ने | स्वास्थ्य कार्यालय तथा स्थानीय तह, संघ संथाहरुको सहयोग लिने |
| ३. | समुदायमा अझै पनि कुष्ठरोगका बिरामीहरु लुकेर बस्नु | सक्रिय बिधिबाट Door to Door Campaign कार्यक्रमहरू संचालन गरि चाडै रोग पता लगाउनु पर्ने र उपचारमा लियाउने | स्वास्थ्य कार्यालय तथा स्थानीय तह, संघ संस्थाको सहयोगमा |

| क्र.स | समस्या तथा चुनौती | समाधानका उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| ४. | कुष्ठ रोगका बिरामीहरुलाई अपांगताबाट बचाउनका लागि सहयक सामग्री तथा MCR जुता चपल को अभाब रहेको | सहायक सामग्री तथा MCR जुता चपलको निशुल्क व्यवस्था मिलाउनु पर्ने | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्थानीय तह, सहयोगी संस्था |
| ५. | जिल्ला तथा स्थानीय स्तरका अस्पतालका प्रयोगशालाकर्मीलाई Slit Skin Smear जाँचको तालिम दिनु पर्ने | आबस्यकता अनुसार तालिमको व्यवस्था मिलाउने | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| ६. | सम्पर्क परिक्षण तथा LPEP कार्यक्रमलाइ सबै जिल्लाहरूमा विस्तार नभएको | Case-based surveillance (CBS) कार्यक्रम कार्यन्वयनमा लयाउने र प्रभावित जिल्लाहरूमा विस्तार गरिनुपर्ने | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यलय, स्थानीय तह, संघ संथाहरुको सहयोग लिने |
| ७. | अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्रीको उपलब्धता र पहुँचमा कमी | सहायक सामग्रीहरुको उपलब्धता र पहुँचको सुनिश्चितताका लागि सम्बन्धित साझेदार निकाय/संस्थाहरुसंग समन्वय गरी ब्यबस्थापन गर्ने | स्वास्थ्य निर्देशनालय, स्थानीय तह |
| ८. | विशिष्टिकृत सेवा सहितको पुनर्स्थापना केन्द्र तथा कृतिम हात खुट्टा उत्पादन तथा व्यवस्थापनका लागि हालको अवस्था पर्याप्त नभएको | साझेदार निकायहरुसंग समन्वय गरी थप विशिष्टिकृत सेवा सहितको पुनर्स्थापना केन्द्र तथा कृतिम हात खुट्टा को उत्पादन तथा व्यवस्थापन गर्नु पर्ने | स्वास्थ्य मन्त्रालय, स्वाध्य निर्देशनालय |
| ९. | नयाँ तथा पुराना संरचनाहरुमा अपाङ्ग मैत्री भवन नभएको | नयाँ तथा पुराना संरचनाहरुलाई अपाङ्ग मैत्री बनाउनु पर्ने | संघ, प्रदेश र स्थानीय सरकार |

| क्र.स | समस्या तथा चुनौती | समाधानका उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १०. | लुम्बिनी प्रदेशमा नसर्ने रोगहरु (उच्च रक्तचाप, मधुमेह) को जोखिम उच्च रहेको हुनाले अपांगता हुने सम्भवना पनि बढी | समुदाय स्तरमा बिभिन् खालका जन्चेतान्मुलक कार्यक्रमहरु संचालन , नियमित स्क्रीनिंग क्याम्प, सिघ्र पहिचान तथा सो को उपचार तथा व्यबस्थापन र समयमै प्रेष्ण गर्नुपर्ने | स्थानीय तह. स्वास्थ्य कार्यलय |

# ५.उपचारात्मक सेवा

## ५.१ अस्पताल सेवा

### पृष्ठभूमी

प्रदेशका आम नागरिकहरुलाई रोगका कारणबाट हुने रुग्णता, अशक्तता तथा मृत्यूबाट जोगाउन, विभिन्न तहमा उपचार सेवा पुऱ्याउने हेतुले केन्द्रदेखि समुदाय स्तरसम्म अस्पताल तथा स्वास्थ्य संस्थाहरु स्थापना गरी उपचारात्मक सेवा प्रदान गर्न प्रदेश सरकार प्रतिवद्ध रही सेवा सुनिस्चितताका लागि कटिबद्ध छ । प्रदेश सरकारले सबै उपचारात्मक स्वास्थ्य विधालाई प्रमुख महत्वका साथ अगाडी बढाईरहेको छ। उपचारात्मक स्वास्थ्य सेवाका बहिरंग तथा अन्तरंग सेवा जनमानसका अत्यन्तै माग हुने एवं अत्यावश्यक स्वास्थ्य सेवाका क्षेत्र हुन् । उपचारात्मक स्वास्थ्य सेवाको हकमा संघ अन्तर्गतका ३ वटा अस्पतालहरु, प्रदेश अन्तर्गतका १४ वटा अस्पतालहरु, स्थानीय तह अन्तर्गत ४ वटा अस्पतालहरु *(तालिका १)* , २८ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५६३ वटा स्वास्थ्य चौकी, ३०४ वटा आधारभुत स्वास्थ्य केन्द्र, ३८ वटा शहरी स्वास्थ्य केन्द्र, १६७ वटा सामुदायिक स्वास्थ्य इकाई, १९४० वटा गाँउघर क्लिनिक र ३ वटा पोषण पुर्नस्थापना केन्द्रका साथै निजि तथा सामुदायिक अस्पतालहरु, पोलिक्लिनिकहरु, निदानात्मक केन्द्रहरु मार्फत उपचारात्मक स्वास्थ्य सेवाहरु प्रदान गरिरहेका छन् ।

**तालिका १ः अस्पतालको तह र नेतृत्व**

| स्वामित्व | स्तर | नेतृत्व |
|---|---|---|
| **संघ तर्फ** | | |
| भेरी अस्पताल | टर्सरी अस्पताल | संघीय सरकार |
| राप्ती स्वास्थ्य विज्ञान प्रतिस्ठान | टर्सरी अस्पताल | संघीय सरकार |
| सुसिल कोइराला प्रखर क्यान्सर अस्पताल | टर्सरी अस्पताल | संघीय सरकार |
| **प्रदेश तर्फ** | | |
| लुम्विनी प्रादेशिक अस्पताल | सेकेन्डरी B अस्पताल | प्रदेश सरकार |
| राप्ति प्रादेशिक अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| कपिलबस्तु अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| बर्दिया अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| गुल्मी अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| भीम अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |

| | | |
|---|---|---|
| पृथ्वी चन्द्र अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| अर्घाखाँची अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| प्यूठान अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| रोल्पा अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| रामपुर अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| पाल्पा अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| रुकुम पुर्व अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| भालुवाङ्ग अस्पताल | सेकेन्डरी A अस्पताल | प्रदेश सरकार |
| **स्थानीय तर्फ** | | |
| चिसापानी अस्पताल | प्राईमरी अस्पताल | स्थानीय सरकार |
| लमही अस्पताल | प्राईमरी अस्पताल | स्थानीय सरकार |
| शिवराज अस्पताल | प्राईमरी अस्पताल | स्थानीय सरकार |
| पिपरा अस्पताल | प्राईमरी अस्पताल | स्थानीय सरकार |

*श्रोतः HMIS/DHIS2*

| क्र.स. | अस्पतालहरु | स्वीकृत बेड संख्या | चालु बेड संख्या | जगगा | भवन |
|---|---|---|---|---|---|
| १ | भेरी अस्पताल | १५० | १७६४ | भएको | नयाँ संरचना निर्माणाधिन |
| २ | राप्ती स्वास्थ्य विज्ञान प्रतिस्ठान | ३२५ | २५९२ | भएको | भएको तर अपर्याप्त |
| ३ | लुम्विनी प्रादेशिक अस्पताल | ४०० | ५६९६ | भएको | निर्माणाधिन |
| ४ | रापि प्रादेशिक अस्पताल | ५० | ९३६ | भएको | भएको तर अपर्याप्त |
| ५ | कपिलबस्तु अस्पताल | ५० | ५०४ | भएको | भएको |
| ६ | बर्दिया अस्पताल | ५० | ६०० | भएको | भएको |
| ७ | गुल्मी अस्पताल | ५० | ३६० | भएको | भएको तर मापदण्ड नपुगेको |
| ८ | भीम अस्पताल | ५० | १०२० | भएको | भएको |
| ९ | पृथ्वी चन्द्र अस्पताल | ५० | ३०५ | भएको | भएको |
| १० | अर्घाखाँची अस्पताल | ५० | ५३४ | भएको | भएको तर मापदण्ड नपुगेको |
| ११ | प्यूठान अस्पताल | ५० | ६३६ | भएको | निर्माणाधिन |
| १२ | रोल्पा अस्पताल | ५० | ३९० | भएको | भएको |
| १३ | रामपुर अस्पताल | ५० | २१६ | भएको | भएको |

| क्र. स. | अस्पतालहरु | स्वीकृत बेड संख्या | चालु बेड संख्या | जग्गा | भवन |
|---|---|---|---|---|---|
| १४ | पाल्पा अस्पताल | ५० | २१६ | भएको | भएको तर मापदण्ड नपुगेको |
| १५ | रुकुम पुर्व अस्पताल | ५० | १५६ | भएको | निर्माणाधिन |
| १६ | भालुवाङ्ग अस्पताल | ५० | ५० | भएको | नभएको र मापदण्ड नपुगेको |
| १७ | चिसापानी अस्पताल | १५ | १२० | भएको | नभएको र मापदण्ड नपुगेको |
| १८ | लमही अस्पताल | १५ | १४५ | भएको | भएको तर मापदण्ड नपुगेको |
| १९ | शिवराज अस्पताल | १५ | १७५ | भएको | भएको तर मापदण्ड नपुगेको |
| २० | पिपरा अस्पताल | १५ | १२० | भएको | भएको तर मापदण्ड नपुगेको |

**तालिका २ः अस्पतालहरुको भौतिक पुर्वाधारको अवस्था**

प्रदेश अन्तर्गतका अस्पताहरु हेर्दा लुम्विनी प्रादेशिक अस्पताल ४०० शैयामा संचालित छ भने अरु १४ वटै अस्पतालहरु ५० शैयामा संचालित भएपनि भालुवाङ्ग अस्पतालले अझै अस्पतालको स्वरुप लिन सकेको छैन ।सबै अस्पताहरुले बिनियोजीत बेड संख्या भन्दा अधिक शैया को ब्यवस्था गरी सेवा प्रदान गरेको देखीन्छ ।यस आ.ब. मा  रोल्पा अस्पताल, रामपुर अस्पताल, पृथ्वी चन्द्र अस्पताल, भीम अस्पताल, कपिलबस्तु अस्पतालले नव निर्मित भवन बाट सेवा विस्तार गरेका छन् ।

**तालिका ३ः प्रदेश अन्तर्गतका अस्पतालहरुमा सेवाको उपलब्धता**

| मुख्य सुचकहरु | | संख्या | अस्पतालहरुको नाम |
|---|---|---|---|
| अंतरङ्ग सेवा | मेडीकल वार्ड | १२ | रुकुम पुर्व र भालुवाङ अस्पताल बाहेक सबैमा |
| | सर्जिकल वार्ड | १० | पाल्पा रामपुर रुकुम पुर्व र भालुवाङ अस्पताल बाहेक सबैमा |
| | मेटर्निटी वार्ड | १३ | सबै अस्पताल |
| | पेडीयाट्रिक वार्ड | १० | पाल्पा रामपुर रुकुम पुर्व र भालुवाङ अस्पताल बाहेक सबैमा |
| | अर्थोपेडिक वार्ड | १ | लुम्विनी प्रादेशिक अस्पतालमा मात्र |
| | साइक्याट्रीक वार्ड, जेरियाट्रिक वार्ड, नाक कान घाँटी वार्ड | १ | लुम्विनी प्रादेशिक अस्पतालमा मात्र |
| आकस्मिक सेवा | | १४ | सबैमा |
| सर्जरी सेवा | अपरेसन थिएटर | १३ | पाल्पा अस्पताल बाहेक सबैमा |
| | पोष्ट अपरेटिभ वार्ड | १३ | पाल्पा अस्पताल बाहेक सबैमा |
| २४ घण्टे फार्मेसी सेवा | | १३ | भालुवाङ अस्पताल बाहेक सबैमा |
| २४ घण्टे प्रयोगशाला सेवा | | १३ | भालुवाङ अस्पताल बाहेक सबैमा |
| ब्लड बैंक | | १२ | पाल्पा र भालुवाङ अस्पताल बाहेक सबैमा |
| २४ घण्टे एक्स रे सेवा | | १३ | भालुवाङ अस्पताल बाहेक सबैमा |
| यु एस जी सेवा | | १३ | भालुवाङ अस्पताल बाहेक सबैमा |
| सी टी स्क्यान सेवा | | ३ | लुम्बिनी प्रादेशीक, राप्ति प्रादेशीक र भीम अस्पतालमा मात्र |
| आइ सि यू | | १० | पाल्पा, रामपुर, रोल्पा र भालुवाङ अस्पताल बाहेक सबैमा |
| एन आइ सि यू/एस एन सी यू | | २/९ | लुम्बिनी प्रादेशीक र कपिलबस्तु अस्पतालमा मात्र/ पाल्पा रामपुर रुकुम पूर्व प्यूठान र भालुवाङ अस्पताल बाहेक सबैमा |
| पि आइ सी यू | | १ | लुम्बिनी प्रादेशीक अस्पतालमा मात्र |

| मुख्य सुचकहरु | संख्या | अस्पतालहरुको नाम |
|---|---|---|
| इन्डोस्कोपी सेवा | २ | लुम्बिनी प्रादेशीक र राप्ति प्रादेशीक अस्पतालमा मात्र |
| हेमोडायलाईसिस सेवा | ६ | लुम्बिनी प्रादेशीक, राप्ति प्रादेशीक, पृथ्बी चन्द्र बर्दिया, रामपुर र गुल्मी अस्पतालमा मात्र |
| डेन्टल सेवा | १२ | रुकुम पुर्व र भालुवाङ अस्पताल बाहेक सबैमा |
| ई एच एस | ३ | लुम्बिनी प्रादेशीक, भिम र पृथ्बी चन्द्र अस्पतालमा मात्र |
| फिजियोथेरापी सेवा | ८ | भिम, रामपुर, रोल्पा, पाल्पा, रुकुम पुर्व र भालुवाङ अस्पताल बाहेक सबैमा |
| पोषण पुर्नस्थापना केन्द्र | २ | लुम्बिनी प्रादेशीक अस्पतालमा मात्र |
| ओ सि एम सी | १३ | भालुवाङ अस्पताल बाहेक सबैमा |

*श्रोतः MSS Report 2080/81*

तालिका ३ ले प्रदेश अन्तर्गतका अस्पतालहरुले उपलब्ध गराउने मुख्य सेवाको बारेमा समग्र बस्तुस्थिती देखाउन खोजेको छ । आ.ब. अनुसार सेवा विस्तार भइरहेको र लुम्विनी प्रदेश सरकार सेवालाई बिस्तार यवं गुणस्तरीय बनाउनका लागि सक्रिय रहेको छ ।

## अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड

अस्पतालहरुका लागि न्यूनतम सेवा मापदण्ड २०१४ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निक साइमन्स इन्स्चिच्युटको सहयोगमा अस्पताल व्यवस्थापन सुदृढीकरण कार्यक्रम अन्तर्गत जिल्ला अस्पतालको न्यूनतम सेवा मापदण्डको रुपमा सुरुवात गरेको हो र आ ब २०७५।७६ बाट प्रदेश सरकारले यस कार्यक्रमको स्वामित्व लिई प्राथमिकताका साथ निरन्तरता दिएको छ। यस न्यूनतम सेवा मापदण्डलाई तीन मुख्य खण्डहरुमा वर्गिकरण गरिएको छ : शुशासन व्यवस्थापन, क्लिनिकल सेवा व्यवस्थापन र सहयोगी सेवा व्यवस्थापन ।सबै खण्डका मापदण्डहरुको लेखाजोखा पछि, समग्र अङ्कका लागि प्रत्येक खण्डको वजन हेरिन्छ । शुशासन व्यवस्थापनको खण्ड लाई २०%, क्लिनिकल व्यवस्थापनको खण्ड लाई ६०%, र सहयोगी सेवा व्यवस्थापनको खण्ड लाई २०% दिइन्छ। यसरी खण्डहरुको वजन अनुसारको प्रतिशत जोडी अस्पतालको समग्र न्यूनतम सेवा मापदण्डको प्राप्ताङ्क दिइन्छ जसमा आधारमा रंग कोडिङ गरिन्छ। अस्पतालको न्यूनतम सेवा मापदण्डको प्राप्ताङ्कले हालको अवस्था मापन गरी अपर्याप्त क्षेत्र पहिचान गर्न सवल बनाउँन। यो सामाग्री चेकलिस्टको रुपमा तयार पारिएको छ जसले गुणस्तर उन्मुख सेवा स्थापनका लागि आधारभूत रहेका तत्परता र उपलब्धताको पहल गर्दछ, साथै मापनका आधारमा नभएको सेवा वा अवस्थाहरुलाई कार्ययोजनको रुपमा तयार गरी सम्वोधन गर्नका लागि प्रभावकारी यन्त्रको रुपमा प्रयोग हुदै आयको छ ।

यस प्रदेशमा रहेका १४ वटा प्रदेश सरकार अन्तर्गतका अस्पताल, ४ वटा स्थानीय तह अन्तर्गतका अस्पताल र २ वटा संघीय सरकार अन्तर्गतको अस्पतालमा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम लागु भएको छ। आ.व. २०८०/८१ का लागि लुम्विनी प्रदेशमा भएका अस्पतालहरुको सुदृढिकरण कार्यक्रम अन्तर्गत विभिन्न तहका अस्पतालहरुमा हुनुपर्ने न्युनतम सेवाको एकिन गर्नका लागि न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम एक चरणमा सम्पन्न भएको छ ।यस कार्यक्रमले अस्पतालबाट प्रदान गरिने न्युनतम सेवाको बारेमा जानकारी गराई कार्यान्वयन गराउन सहयोग गर्ने, अस्पताल व्यवस्थापन/विकास समितिका सदस्य तथा कर्मचारीहरुलाई उत्प्रेरित तथा सहयोग गर्नुका साथै विभिन्न विकल्पहरुको खोजि गर्न रहेको छ।

यस कार्यक्रमले संघीय, प्रदेश तथा स्थानीय निकाय बीच प्रत्यक्ष समन्वय कायम राख्न मद्धत राख्ने विश्वास लिईएको छ । यस कार्यक्रम संचालन गर्नुपूर्व समन्वयात्मक बैठक सम्पन्न हुन्छ भने प्राईमरी अस्पतालमा र सेकेण्डरी A अस्पतालमा दुई दिनको र सेकेण्डरी B अस्पतालमा तीन दिने न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम संचालन गरिन्छ, जसको अन्तिम दिनमा अवस्था बारे प्रस्तुतिकरण तथा नतीजा सार्वजनिक गरीन्छ र सुधारका लागि कार्ययोजना बनाउन आग्रह गरिन्छ ।

**तालिका ४: आ.ब २०८०/२०८१ मा न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गरेका संस्थाहरु**

| स्वामित्व | स्तर | कार्यान्वयन निकाय |
|---|---|---|
| **संघ तर्फ** | | |
| भेरी अस्पताल | टर्सरी | संघीय सरकार |
| राप्ती स्वास्थ्य विज्ञान प्रतिस्ठान | टर्सरी | संघ सरकार |
| **प्रदेश तर्फ** | | |
| लुम्बिनी प्रादेशिक अस्पताल | सेकेन्डरी B | प्रदेश सरकार |
| राप्ति प्रादेशिक अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| कपिलबस्तु अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| बर्दिया अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| गुल्मी अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| भीम अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| पृथ्वी चन्द्र अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| अर्घाखाँची अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| प्यूठान अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| रोल्पा अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| रामपुर अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| पाल्पा अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| रुकुम पुर्व अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| भालुवाङ्ग अस्पताल | सेकेन्डरी A | प्रदेश सरकार |
| **स्थानीय तर्फ** | | |
| चिसापानी अस्पताल | प्राईमरी | निक साईमन्स ईन्स्टिच्यूट |
| लमही अस्पताल | प्राईमरी | निक साईमन्स ईन्स्टिच्यूट |
| शिवराज अस्पताल | प्राईमरी | निक साईमन्स ईन्स्टिच्यूट |
| पिपरा अस्पताल | प्राईमरी | निक साईमन्स ईन्स्टिच्यूट |

*श्रोत:MSS,Nepal*

**तालिका ५: अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड प्रगती प्रतिशतमा**

| अस्पतालहरुको नाम | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| भालुवाङ्ग अस्पताल | १५ | २७ | ३८ |
| शिवराज अस्पताल | ४४ | ४४ | ४० |
| लमही अस्पताल | ४५ | ४७ | ५० |
| रुकुम पुर्व अस्पताल | ३४ | ३९ | ५१ |
| पाल्पा अस्पताल | ५१ | ५८ | ५४ |
| पिपरा अस्पताल | ३८ | ४७ | ५६ |
| चिसापानी अस्पताल | ५३ | ५८ | ५८ |
| रामपुर अस्पताल | ५३ | ६० | ५९ |
| प्यूठान अस्पताल | ७४ | ७३ | ७५ |
| रोल्पा अस्पताल | ६३ | ७१ | ८५ |
| राप्ति प्रादेशिक अस्पताल | ७१ | ८४ | ८५ |
| लुम्बिनी प्रादेशिक अस्पताल | ७४ | ८० | ८८ |
| पृथ्वी चन्द्र अस्पताल | ७३ | ७६ | ८९ |
| अर्घाखाँची अस्पताल | ७० | ८१ | ९० |
| भीम अस्पताल | ५६ | ८८ | ९० |
| गुल्मी अस्पताल | ८६ | ८९ | ९१ |
| कपिलबस्तु अस्पताल | ८७ | ९६ | ९४ |
| बर्दिया अस्पताल | ८६ | ९५ | ९६ |

*श्रोत:MSS Report, 2080/81 HD*

आ.व २०८०/८१ को न्यूनतम सेवा मापदण्डको मूल्यांकनमा प्रदेश मातहतका ११ वटा अस्पतालहरुको अवस्था सुधारोन्मुख रहेको छ भने ३ वटा अस्पतालहरुको न्यूनतम सेवा मापदण्डको अवस्थामा सुधार ल्याउन थप पहल गर्नुपर्ने देखिन्छ। मुख्यत: जनशक्ति र भौतिक पूर्वाधारको क्षेत्रमा लगानी बढाई अस्पतालहरुको सेवालाई थप गुणस्तरीय बनाउन पहल गर्नुपर्नेछ।




**चित्र १: आ.ब. २०८०/८१ को न्यूनतम सेवा मापदण्ड प्रासाङ्क प्रतिशत**

*श्रोत:MSS Report 2080/81,HD*

आ.व २०८०/८१ को न्यूनतम सेवा मापदण्ड को मूल्यांकनलाई हेर्दा बर्दिया प्रदेशभर अग्र स्थानमा देखिन्छ भने भालुवाङ्का लागि बिशेष पहल गर्नुपर्ने देखिन्छ । अस्पतालहरुमा न्यूनतम सेवा मापदण्ड सुदृधिकरणको लागि बिनियोजन भएको वार्षिक बजेट संयूक्त अनुगमनका क्रममा देखिएका कमि (gap) हरुलाई पूर्ति गर्नका निम्ति प्राथमिकताका आधारमा योजना बनाई खर्च गर्दा थप उपलब्धि हासिल हुने अपेक्षा गर्न सकिन्छ।

यस कार्यक्रमको संचालन निर्देशिका बमोजिम अस्पतालहरुलाई न्यूनतम सेवा मापदण्डको स्व-मूल्यांकन कम्तिमा बर्षको दुई पटक र प्रदेशबाट एक पटक मूल्यांकन तथा समीक्षा गरी संघीय, स्थानीय तथा प्रदेशको योजना चक्रमा सुधार गर्नुपर्ने बिषयहरु समावेश गराई सम्बोधन गर्नका निम्ति थप प्रोत्साहित् गर्नुपर्ने देखिन्छ।

**न्यूनतम सेवा मापदण्ड कार्यक्रम भएका नविनतम कार्यहरु:**

क) विशेषज्ञ सेवा संचालन तथा प्रदान ।

ख) अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड स्कोरमा वृद्धि ।

ग) अस्पतालहरुको फोहोर व्यवस्थापनमा सुदृढिकरण भएको ।

घ) नियमित बैठक तथा अभिलेख व्यवस्थापन ।

ङ) अस्पताल सहयोग सेवामा सुदृढिकरण भएको ।

**अस्पतालहरुको न्यूनतम सेवा मापदण्डका केही चुनौतीहरु :**

क) MSS कार्यान्वयन निर्देशिकाले तोकेको आवश्यक जनशक्ति र दरवन्दी तेरीज मेल नखानु ।

ख) MSS कार्यान्वयन निर्देशिकाले तोके वमोजिमको भौतिक संरचना पर्याप्त नहुनु ।

ग) अस्पतालहरुले दिएको सेवाको अभिलेखिकरण र प्रतिबेदन प्रणाली कमजोर हुनु ।

घ) सेवा प्रति उत्प्रेरित भावनाको कमी हुँदै जानु ।

ङ) MSS कार्यान्वयन निर्देशिकाले वर्षमा २ पटक फ्लोअप कार्य गर्न कठिनाई ।

च) MSS स्रोत व्यक्ती परिचालन कठिनाई ।

छ) अस्पतालहरुले वर्षको २ पटक स्व मूल्याङ्कन नगर्नु ।

## अस्पताल सेवाहरु

**तालिका ६: रिपोर्टिङ्ग दर र समयमा रिपोर्टिङ्ग दर**

| क्र. स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | | आ.ब.२०७९/८० | | आ.ब.२०८०/८१ | |
|---|---|---|---|---|---|---|---|
| | | रि.द. | स.रि.द. | रि.द. | स.रि.द. | रि.द. | स.रि.द. |
| १ | भेरी अस्पताल | १०० | ३३.३ | १०० | ९१.७ | १०० | १०० |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | १०० | १०० | १०० | १०० | १०० | ८३.३ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | राप्ति प्रादेशिक अस्पताल | १०० | ९१.७ | १०० | १०० | १०० | १०० |
| ५ | अर्घाखाँची अस्पताल | - | - | १०० | १०० | १०० | १०० |
| ६ | बर्दिया अस्पताल | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ७ | भीम अस्पताल | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ८ | गुल्मी अस्पताल | - | - | १०० | १०० | १०० | १०० |
| ९ | कपिलबस्तु अस्पताल | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १० | भालुवाङ्ग अस्पताल | - | - | - | - | - | - |
| ११ | पाल्पा अस्पताल | १०० | ९१.७ | १०० | १०० | १०० | १०० |
| १२ | पृथ्वी चन्द्र अस्पताल | १०० | ६६.७ | १०० | १०० | १०० | ९१.७ |
| १३ | प्यूठान अस्पताल | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १४ | रामपुर अस्पताल | - | - | १०० | १०० | १०० | १०० |
| १५ | रोल्पा अस्पताल | १०० | ९१.७ | १०० | १०० | १०० | १०० |
| १६ | रुकुम पुर्व अस्पताल | - | - | १०० | १०० | १०० | १०० |
| १७ | चिसापानी अस्पताल | १०० | ९१.७ | १०० | १०० | १०० | १०० |
| १८ | लमही अस्पताल | १०० | १०० | १०० | ७५ | १०० | १०० |

| क्र. स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | | आ.ब.२०७९/८० | | आ.ब.२०८०/८१ | |
|---|---|---|---|---|---|---|---|
| | | रि.द. | स.रि.द. | रि.द. | स.रि.द. | रि.द. | स.रि.द. |
| १९ | शिवराज अस्पताल | १०० | ६६.७ | १०० | ८३.३ | १०० | १०० |
| २० | पिपरा अस्पताल | १०० | ९१.७ | १०० | ९१.७ | १०० | १०० |

प्रदेश अन्तरगतका अस्पतालहरुको रिपोर्टिङ्ग दर तथा समयमा रिपोर्टिङ्ग दरको अवस्था हेर्दा सुधारोन्मुख देखीएको छ तथापी समयमा हुनु पर्ने रिपोर्टिङ्ग दर पृथ्वी चन्द्र अस्पतालले पूर्ण नगरेको देखीन्छ । भालुवाङ्ग अस्पतालले अझै पनि ९.३ मा रिपोर्टिङ्ग गरेको हुँदा अस्पतालको लगतमा नदेखीयको हो ।अस्पतालले मासिक सम्पादन गरेका कृयाकलाप पुर्ण र समयभित्र सम्पन्न गरेको हुनुपर्छ र अस्पताल आफै रिपोर्टिङ्गका विषयमा सम्वेदनशील हुनुपर्ने देखिन्छ ।

**तालिका ७: वहिरंग सेवा**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | ९२५७६ | ४ | ० |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | ८७६८१ | ११२१९ | २८४०३ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | ७९७० | १०००१ | १९८२५ |
| ४ | राप्ति प्रादेशिक अस्पताल | ७७९१७ | ४२२६२ | १०३६८ |
| ५ | अर्घाखाँची अस्पताल | ४४९७२ | ४८२१७ | ३६१४२ |
| ६ | बर्दिया अस्पताल | ४३२५९ | २६४४० | २३८१८ |
| ७ | भीम अस्पताल | ३९०५९ | ४६७९७ | ४९३०० |
| ८ | गुल्मी अस्पताल | २७६८३ | १५७७४ | ६५५६ |
| ९ | कपिलबस्तु अस्पताल | १९८३३ | ३६००६ | २४३१३ |
| १० | भालुवाङ्ग अस्पताल | ७०३४ | ९०३६ | १२१३८ |
| ११ | पाल्पा अस्पताल | ३७२२६ | ३८३५६ | ६५०६५ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | ७०३४ | २६५६७ | २०९०० |
| १३ | प्यूठान अस्पताल | २४६४५ | ६४५५ | ७४३३ |
| १४ | रामपुर अस्पताल | ४७५०७ | १४०७१ | १९२८२ |
| १५ | रोल्पा अस्पताल | २२४३५ | २१०८७ | १८४०८ |
| १६ | रुकुम पुर्व अस्पताल | ७१९५ | ६१७८ | ४२५७ |
| १७ | चिसापानी अस्पताल | १४५३६ | १२७५४ | १३५१४ |
| १८ | लमही अस्पताल | ७९२५ | ६६६९ | १०९१७ |
| १९ | शिवराज अस्पताल | ० | १००५० | १२६८२ |
| २० | पिपरा अस्पताल | ३१४७३ | २६०६२ | २६९४६ |

*श्रोत:HMIS/DHIS2*

**तालिका ८ः प्रदेशको वहिरंग सेवा**

| सुचक प्रदेशस्तर | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ |
|---|---|---|---|
| वहिरंग सेवामा नयाँ भेट संख्या | ६४७९६० | ४१४००५ | ४१०२६७ |
| पुरुष सेवाग्राही संख्या | २६९८७६ | १७७४३२ | १७८८७ |
| महिला सेवाग्राही संख्या | ३७८०८४ | २३६५७३ | २३१३८० |
| वहिरंग सेवावाट प्रेशण गरेको संख्या | ३२५४६ | ३९४४९ | ४७९२४ |

*श्रोतःHMIS/DHIS2*

लुम्विनी प्रदेशको अस्पतालहरुमा वहिरंग सेवा लिन आउने नयाँ सेवाग्रहीको संख्या अघिल्लो आ.ब. को तुलनामा घट्दो क्रममा देखीएको छ *(तालिका ८)*। अस्पताल अनुसार तालिका ७ मा उल्लेख भए अनुरुप वहिरंग सेवाको चाप सेवा प्रदायकका हिसावले अत्याधिक देखिन्छ । महिला सेवाग्राही को संख्या तुलनात्मक रुपमा पुरुष भन्दा बढी देखीन्छ जुन महीलामा ५६.३९% छ भने पुरुषमा ४३.६०% छ । वहिरंग सेवा लिन आएका सेवाग्राही मध्य ११.६८% प्रेशण भएको देखीन्छ ।पुर्ण रुपमा रजिष्टरको प्रयोग गरी लगत अध्यावधिक गर्नुपर्ने तथा समयमा सफ्टवयरमा अध्यावधिक गर्न सके सेवा बाट लाभाम्वीतको बास्तविक आँकडा आउने देखीन्छ ।

**तालिका ९ः अन्तरंग सेवा**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | १३५४६ | १४१२४ | १३८०१ |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | ६८९२ | १०५६० | १०३७३ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | २३१४७ | २५५६२ | २६९०८ |
| ४ | राप्ति प्रादेशिक अस्पताल | ४७३३ | ५६०५ | ६०४१ |
| ५ | अर्घाखाँची अस्पताल | १२४६ | २६४० | ३०११ |
| ६ | बर्दिया अस्पताल | ३७१८ | ३८४६ | ३७०५ |
| ७ | भीम अस्पताल | ५९७० | ५८६६ | ६५७३ |
| ८ | गुल्मी अस्पताल | १९५० | २१९८ | १८६७ |
| ९ | कपिलबस्तु अस्पताल | ४०८१ | ३८६१ | ४१९७ |
| १० | भालुवाङ्ग अस्पताल | - | - | - |
| ११ | पाल्पा अस्पताल | २१५ | ४६२ | ७४४ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | २०७७ | २३४० | २३०६ |

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १३ | प्यूठान अस्पताल | ३११७ | ३४७३ | ३७९० |
| १४ | रामपुर अस्पताल | ३८३ | २५९ | ५५९ |
| १५ | रोल्पा अस्पताल | १२०८ | १२८१ | १७६१ |
| १६ | रुकुम पुर्व अस्पताल | १९१ | ५११ | ७६४ |
| १७ | चिसापानी अस्पताल | २६८ | १६१ | ३६१ |
| १८ | लमही अस्पताल | ४६९ | ३४० | ४८७ |
| १९ | शिवराज अस्पताल | - | - | - |
| २० | पिपरा अस्पताल | ४३८ | ५७६ | ६५८ |

*श्रोत:HMIS/DHIS2*

**तालिका १०: प्रदेशको अन्तरङ्ग सेवा**

| सुचक प्रदेशस्तर | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|
| अन्तरंग सेवाग्राही संख्या | ७३८२९ | ८३६६५ | ८७९०६ |
| निको भएको संख्या | ६५९७१ | ६०२३४ | ६१४०५ |
| प्रेषण भएका अन्तरंग सेवाग्राही संख्या | २२४५ | १७५३ | १९७२ |
| थाहा नदिइ भागेका अन्तरंग सेवाग्राही संख्या | १५८ | १३२ | १५७ |
| अन्तरंग सेवाग्राही मृत्यू संख्या | ३४०१ | ३४२३ | ३३७७ |

*श्रोत:HMIS/DHIS2*

लुम्विनी प्रदेशको अस्पतालहरुमा अन्तरंग सेवा लिन आउने नयाँ सेवाग्रहीको संख्या अघिल्लो आ.ब. को तुलनामा DHIS2 मा प्रविष्ट तथ्याङ्क अनुसार बढ्दो क्रममा देखीएको छ *(तालिका १०)*। ।अस्पताल अनुसार तालिका ९ मा उल्लेख भए अनुरुप अन्तरङ्ग सेवाको उपयोग अत्याधिक देखिन्छ । आ.ब.२०८०/८१ मा अन्तरंग सेवा लिन आएका सेवाग्राही मध्य ६९.८५% सेवाग्राही निको भएको, २.२४% सेवाग्राही थप सेवाका लागि प्रेषण भएको, ०.१८% सेवाग्राही थाहा नदिइ भागेका देखिन्छ भने ०.८९% उपचारका क्रममा मृत्यु भएको देखीन्छ । यसैगरी हस्पिटल बेड टर्न ओभर रेट ४.९५ र औषत अस्पताल बसाइ २.६६ दिन रहेको छ ।

**तालिका ११ः बेड अकुपेन्सी दर**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | ९०.२ | ९२.१ | ९९.५ |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | ३७.६ | ३४.७ | ४४.३ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | ६१.८ | ७२.६ | ६९.२ |
| ४ | राप्ति प्रादेशिक अस्पताल | ३४.४ | ५५ | ५८.८ |
| ५ | अर्घाखाँची अस्पताल | २६.५ | ९४.१ | ७२.८ |
| ६ | बर्दिया अस्पताल | ४८.५ | ६३.८ | ७३ |
| ७ | भीम अस्पताल | २३.७ | ३६.२ | ६७.३ |
| ८ | गुल्मी अस्पताल | ४८.१ | ५४.३ | ४१.३ |
| ९ | कपिलबस्तु अस्पताल | ५६.९ | ७८ | ८०.१ |
| १० | भालुवाङ्ग अस्पताल | - | - | - |
| ११ | पाल्पा अस्पताल | ९.७ | २२.३ | ३७.४ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | २.१ | २९.५ | ५३.१ |
| १३ | प्यूठान अस्पताल | ७१.५ | ५४ | ५२.७ |
| १४ | रामपुर अस्पताल | २८.२ | २१.१ | २१.९ |
| १५ | रोल्पा अस्पताल | ३७.९ | ४५.३ | ४५ |
| १६ | रुकुम पुर्व अस्पताल | ६.६ | १८.५ | ४९ |
| १७ | चिसापानी अस्पताल | १२.२ | ६.६ | २५.५ |
| १८ | लमही अस्पताल | ६८.४ | ७.३ | २०.४ |
| १९ | शिवराज अस्पताल | - | - | - |
| २० | पिपरा अस्पताल | ८.१ | १६.१ | २०.७ |

*श्रोतःHMIS/DHIS2*

लुम्बिनी प्रदेशका अस्पतालहरुमा उपलब्ध शैयाको उपयोग हेर्दा आ.ब. २०७९/८० मा २५.३८ छ भने आ.ब. २०८०/८१ मा ३०.५१ रहेको छ जुन बढ्दो क्रममा देखिन्छ ।अस्पतालहरुलाई हेर्दा अत्याधीक कपिलबस्तु अस्पतालमा ८०.१% छ भने न्यून रामपुर अस्पतालमा २१.९% छ ।

**तालिका १२: औषत अस्पताल बसाई**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | ५.४ | ३.६ | ४ |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | ३.७ | २.६ | ३.२ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | ४.४ | ५.४ | ५ |
| ४ | राप्ति प्रादेशिक अस्पताल | ३ | २.८ | २.७ |
| ५ | अर्घाखाँची अस्पताल | ४.५ | ६.५ | ३.९ |
| ६ | बर्दिया अस्पताल | ३.२ | ३ | ३.५ |
| ७ | भीम अस्पताल | २.२ | १.७ | ३.६ |
| ८ | गुल्मी अस्पताल | ३.६ | २.८ | २.७ |
| ९ | कपिलबस्तु अस्पताल | ३.२ | ३ | ३.१ |
| १० | भालुवाङ्ग अस्पताल | - | - | - |
| ११ | पाल्पा अस्पताल | ६.५ | ४.३ | ३.३ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | ०.१६ | २ | २ |
| १३ | प्यूठान अस्पताल | ३.२ | २.७ | २.७ |
| १४ | रामपुर अस्पताल | २.५ | २.३ | २.५ |
| १५ | रोल्पा अस्पताल | ३.३ | ३.२ | ३.१ |
| १६ | रुकुम पुर्व अस्पताल | ३ | २ | ३ |
| १७ | चिसापानी अस्पताल | ३ | १.३ | २.४ |
| १८ | लमही अस्पताल | ०.७७ | ०.७१ | १.३ |
| १९ | शिवराज अस्पताल | - | - | - |
| २० | पिपरा अस्पताल | ०.८५ | ०.८३ | १.१ |

*श्रोत:HMIS/DHIS2*

लुम्बिनी प्रदेशका अस्पतालहरुमा भर्ना भएका विरामीहरुको सेवा लिंदा हुने औषत बसाइ हेर्दा आ.ब. २०७९/८० मा १.७९ दिन छ भने आ.ब. २०८०/८१ मा १.९० दिन रहेको छ जुन बढ्दो क्रममा देखिन्छ ।अस्पतालहरुलाई हेर्दा अत्याधीक लुम्बिनी प्रादेशिक अस्पताल ५ दिन छ भने न्यून पृथ्वी चन्द्र अस्पतालमा २ दिन रहेको छ ।

**तालिका १३: आकस्मिक सेवा:**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | २८९९० | १९०१९ | १६४५५ |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | १५९७६ | १४३६३ | १३६८२ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | ५३६६५ | ४४७७६ | ४९०८७ |

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| ४ | राप्ति प्रादेशिक अस्पताल | ४०६४५ | ७५८५ | ८८९१ |
| ५ | अर्घाखाँची अस्पताल | ९१०६ | ६९१० | ७४१४ |
| ६ | बर्दिया अस्पताल | ९९९१ | ७९९२ | ८३०४ |
| ७ | भीम अस्पताल | ३८७४ | ८०९५ | १०६२४ |
| ८ | गुल्मी अस्पताल | ११५९२ | ८२७० | ७०२० |
| ९ | कपिलबस्तु अस्पताल | १४१६० | ११९८८ | ११६१८ |
| १० | भालुवाङ्ग अस्पताल | - | - | - |
| ११ | पाल्पा अस्पताल | १६११ | १९३५ | ३४१७ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | ७४०५ | ७३४४ | ८०४६ |
| १३ | प्यूठान अस्पताल | ७७२३ | ४६३५ | ४६७१ |
| १४ | रामपुर अस्पताल | ७७०४ | ६९४९ | ८९६८ |
| १५ | रोल्पा अस्पताल | ६५४६ | ४२९१ | ३३६५ |
| १६ | रुकुम पुर्व अस्पताल | ७०७ | ७९२ | ११३४ |
| १७ | चिसापानी अस्पताल | ५५९५ | २४३७ | २८३६ |
| १८ | लमही अस्पताल | ४२१८ | ४३४२ | ५६३३ |
| १९ | शिवराज अस्पताल | २२५७ | १०१० | १९७१ |
| २० | पिपरा अस्पताल | २१६५ | १७०६ | १७०६ |

*श्रोतःHMIS/DHIS2*

आ.ब. २०७९/८० (२५१०९१) को तुलनामा सा.व.२०८०/८१(२६४१०४) आकस्मीक सेवाको सेवाग्राही संख्या बढ्दो क्रममा छ र जम्मा सेवाग्राही संख्याको अनुपातमा हेर्दा आकस्मीक सेवा लिने नया सेवाग्राही १५.१९% रहेका छन।

*श्रोतःHMIS/DHIS2*

**तालिका १५ः ठूला सर्जरी**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | २४७३ | २८४७ | ३२०२ |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | २०३० | ३१५९ | २८३५ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | ७०६१ | ८०५३ | ७६६२ |
| ४ | राप्ति प्रादेशिक अस्पताल | ७३६ | १७६१ | २५८३ |
| ५ | अर्घाखाँची अस्पताल | २३ | ८५ | ८२ |
| ६ | बर्दिया अस्पताल | ३५२ | ६५८ | ७५२ |
| ७ | भीम अस्पताल | ११२५ | १०११ | १५०२ |
| ८ | गुल्मी अस्पताल | २२८ | ४९३ | २४७ |

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| ९ | कपिलबस्तु अस्पताल | ६८४ | ७९६ | ६४८ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | ३४० | ३६८ | ४१७ |
| १३ | प्यूठान अस्पताल | ४३० | ४०३ | ५८६ |
| १४ | रामपुर अस्पताल | १४ | १०३ | ९८ |
| १५ | रोल्पा अस्पताल | ५४ | १५० | १३५ |
| १६ | रुकुम पुर्व अस्पताल | ० | ३ | ४९ |
| १८ | लमही अस्पताल | ७ | ७६ | ११५ |
| | जम्मा | १५५५७ | १९९६६ | २०९१३ |

*श्रोतःHMIS/DHIS2*

कुल २०९१३ ठुला सर्जरी मध्ये २८३० अकस्मिक सेवा तर्फ र १८५८५ जनाले अंतरङ्ग तर्फबाट ठुला सर्जरी सेवा लिएको देखिन्छ । सेकेन्डरी ए मध्य पाल्पा अस्पताल र भालुवाङ अस्पतालमा ठुला सर्जरीहरुको ब्यवस्था छैन भने लमही प्राथमिक अस्पतालमामात्र यो सेवा सुचारु छ ।

**तालिका १६: साना सर्जरी**

| क्र.स. | अस्पतालहरु | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
|---|---|---|---|---|
| १ | भेरी अस्पताल | ६५६ | ४१६ | ५८६ |
| २ | राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | ८४४ | ११४० | १५७० |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | १८४२ | १५७९ | १६०१ |
| ४ | राप्ति प्रादेशिक अस्पताल | ३१४५ | ४२६८ | ५८३९ |
| ५ | अर्घाखाँची अस्पताल | ४३७ | २७० | ११५ |
| ६ | बर्दिया अस्पताल | ३२३ | ५३५ | ८३८ |
| ७ | भीम अस्पताल | १२२५ | २२५६ | २५८६ |
| ८ | गुल्मी अस्पताल | १२८४ | १२९१ | १४४९ |
| ९ | कपिलबस्तु अस्पताल | १४७९ | २७८७ | ८३५ |
| १० | भालुवाङ्ग अस्पताल | - | - | - |
| ११ | पाल्पा अस्पताल | ५१२ | ४८६ | १७२ |
| १२ | पृथ्वी चन्द्र अस्पताल | १६४ | १६०० | १४१४ |
| १३ | प्यूठान अस्पताल | १०८८ | ७४४ | ९१४ |
| १४ | रामपुर अस्पताल | ९३ | २९६ | ३७ |
